मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची



स्थानीय निकायले पाएको वित्तीय अधिकार पनि स्थानीय तहलाई नदिने प्रपञ्च रचिँदैछ

– डा. खिमलाल देवकोटा

संचेतना द्वैमासिक पूर्णाङ्क ८२ साउन २०७४




मूल्य : रू. २०।-

## स्थानीय तहको निर्वाचन २०७४ र यसको सन्देश

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



### सुविधाहरू

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org


**मानवका लागि मानव अधिकार**

**मानव अधिकारका लागि उपयुक्त संस्कृति**

# प्राची

## संचेतना द्वैमासिक

**वर्ष २१ पूर्णाङ्क ९२ साउन २०७४**




संस्थापक
**सुशील-प्राकाश**

सल्लाहकार
**सुबोधराज प्याकुरेल**
**विजयराज गौतम**

सम्पादक
**मदन पौडेल**

व्यवस्थापन
**शैलेश शर्मा**

मुद्रक
**ड्रिम ग्राफिक्स प्रेस**
**काठमाडौँ**


- स्थानीय तहको निर्वाचन २०७४ ......../ प्रा. डा. रामकुमार दाहाल ७
- स्थानीय तह निर्वाचन पर्यवेक्षणका अनुभूतिहरू/ कृष्णराज सर्वहारी १६
- गरिबी र मानव अधिकार/ अधिवक्ता, टिकाध्वज खड्का २०
- कथित बोक्सा/बोक्सी प्रथा र कानुनी व्यवस्था/ सुमित्रा भट्टराई २५
- कानुनी शासनको सवलीकरणका .../ अधिवक्ता, वसन्त गौतम २८
- कि न्याय देऊ, कि मृत्यु/ रमेशप्रसाद तिमल्सिना ३०
- कथा : उमङग रहित उत्सव/ आत्माराम शर्मा पुडासैनी ३२
- पुस्तक समीक्षा/ गीता माली ३४
- अन्तर्वार्ता/ डा. खिमलाल देवकोटा ३५

**नियमित स्तम्भ**

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

## यथावत



काङ्ग्रेससँग सती गएर चुनाव जितिँदैन । चुनाव जित्न एमालेसँग सहकार्य गर्नुपर्छ ।

**केपी ओली**
अध्यक्ष, नेकपा एमाले
नागरिक दैनिक ४ साउन २०७४




आजको जमाना मार्केटिङको छ । चामल बासमती नै हुँदा पनि हामीले बेच्न सकेनौँ ।

**पुष्पकमल दाहाल**
अध्यक्ष, नेकपा (माओवादी केन्द्र)
नयाँ पत्रिका दैनिक ४ साउन २०७४

एमाले मधेस विरोधी देखिँदा हाम्रो आक्रोश एमालेतिर थियो, अहिले यसलाई काङ्ग्रेसले प्रयोग गर्न थालेको देखियो ।

**महन्थ ठाकुर**
अध्यक्ष, राजपा
कान्तिपुर दैनिक २८ असार २०७४





संविधान संशोधनमा एमालेले समर्थन नगर्ने र दुई तिहाइ पनि नपुग्ने भएपछि उक्त संशोधन प्रस्ताव अगाडि नबढ्ने भो ।

**विमलेन्द्र निधि**
नेता, नेपाली काङ्ग्रेस
सौर्य दैनिक २८ असार २०७४

## कार्टून




**साभार** : http://www.barhakhari.com
राजेश के.सी.

**प्रिय पाठक !**

तपाईंलाई प्राचीको यो अङ्क
कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने
तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

**सम्पादक**

# स्थानीय तहको अधिकार कटौतीको प्रयास

नेपालको संविधानअन्तर्गत सङ्घीय व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भ दुई चरणमा भएका स्थानीय तहको निर्वाचनले नेपालमा लोकतन्त्रको संस्थागत विकास गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आमअपेक्षा रहेको छ। असोज दुई गतेका लागि घोषित प्रदेश नम्बर दुईका आठ जिल्लाहरूमा निर्वाचन सम्पन्न गर्न नेपाल सरकार, निर्वाचन आयोग, केन्द्रीय स्तरका राजनीतिक दलहरू, मधेसवादी दलहरू, क्षेत्र नम्बर दुईका मतदाता, नागरिक समाज, सञ्चारमाध्यम, बुद्धिजीवी र सरोकारवाला सबैले पहल गर्नुपर्ने हुन्छ। यसअघि निर्वाचित स्थानीय तहका पदाधिकारीहरूले पनि वर्तमान संवैधानिक मर्म, मूल्य र मान्यताअनुसार संविधानको कार्यान्वयन गर्ने दिशातर्फ आफ्नो ध्यान केन्द्रित गर्नु जरुरी छ।

स्थानीय तहसम्बन्धी संवैधानिक व्यवस्था अनुकूल ऐन नियमलाई सम्मान गर्दै जनआकाङ्क्षा र जनचाहनाअनुसार निर्वाचित प्रतिनिधिहरूले जनताका सेवामा जुट्नुपर्ने र आफ्ना मतदाताका पक्षमा काम गर्नुपर्ने समय यही नै हो। स्थानीय लोकतन्त्रलाई संस्थागत र मजबुत गर्ने दिशामा उनीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बेला आएको छ। केन्द्रीय सरकारले पनि परम्परागत र व्यक्तिगत सोचबाट माथि उठी स्थानीय तहलाई मजबुत बनाउनुपर्ने र ठोस पहल गर्नुपर्ने समय यही नै हो।

लामो समयसम्म नभएको स्थानीय तहको निर्वाचनमा जनताले जुन उत्साहका साथ मतदान गरे त्यसको एउटै कारण विकास, निर्माण र समृद्धितर्फको उत्कट अभिलाषा नै हो। १५ वर्ष भन्दा बढी समय कर्मचारी र दलीय भागबण्डाका आधारमा स्थानीय निकाय सञ्चालित भयो। कर्मचारीतन्त्र र दलीय भागबण्डाका कारण विकास निर्माणका काम ठप्प भए भने जनअपेक्षामा तुषारापात हुन मद्धत पुग्यो। यो सबै बेथितिबाट वाक्क भएका नेपाली जनता समृद्धि र विकासका लागि प्रतीक्षारत छन् जसको परिपूर्ति स्थानीय सरकारका प्रतिनिधिले गर्नुपर्ने हुन्छ। स्थानीय तहका प्रतिनिधिले जनअपेक्षाअनुसार कार्य गर्न सकेनन् भने जनतामा आउने वितृष्णाले भर्खरै प्राप्त सङ्घीय लोकतान्त्रिक व्यवस्थाप्रति नै अविश्वास प्रकट हुनसक्छ भन्नेतर्फ ध्यान जानु जरुरी छ।

नेपालको संविधानको कार्यान्वयनको एउटा खुड्किलोका रूपमा हालै सम्पन्न भएको स्थानीय तहको निर्वाचनलाई लिन सकिन्छ। संविधान कार्यान्वयनको दिशातर्फ बढेको भनिएको स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिका नाममा सरकारी निकायहरूले निर्देशनात्मक आदेशहरू जारी गर्ने क्रम रोकिएको छैन। यस्ता आदेशहरू स्थानीय तहको अधिकारहरू कटौती गर्न उद्यत रहेको जनप्रतिनिधिहरूले बताउने गरेका छन्। केही स्थानीय तहले गरेका निर्णयहरू आलोचित पनि भएका छन्। आफ्नो तलब भत्ता आफैँ तोक्ने, सवारी साधन खरिदको निर्णय गर्ने, मोटरबाटो नै नपुगेका ठाउँका जनप्रतिनिधिलाई मोटरसाइकल खरिद गर्ने निर्णय गर्ने, कामकाजको भाषाका सम्बन्धमा निर्णय गर्ने जस्ता विषय पक्कै पनि लोकप्रिय हुन सक्दैनन्। स्थानीय सरकारलाई सशक्त र प्रभावशाली बनाउने क्रममा उनीहरूले गरेका निर्णयविरुद्ध प्रारम्भमै सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा निर्देशन पठाइ नियन्त्रणको प्रयास गरिएको छ। जनप्रतिनिधिले आफ्ना मतदातालाई जनतालाई खुशी पार्ने उद्देश्यले केही लोकप्रिय निर्णयहरू पनि गरे जुन निर्णयहरू विद्यमान सरकारी प्रक्रिया मिचेर गरेको मन्त्रालयको ठहर गरेको छ।

सङ्घीय संरचनामा मुलुकको साधन र स्रोतको न्यायोचित बाँडफाँड लगायतका कार्य गर्न संवैधानिक अङ्गकारूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिकल्पना संविधानले गरेको छ। प्राकृतिक स्रोत र वित्त आयोगले दुई भिन्नाभिन्नै प्रकृतिको काम गर्नुपर्ने हुन्छ। हाल व्यवस्थापिका संसद्मा प्रस्तुत गरिएका यो आयोगका लागि आवश्यक पर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकले स्थानीय तहको अधिकार कटौती गर्ने आम आकलन रहेको छ।

स्थानीय तह सङ्घ प्रदेशकै हैसियतका संविधानबाटै स्थापित अङ्ग हुन्। यसैले यिनको अधिकार कसैले दिने वा खोस्ने गर्न सक्तैन। नेपालको संविधान, २०७२ को धारा २१४ ले संविधानको अनुसूची – ८ र ९ मा उल्लेख भएका विषयमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहीत रहने किटान गरेको छ। सोही धाराको उपधारा (५) मा अधिकारपत्रको प्रमाणीकरणको व्यवस्था गरेको छ। यसैगरी, संविधानको धारा २१८ मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य सञ्चालन शीर्षकमा लेखिएको छ। गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावलीबमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुनेछ। आफ्नो कार्य सम्पादन र सञ्चालनका लागि सङ्घीय सरकारले जस्तै आफैँले स्थानीय तहले नियम बनाउन सक्छन्। अहिले यो गर र यो नगर भन्दै सरकारले जारी गरेको निर्देशिका स्वीकार गर्नुपर्दैन। कर्मचारीले बनाएर जारी गरेका निर्देशिका नेपालको संविधान, २०७२ को अक्षर र भावनाविरुद्ध छन्। निर्वाचित प्रतिनिधिले संविधानले दिएको अधिकार तजबिजमा प्रयोग गर्न पाउँदैनन् र कानुन, नियम बनाएर त्यसैअनुसार आफ्नो अधिकार प्रयोग गर्नुपर्छ। सरकारको राजनीतिक नेतृत्व र संसद् पनि स्थानीय तहलाई संविधान प्रदत्त अधिकार प्रयोग गर्नबाट रोक्ने दुर्नियतबाट प्रेरित छैन भने देशको हितमा निर्णय गर्ने उत्तम अवसर यही नै हो।

# प्रकाश मानव अधिकार पुरस्कारले रोजेको एघारौं व्यक्तित्व

– कुन्दन अर्याल

प्रेस स्वतन्त्रता सेनानी रामबहादुर चन्द 'प्रकाश मानव अधिकार पुरस्कार' प्राप्त गर्ने एघारौं व्यक्तित्व हुनुहुन्छ। सामाजिक जागरणको प्रसार गर्ने अभीष्टका साथ उहाँ पत्रकारितामा समाहित हुनु भएको थियो। उहाँको यात्रा जारी छ। स्वर्गीय प्रकाश काफ्लेले पनि आफ्नो सार्वजनिक जीवनको शुरुवात पत्रकारिताबाटै गर्नु भएको थियो। छयालीस साल अघि उहाँलाई प्रकाश र साप्ताहिक खबरको सम्पादकका रूपमा पनि चिनिने गरिन्थ्यो। प्रकाश कुनै बेला नेपाल पत्रकार महासङ्घको पूर्व रूप नेपाल पत्रकार सङ्घको केन्द्रीय सदस्य पनि हुनुहुन्थ्यो।

प्रकाश काफ्लेका निम्ति पत्रकारिता सामाजिक जागरणको प्रसार गर्ने माध्यम थियो। उहाँका निम्ति पत्रकारिता सामाजिक न्यायको प्राप्तिका निम्ति सङ्घर्षको मोर्चा थियो। रामबहादुर चन्द र प्रकाश काफ्ले दुवैको ध्येयमा समानता छ। त्यसैले यसपटक अथक मानव अधिकार योद्धा प्रकाशको स्मृतिमा रामबहादुर चन्द जस्तो पात्रको चयन भएको हो। आजको विषम र अभिव्यक्ति स्वतन्त्रताउपर निरङ्कुशताको प्रहार भएको सन्दर्भमा उहाँलाई सम्मानित गरेर इन्सेकले निरङ्कुशता विरोधी अभिमतप्रति सम्मान दर्शाएको छ।

प्रकाश काफ्लेको गतिवान मानव अधिकार यात्रा ०४९ साउन १६ गते अकस्मात रोकिएको थियो। तर उहाँको सोच र स्वप्नलाई नेपालको मानव अधिकार अभियानले निरन्तर अघि बढाइरहेको छ। उहाँको स्मृति नेपालको मानव अधिकार अभियानमा आज पनि उत्तिकै गाढा छ। उहाँ समेतको पहलमा स्थापित इन्सेकले ०५१ सालमा उहाँकै स्मृतिमा प्रकाश मानव अधिकार पुरस्कारको स्थापना गरेको थियो। उहाँले जुन न्यायमुखी बाटो रोज्नु भएको थियो, त्यही बाटोमा अघि बढिरहेका मानवअधिकार रक्षकहरूलाई सम्मानित गर्ने परम्परा एघार वर्षदेखि निरन्तर छ।

प्रकाश मानव अधिकार पुरस्कार मानव अधिकार रक्षकप्रति मानव अधिकार अभियानले व्यक्त गर्ने सम्मान हो। एउटा समर्पित न्यायमुखी व्यक्ति सदैव मानव अधिकार रक्षक हुन्छ। मानव अधिकार रक्षाको प्रयत्न विविध पेशा, व्यवसाय वा समाजका विभिन्न क्षेत्रबाट गर्न सकिन्छ। पहिलो पटक यो पुरस्कारद्वारा सम्मानित विनयकुमार कसजूको पत्रकारिताको माध्यमबाट आधारभूत तहका जनतालाई अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्न अभिप्रेरित गर्ने प्रयत्नको कदर गरिएको थियो। यो पुरस्कारबाट सम्मानित हुने दयावीर सिंह कंसाकार र गजेन्द्रबहादुर बस्नेत निस्वार्थ समाजसेवामा जीवनपर्यन्त समर्पित रहनु भयो।


समयक्रममा दलितदेखि महिला र मानव अधिकार आन्दोलनमा समर्पित व्यक्तित्वहरू यो पुरस्कारबाट सम्मानित हुनु भयो। खासगरी, राजधानीका सभा सम्मेलनहरू मार्फत आफ्ना विचारहरू अभिव्यक्त गर्ने मौका पाउने प्रतिभाशालीहरूको पहिचान त्यति गाह्रो काम होइन। पत्रपत्रिकामा छाउने त्यस्ता व्यक्तित्वहरू सम्मानका पात्र हुन् भन्ने थाहा पाउन सहजै सकिन्छ। तर राजधानीभन्दा टाढा आफ्ना गाउँ-ठाउँमा प्रशस्त सक्रिय रहे पनि राष्ट्रिय रूपमा चिनिन नपाएका व्यक्तित्वहरू पनि हुन्छन्। आमसञ्चारको दृष्टिमा नपरेका समर्पित सामाजिक व्यक्तित्वहरू पनि हुन्छन्। प्रकाश मानव अधिकार पुरस्कारले मुलतः यस्तै व्यक्तित्वहरुलाई समेट्दै आएको छ।

उनासी वर्षको उमेरमा पनि रामबहादुर चन्द पत्रकारिताको अथक यात्रामा संलग्न हुनुहुन्छ। सबै अधिकारहरूको कुँजी अभिव्यक्ति स्वतन्त्रताद्वारा सामाजिक न्यायको मूलद्वार उघार्न तल्लीन हुनुहुन्छ- चन्द। उहाँको जीवनको मोडमा राजनीतिले पनि ठाउँ पायो। समयक्रममा उहाँ सुदूरपश्चिममै पत्रकारिताको शुरुवात गर्ने पत्रकारका रूपमा स्थापित हुनु भयो। तर उहाँको जीवनको ध्येय चुनावमा लड्दा होस् वा पत्रकारिता गर्दा सधैं उही छ, सामाजिक न्याय र स्वतन्त्रता।

प्रकाश काफ्लेले हिजो परिकल्पना गर्नुभएको थियो- लोकतान्त्रिक समाज, मानव अधिकारको संरक्षण र सम्बर्द्धन अनि सामाजिक न्यायको स्थापना। फेरि एकपटक आज नेपाली जनताले पाइसकेको लोकतन्त्र पनि गुमाउनु परेको छ। यो सङ्कटको घडीमा रामबहादुर चन्द मानव अधिकार र त्यसका निम्ति लोकतन्त्रको आन्दोलनका लागि प्रेरणाको स्रोत हुनुहुन्छ। त्यसैले अथक मानव अधिकार योद्धाको स्मृतिमा अर्का अविश्रान्त प्रेस स्वतन्त्रता सेनानीको सम्मानबाट मानव अधिकार अभियान साँच्चै गौरवान्वित भएको छ।

*(साभार : प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ५५, साउन २०६२)*

# नागरिक अधिकारको उपभोग



सुबोधराज प्याकुरेल

**सबै लोकतान्त्रिक देशहरूले घरेलु कानुन बनाउँदा आफू पक्षधर भएको अथवा नभएको भएता पनि विश्वव्यापी कानुनलाई मध्यनजर गरेर कानुन निर्माण गरेको पाइन्छ। कतिपय अन्तर्राष्ट्रिय कानुनहरू अर्को देशमा समेत अभियोजन गर्न सकिने प्रकारका छन्। जस्तै कुनै एउटा मुलुकमा यातना विरुद्धको महासन्धिको प्रतिकूल अपराध गर्नेलाई त्यो महासन्धिको कुनै अर्को पक्ष राष्ट्रले आफ्नो देशमा पनि अभियोजन गर्न सक्छ।**

नागरिकका अधिकारको सुनिश्चितता गर्न मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ जारी गरिएको हो। नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सुनिश्चित गर्नका लागि त्यसको प्राप्तिका मार्ग सहज गर्न र उपभोगमा भेदभाव नहुने कुराको व्यवस्थापन गर्न यी दुवै खाले अधिकारका बारेमा दुई महासन्धि संयुक्त राष्ट्रसङ्घमार्फत विश्वले जारी गऱ्यो। त्यसपछि वर्ग विशेषलाई बढी केन्द्रित गर्नुपर्ने अर्थमा महिला अधिकार, बाल अधिकार र पीडित विशेषलाई ध्यान दिनुपर्ने अर्थमा यातना विरुद्धको महासन्धि जस्ता अनेक महासन्धिहरू जारी गरिए। यी कुनै पनि सन्धिहरू उल्लङ्घन गर्न नपाइने विश्वव्यापी कानुन हुन्। सबै लोकतान्त्रिक देशहरूले घरेलु कानुन बनाउँदा आफू पक्षधर भएको अथवा नभएको भएता पनि विश्वव्यापी कानुनलाई मध्यनजर गरेर कानुन निर्माण गरेको पाइन्छ। कतिपय अन्तर्राष्ट्रिय कानुनहरू अर्को देशमा समेत अभियोजन गर्न सकिने प्रकारका छन्। जस्तै कुनै एउटा मुलुकमा यातना विरुद्धको महासन्धिको प्रतिकूल अपराध गर्नेलाई त्यो महासन्धिको कुनै अर्को पक्ष राष्ट्रले आफ्नो देशमा पनि अभियोजन गर्न सक्छ। मानव अधिकारसम्बन्धी सम्पूर्ण सन्धिहरू निरन्तरता र अभिभाज्यताको सिद्धान्तको अनुकूल लेखिएका छन्। सबै महासन्धिहरूको स्रोत विश्व घोषणापत्र नै हो, सबै कानुनको स्रोत संविधान भए जस्तै।

यतिबेला अधिकारको आन्दोलनले विश्व आक्रान्त भएको छ। विभिन्न अधिकारमुखी आन्दोलनका कारण देशहरूमा समावेशी चरित्रको विकास पनि भएको छ। सामाजिक न्यायका मामिलामा विभिन्न प्रकारका कानुन नीति र कार्यक्रमहरू बनेका पनि छन्। तर मानव अधिकारको वास्तविक परिभाषा अनुरूप भएका छन् कि तत्कालका लागि एउटा समूहलाई चित्त बुझाएर अर्को समूहलाई बेवास्ता हुने प्रक्रिया स्थापित हुन गएको छ ? यी यस्ता विषय हुन् जसलाई गम्भीरतापूर्वक फल प्राप्त गर्ने वा नगर्ने सबैले आमनागरिकको हितार्थ सोचेनन् भने भविष्यमा अर्को समस्या थपिन सक्छ। किनकी उही नारा अर्को समूहले पनि उठाउने नैतिक राजनीतिक अधिकार राख्छ।

मानव अधिकारसम्बन्धी विश्व परिभाषाको जननी अथवा मानव अधिकारको संविधान भनेको विश्वव्यापी घोषणापत्र नै हो भनेर माथि नै भनियो। तर, उक्त घोषणापत्रको दफा २९ जसले मानिसले अधिकारको प्रयोग आफ्नो समुदाय, समाजको हितको अनुकूल हुनेगरी मात्र गर्नुपर्छ भन्छ त्यस बारेमा चर्चा चल्दै चल्दैन। अभिव्यक्तिको स्वतन्त्रताका पक्षमा नागरिक तथा राजनीतिक अधिकारको महासन्धिको दफा १९ अनुसार प्रशस्त आवाज उठाउने गरिन्छ तर त्यही सन्धिको उही दफाको (३) (क) र (ख) ले प्रष्ट उल्लेख गरेको विशेष कर्तव्य तथा उत्तरदायित्वका बारेमा बिरलै चर्चा हुने गर्छ। अरूको अधिकार, प्रतिष्ठा, राष्ट्रिय सुरक्षा र नैतिकताको संरक्षण जस्ता कुरा मानव अधिकारका सबै अन्तर्राष्ट्रिय कानुनले गम्भीरतापूर्वक परिपालना गर्नुपर्ने दायित्वका रूपमा आमनागरिक र राज्यलाई सुम्पेको छ। नेपालको संविधानको मौलिक हकसम्बन्धी भाग (३) को दफा ४८ ले नागरिकका कर्तव्यका बारेमा ४ वटा बुँदामा उल्लेख गरेको छ (क) राष्ट्रप्रति निष्ठा (ख) संविधान कानुनको परिपालना (ग) अनिवार्य सेवा र (घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण। कसैलाई कुनै कुरा मन नपर्न सक्छ। तर त्यसको उपचार खोज्ने विधि संविधान भित्रै खोज्नु पर्छ। यसैलाई भनिन्छ विधिको शासन। विधिको शासन नहुँदा अराजकता उत्पन्न हुन्छ। नियतवस नागरिकको अधिकार खोसिएको अवस्थामा बाहेक सार्वजनिक

**हाम्रो देशको मानव विकास प्रतिवेदन संयुक्त राष्ट्रसङ्घले बनाइदिने गरेको छ। हाम्रो देश सुहाउँदो राष्ट्रिय मापदण्ड बनाएर तदनुरूप नागरिकको हैसियतको वर्गीकरण गर्ने, त्यसलाई निरन्तर अनुगमन गर्दै परिमार्जन गर्ने र राज्यले गर्ने सहयोग र दिने सहुलियतको आधार व्यक्ति र परिवारको राष्ट्रिय मानव विकास मापदण्डलाई बनाउने कुरामा सबैको ध्यान जानु जरुरी छ। यसरी मात्र हामी आधुनिक युगको समाजका रूपमा विकसित हुनेछौँ। प्रगतिशील प्राप्तिसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताले पनि यही भन्छ। राजनीतिदेखि उत्पादनका हरेक क्षेत्रमा व्यक्तिको उत्पादकत्व नै आधुनिक मानवको पहिचान हो।**

---

विरोधलाई अन्तर्राष्ट्रिय कानुनले मान्यता दिन सक्दैन।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सामुदायिक जीवनशैली र संस्कृतिको सम्मान गरियोस् भनेर जारी गरेको आइएलओ महासन्धिको उपयोग आदिम अवस्थामा रहेकाहरूको विकास र संरक्षणका लागि भन्दा थर अनुसार दावी गर्नेहरूको राजनीतिक स्वार्थसिद्धिका पक्षधरतामा हुने गरेको छ। हाम्रो देशका जनजातिका रूपमा रहेका राउटे, प्रजा, चीडीमार जस्ता समुदायका मानिसहरूको जनसङ्ख्या निरन्तर घट्दो छ। गएको १५ वर्षमा करिब आधा भइसक्यो। उपचार, शिक्षा र आवास जस्ता सुविधाबाट वञ्चित यो समुदायलाई आधुनिक जीवन शैलीमा रूपान्तरण नगर्ने हो भने कतिपयको अस्तित्व सिद्धिने छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन नामैले भन्छ कि यो दैनिकी वा दिनचर्याको लागि गरिने श्रमसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठन हो। जनजातिलाई उपयुक्त र रोजाइ अनुसारको प्रतिस्थापन नगरी विकास निर्माणका नाममा विस्थापन गरिनु हुन्न। तर, कुनै एउटा ठाउँको रूप परिवर्तन गर्न रोकेर सम्पूर्ण देशको विकासमा बाधा भयो भने बाँकी जनताको विकासको अधिकारउपर अन्याय हुन जान्छ। वास्तवमा यो जीवनलाई आधुनिक ढाँचामा नढालुन्जेल उन्नति र सामाजिक न्यायबाट टाढा परिन्छ भन्ने चेतनाको प्रचार गर्न नसक्नाले आइपरेको समस्या हो। अरू समुदायले पाए सरह, विना भेदभाव क्षमता र अवसरमा पहुँच पुगेको नागरिक निर्माण गर्नु राज्यको जिम्मेवारीको कुरा हो।

---

**मानव अधिकारको वास्तविक परिभाषा अनुरूप भएका छन् कि तत्कालका लागि एउटा समूहलाई चित्त बुझाएर अर्को समूहलाई बेवास्ता हुने प्रक्रिया स्थापित हुन गएको छ ? यी यस्ता विषय हुन् जसलाई गम्भीरतापूर्वक फल प्राप्त गर्ने वा नगर्ने सबैले आमनागरिकको हितार्थ सोचेनन् भने भविष्यमा अर्को समस्या थपिन सक्छ। किनकी उही नारा अर्को समूहले पनि उठाउने नैतिक राजनीतिक अधिकार राख्छ।**

लोकतन्त्रमा हरेक नागरिक राज्य हुन्। किनकि उनीहरूले छानेको आफ्नो प्रतिनिधिमार्फत कानुन बनाउनेदेखि सरकार बनाउने, कार्यक्रम बनाउनेसम्मका कार्य सम्पन्न हुन्छ। अर्थात हरेक नागरिकले सामाजिक न्यायका दृष्टिकोणले आफ्नो व्यवहार निर्देशित गरेको र त्यसमा आफ्नो हैसियत अनुकूल योगदान दिएको हुनुपर्छ। जनजाति वा आदिवासी वा दलित व्यक्तिको पहिचान आर्थिक सामाजिक हैसियतले निर्धारण गर्ने सवाल हो। जन्मका आधारमा मात्र पहिचान खोज्दा वास्तविक उत्पीडितका नाममा राजकीय सुविधा उपर पहुँच भएकाहरूले फाइदा उठाउने गरेको कुरा जग जाहेर छ।

हाम्रो देशको मानव विकास प्रतिवेदन संयुक्त राष्ट्रसङ्घले बनाइदिने गरेको छ। हाम्रो देश सुहाउँदो राष्ट्रिय मापदण्ड बनाएर तदनुरूप नागरिकको हैसियतको वर्गीकरण गर्ने, त्यसलाई निरन्तर अनुगमन गर्दै परिमार्जन गर्ने र राज्यले गर्ने सहयोग र दिने सहुलियतको आधार व्यक्ति र परिवारको राष्ट्रिय मानव विकास मापदण्डलाई बनाउने कुरामा सबैको ध्यान जानु जरुरी छ। यसरी मात्र हामी आधुनिक युगको समाजका रूपमा विकसित हुनेछौँ। प्रगतिशील प्राप्तिसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताले पनि यही भन्छ। राजनीतिदेखि उत्पादनका हरेक क्षेत्रमा व्यक्तिको उत्पादकत्व नै आधुनिक मानवको पहिचान हो। नागरिकले पाउने अधिकारको उपभोग गर्न सुसूचित, सक्षम र जिम्मेवार नगरिकपनको विकास गर्नेतर्फ सामूहिक चिन्तनको विकास गर्नु अहिलेको मुख्य चुनौती रहेको छ। सार्वजनिक रूपमा आ–आफ्नो दावा प्रस्तुत गर्न सक्षम सबै नागरिकले अरूले पनि नागरिक अधिकारको प्रगतिशील उपभोग गर्न पाउन भन्ने तर्फ आ–आफ्नो युगिन दायित्व बुझ्नसके सबैले नागरिक अधिकारको उपभोग गर्ने सक्षमता प्राप्त गर्ने छन्।

आवरण



प्रा.डा. रामकुमार दाहाल[1]

# स्थानीय तहको निर्वाचन २०७४ र यसको सन्देश

गत वैशाख ३१ र असार १४ मा दुई चरणमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनले नेपालको लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरण गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि थप गरिदिएको छ भने जनतामा शान्तिपूर्ण निर्वाचन पश्चात नयाँ उमङ्ग, जोश र जाँगर उत्पन्न गराएको छ। निर्वाचित जनप्रतिनिधिहरू झन् उत्साहित भएका छन्।

यस लेखले हालै सम्पन्न भएका दुई चरणका स्थानीय निर्वाचनको विश्लेषण गर्ने भन्दा आगामी दिनमा जनप्रतिनिधिहरूले के के कार्य गर्नुपर्ने, मतदाताप्रति उनीहरूको दायित्व के कस्तो हुने, स्थानीय तहसम्बन्धी संवैधानिक व्यवस्था, उनीहरूका चुनौती र दायित्व, सरकारले गर्नुपर्ने कार्य जस्ता विाष्यमा चर्चा गरिनेछ।

**लोकतन्त्रमा आवधिक निर्वाचनको महत्त्व**

सार्वभौमसत्ता/राज्यको सर्वोच्च राजकीय सत्ता नेपाली जनतामा निहीत रहेको नेपालको संविधान २०७२ को वाक्यलाई मनन गर्दा आवधिक निर्वाचन नेपाली लोकतन्त्रको एक अपरिहार्य तत्वका रूपमा मान्न सकिन्छ। लोकतन्त्र र निर्वाचनका विशेषज्ञहरूले लोकतन्त्रलाई जनताको शासन, जनताद्वारा शासन र जनताका लागि शासन मात्र हो भने आवधिक निर्वाचन लोकतन्त्रका प्रमुख आधारस्तम्भ हुनुपर्ने धारणा अगाडि सारेका छन्। सजिलो भाषामा भन्ने हो भने जनता राज्यका सर्वोच्च शक्ति हुन्, उनीहरूकै इच्छानुसार उनीहरूले नै रूचाएका, चुनेका प्रतिनिधिहरूद्वारा मुलुक शासित हुनुपर्दछ। यस्तो निर्वाचन प्रत्येक चार/पाँच वर्षमा भइरहनुपर्छ र जनताको ताजा विचार लिइरहनुपर्छ र यसैअनुसार मुलुक शासित हुनु नै सही अर्थमा लोकतन्त्र हो। तर मतदान र प्रतिनिधित्वको प्रकारअनुसार यस्तो निर्वाचन पद्धति प्रत्यक्ष र अप्रत्यक्ष दुवै हुन सक्छ। लोकतन्त्र बहुमतको सरकार भएकाले निर्वाचनले मात्र कुन दल/समूह बहुमतमा छ र कुन अल्पमत भन्ने संवैधानिक/कानुन निर्क्योल गर्ने गर्दछ।




यदि निर्वाचन भएन भने त्यहाँको शासन लोकतान्त्रिक होइन निरङ्कुश तानाशाही हुने गर्दछ। जसमा जनताको कुनै हिस्सा हुँदैन। निर्वाचन राजनीतिज्ञ, नेतृत्व, कार्यकर्ता, जनता सबैका लागि आफ्नो शक्ति र तौल परीक्षण गर्ने एक प्रतिस्पर्धात्मक खेल मैदान भएका हुनाले कमजोर दल, नेतृत्व र समुदाय आफ्नो कम शक्ति प्रभाव भएका कारण सधैं निर्वाचनबाट तर्सिने गर्दछ। विभिन्न कृतिम बहानामा निर्वाचनको विरोध गर्दै निर्वाचन बहिष्कारको बाटोसमेत अवलम्बन गर्ने गर्दछ। त्यसैले आवधिक निर्वाचन सबैका लागि एक दरिलो प्रेरक तत्त्वकारूपमा समेत रहने गर्दछ। शासक वर्ग सधै जनताबाट भयभित र त्रसित हुने गर्दछन्। त्यसैले प्रत्येक चार/पाँच वर्षमा हुने आवधिक निर्वाचनले उनीहरूलाई जनताप्रति उत्तरदायी र जिम्मेवार (Accountable and responsible to the people) बनाउन बाध्य तुल्याउँछ र जनताका लागि विकास निर्माणका कार्य गर्न दबाब दिने गर्दछ। यस क्रममा उनीहरू आफ्ना निहित स्वार्थ पन्छाएर जनताका लागि कार्य गर्न विवश हुन्छन्। आवधिक निर्वाचन जनइच्छा व्यक्त गर्ने एक प्रभावकारी, कानुनी, व्यवहारिक र सशक्त माध्यम/साधन पनि हो। जित्ने दलले/उम्मेदवारले जनइच्छाअनुसार नै उनीहरूका लागि कार्य गर्ने र जननीति (Public policy) बनाउने गर्दछन्। लोकतन्त्रमा जनतालाई निर्वाचन गर्ने अधिकार प्रदान गरिएको छ। आवधिक निर्वाचन गरिएन भने जनताको अधिकार हनन् र कुण्ठित हुन पुग्दछ। निर्वाचन नहुने मुलुक यथार्थमा निरङ्कुश शासन नै बन्ने गर्दछ। त्यसैले लोकतन्त्रले जनताको उम्मेदवार छान्ने अधिकारलाई सधैं सम्मान गर्न जान्नु पर्छ। लोकतन्त्रले अल्पसङ्ख्यकको अधिकारलाई समेत सम्मान गर्न जान्नुपर्ने हुन्छ। निर्वाचन शासकको वैधता परीक्षण गर्ने (Test the legitimacy) एक महत्त्वपूर्ण कसी हो। लोकतन्त्रको आधारस्तम्भ हो। त्यसैले निर्वाचन सधै निष्पक्ष, धाँधलीरहित र स्वच्छ हुनुपर्ने हुन्छ।

कुनै पनि मुलुकको लोकतन्त्रलाई संस्थागत विकास गर्न र सुदृढीकरण गर्न, राजनीतिक स्थायित्व कायम गर्न र स्वतन्त्र एवम् निष्पक्ष निर्वाचन सम्पन्न गर्न निर्वाचन सञ्चालन गर्ने जिम्मा लिएको संवैधानिक

१. प्रा. डा. रामकुमार दाहाल, पूर्व विभागीय प्रमुख, राजनीतिशास्त्र, केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

अङ्ग निर्वाचन आयोग, प्रतिस्पर्धात्मक राजनीतिक खेलमा प्रतिस्पर्धा गर्ने राजनीतिक दल, कार्यकर्ता, दलका भातृ/भगिनी सङ्गठन र सम्पूर्ण मतदाता सबैको नै अहम् भूमिका हुने गर्दछ। राजनीति दलले निर्वाचनमा भाग लिने कि नलिने, लिए कुन रूपमा कहाँ कसरी, कुन रूपमा लिने र परिचालित हुने भन्नेसमेत निर्णय गर्नसक्ने हुनाले केन्द्रीय, प्रान्तीय र स्थानीय निर्वाचन सबैमा दलको अहम् भूमिका हुने गर्दछ। राजनीतिक दलले आफ्नो स्थान निर्वाचनमा के कस्तो हुन्छ (हार जित के हुन्छ) भन्ने कुरा भन्दा आवधिक निर्वाचन स्वतन्त्र सम्पन्न गराई मुलुकको लोकतन्त्रलाई सवल र सुदृढ बनाउन पहल गर्नुपर्ने हुन्छ।

**निर्वाचन बहिष्कार**

सामान्यतया निर्वाचन बहिष्कार भन्नाले दल/नागरिकको कुनै समूहले निर्वाचनमा सहभागिता नजनाउने र मतदानका समयमा अनुपस्थित रहने भन्ने अर्थ बुझाउँछ। कहिलेकाहीं निर्वाचनमा ठूलो प्रतिशत अनुपस्थित रहँदा निर्वाचनको वैधतामा समेत प्रश्नवाचक चिन्ह खडा हुन सक्छ। निर्वाचन विभिन्न कारणले बहिष्कार गर्ने गरेको देखिएको छ। आफ्नो दलको स्थिति कमजोर भएको अवस्थामा दलहरू अनेक कृत्रिम बहाना गरी निर्वाचन बहिष्कार गर्ने गर्दछन्। निर्वाचनमा धाँधली हुने, छलछाम हुने, निष्पक्षता नदेखिने जस्ता कारणले पनि यस्तो बहिष्कार गरेको पाइन्छ। लोकतन्त्रमा निर्वाचन बहिष्कार राम्रो कुरा मानिँदैन।

**स्थानीय निर्वाचनसम्बन्धी संवैधानिक व्यवस्था**

संवैधानिक व्यवस्थाअनुसार निर्वाचन आयोगले २०७४ वैशाख ३१ र असार १४ मा गरी दुई चरणमा दुई नम्बर प्रदेश बाहेकका ६ प्रदेशमा शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न गरिसकेको छ। सरकारी निर्णयअनुसार तेस्रो र अन्तिम चरणको निर्वाचन २०७४ असोज २ मा हुने भनिएको छ र निर्वाचन आयोग, सरकार र सरोकारवाला सबै कार्यको तयारीका लागि जुटेका छन्।

स्थानीय निर्वाचन २०७४ नेपालको संविधान २०७२ को कार्यान्वयन भएयताको र २० वर्षपछि भएको प्रथम स्थानीय निर्वाचन हो। दुई चरणमा गर्ने भनिएको (२०७४ वैशाख ३१ र असार १४) यो निर्वाचन प्रदेश नं. दुईको २०७४ असोजमा गर्ने भनी सारिएको निर्वाचन समेत तीन चरणमा हुने भएको छ।

**प्रथम र दोस्रो चरणको स्थानीय तहको निर्वाचन नतिजा**

प्रथम र दोस्रो चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनको नतिजालाई हेर्दा केन्द्रीय व्यवस्थापिका व्यवस्थापिका-संसद्को निर्वाचन परिणामभन्दा फरक नतिजा देखिएको छ। दुवै चरणका निर्वाचनको घोषित नतिजाले नेकपा(एमाले), नेपाली काँग्रेस, नेकपा(माओवादी) केन्द्र क्रमश: पहिलो, दोस्रो र तेस्रो स्थानीय शक्तिका रूपमा स्थापित हुन पुगेका छन्। निर्वाचनले केही दलको स्थिति अति कमजोर देखाएको छ। डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको नयाँ जनशक्ति

**नेपालको संविधान-२०७२ को धारा ४५(३) सँग सम्बन्धित प्रदेश, सम्बन्धित प्रदेशमा रहने जिल्ला र जनसङ्ख्या**

| प्रदेश नं. १ | प्रदेश नं. २ | प्रदेश नं. ३ | प्रदेश नं. ४ | प्रदेश नं. ५ | प्रदेश नं. ६ | प्रदेश नं. ७ |
|---|---|---|---|---|---|---|
| १. ताप्लेजुङ | १. सप्तरी | १. दोलखा | १. गोरखा | १. नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) | १. रूकुम (पश्चिम भाग) | १. बाजुरा |
| २. पाँचथर | २. सिराहा | २. रामेछाप | २. लमजुङ | २. रूपन्देही | २. सल्यान | २. बझाङ |
| ३. इलाम | ३. धनुषा | ३. सिन्धुली | ३. तनहुँ | ३. कपिलवस्तु | ३. डोल्पा | ३. डोटी |
| ४. संखुवासभा | ४. महोत्तरी | ४. काभ्रेपलाञ्चोक | ४. कास्की | ४. पाल्पा | ४. जुम्ला | ४. अछाम |
| ५. तेह्रथुम | ५. सर्लाही | ५. सिन्धुपाल्चोक | ५. मनाङ | ५. अर्घाखाँची | ५. मुगु | ५. दार्चुला |
| ६. धनकुटा | ६. रौतहट | ६. रसुवा | ६. मुस्ताङ | ६. गुल्मी | ६. हुम्ला | ६. बैतडी |
| ७. भोजपुर | ७. बारा | ७. नुवाकोट | ७. पर्वत | ७. रूकुम (पूर्वी भाग) | ७. कालीकोट | ७. डडेल्धुरा |
| ८. खोटाङ | ८. पर्सा | ८. धादिङ | ८. स्याङ्जा | ८. रोल्पा | ८. जाजरकोट | ८. कञ्चनपुर |
| ९. सोलुखुम्बु | | ९. चितवन | ९. म्याग्दी | ९. प्युठान | ९. दैलेख | ९. कैलाली |
| १०.ओखलढुङ्गा | | १०. मकवानपुर | १०. वाग्लुङ | १०. दाङ | १०. सुर्खेत | |
| ११. उदयपुर | | ११. भक्तपुर | ११. नवलपरासी (वर्दघाट सुस्तापूर्व) | ११. बाँके | | |
| १२. झापा | | १२. ललितपुर | | १२. बर्दिया | | |
| १३. मोरङ | | १३. काठमाडौं | | | | |
| १४. सुनसरी | | | | | | |
| जम्मा जनसङ्ख्या ४५,३४,९४३ | जनसङ्ख्या ५४,०४,१४५ | जम्मा जनसङ्ख्या ५५,२९,४५२ | जम्मा जनसङ्ख्या २४,१३,९०७ | जम्मा जनसङ्ख्या ४८,९९,०२५ | जम्मा जनसङ्ख्या ११,६८,५१५ | जम्मा जनसङ्ख्या २५,५२,५१७ |

स्रोत : *http://bit.ly/2vQICSD*

पार्टी, राप्रपा जस्ता दलहरूको स्थान अति नै कमजोर देखिएको छ। प्रदेश नं. दुईको निर्वाचन तेस्रो चरणमा हुने हुनाले मधेसवादी दलहरूको शक्ति परीक्षण हुन बाँकी नै छ।

**तेस्रो चरणको स्थानीय तहको निर्वाचन**

प्रदेश नम्बर एकका १४ जिल्ला, प्रदेश नं. ३ का १३ जिल्ला, प्रदेश नं. ४ का ११ जिल्ला, प्रदेश नम्बर ५ का १२ जिल्ला, प्रदेश नम्बर ६ का १० र प्रदेश नम्बर सातका नौ जिल्लाका गाउँपालिका र नगरपालिकाको निर्वाचन पहिलो र दोस्रो चरणमा शान्तिपूर्ण तरिकाबाट सम्पन्न भइसकेका छन्। तेस्रो चरणमा गर्ने भनी सरकारद्वारा सारिएको प्रदेश नम्बर दुईका आठ तराईका जिल्ला (१) सप्तरी, (२) सिराहा, (३) धनुषा, (४) महोत्तरी, (५) सर्लाही, (६) रौतहट, (७) बारा र (८) पर्सामा निर्वाचन हुन बाँकी छ। प्रदेश नम्बर दुईको बाँकी रहेको स्थानीय तहको निर्वाचन मधेसवादी दल, नेतृत्व, नेताहरूको सोचका कारण अनिश्चित नै बन्न पुगेको छ। निर्वाचन राजनीति अध्ययन गर्ने क्रममा मधेसवादी दलको निर्वाचनसम्बन्धी धारणा जान्नु आवश्यक भएकाले यसबारे यहाँ चर्चा गरिएको छ।

**मधेसवादी दल, नेतृत्व र तेस्रो चरणको स्थानीय तहको निर्वाचन**

२०७४ असोज २ मा गर्ने भनिएको स्थानीय तहको निर्वाचन बारे मधेसवादीहरू सबै सकारात्मक देखिँदैनन्। निर्वाचन २०७४ असोजमा गर्ने सरकारी निर्णय एकतर्फी रूपमा गरिएको र यसमा आफूहरूको सहमति नभएको र आफूहरूलाई नसोधिकन गरिएको गुनासो राष्ट्रिय जनता पार्टी (राजपा) का नेतृत्व राजेन्द्र महतो र महन्थ ठाकुरको रहेको छ। नेताद्वयले नेपालको संविधान २०७२ मा आफूहरूले चाहेजस्तो संशोधन नभएसम्म स्थानीय तहको निर्वाचनमा आफूहरू नजाने अडान पुन: दोहोऱ्याएका छन्। संविधान निर्माण गर्दाका तीन प्रमुख राजनीतिक शक्ति, काँग्रेस, एमाले र माओवादी केन्द्रले आफ्ना मागहरूप्रति सकारात्मक दृष्टिकोण नराखेको गुनासो उनीहरूको छ। राजपा नेता महतोले नेपालको संविधान २०७२ आफूहरूलाई अस्वीकार्य भएकाले निर्वाचनमा सहभागी भएर संविधानको समर्थन नगर्ने अडान उनले पुन: दोहोऱ्याएका छन्। राजपाको यो अडानलाई विश्लेषण गर्ने हो भने संविधानमा संशोधन नभएसम्म पार्टी निर्वाचनमा नजाने प्रष्ट देखिन्छ।

प्रदेश दुईको स्थानीय निर्वाचन बारे अध्ययन गर्दा केन्द्रीय नेतृत्वको दृष्टिकोण बुझ्नु आवश्यक हुन्छ। प्रधानमन्त्री देउवा र काँग्रेस नेतृत्व जसरी भए पनि तेस्रो चरणको निर्वाचन सम्पन्न गर्ने र यसका लागि मधेसवादी दलहरूलाई मनाउने धारणा राख्दछ। निर्वाचन आयोगले आफू यसका लागि सक्षम भएको धारणा व्यक्त गरेको छ। प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले एक अन्तर्वार्तामा राष्ट्र निर्वाचनका लागि अगाडि बढेकाले पछाडि फर्कने कुरै नभएको धारणा सार्वजनिक गरिसकेका छन्।[१] नेकपा माओवादी केन्द्र सरकारमा रहेका कारण काँग्रेसको भनाइमा सहमत देखिन्छ। व्यवस्थापिका संसदभित्रको दोस्रो ठूलो राजनीतिक शक्ति नेकपा (एमाले) संविधानमा संशोधन हुन नदिने अडानमा जुटेको छ। एमालेलाई पन्छाएर संविधान संशोधनका लागि आवश्यक पर्ने दुई तिहाइ बहुमत पुऱ्याउन सहज कार्य नभएकाले मधेसवादी दलहरूले आफ्नो अडान नत्यागे स्थानीय निर्वाचन त्यति सहज देखिँदैन।

प्रदेश नम्बर दुईको तेस्रो चरणको निर्वाचन सम्पन्न गराउन सरकार र निर्वाचन आयोग मात्र तयार भएर पुग्दैन। यसका लागि राजनीतिक दल विशेषत: मधेसवादी दलहरू निर्वाचनप्रति सकारात्मक हुनुपर्ने देखिन्छ। नागरिक समाज, दबाब र हित समूह, सञ्चारमाध्यम र बुद्धिजीवी सबैले मुलुकलाई निर्वाचनमय बनाउन पहल गर्नुपर्ने हुन्छ।

**स्थानीय तहका निर्वाचित पदाधिकारी र उनीहरूका भावी कार्यहरू**

स्थानीय तहका नवनिर्वाचित पदाधिकारीहरूले आफ्ना अधिकार कसरी प्रयोग गर्ने गर्दछन् र जनताप्रतिको कर्तव्य कसरी निर्वाह गर्ने गर्दछन् त्यसबारे अध्ययन गर्नुपूर्व वर्तमान संविधानले उनीहरूले के कस्ता अधिकार प्रदान गरेको छ र उत्तरदायित्व/जिम्मेवारीपन काँधमा राखिदिएको छ त्यसबारे प्रष्ट अध्ययन हुनु आवश्यक भएकाले यहाँ यसबारे चर्चा गरिएको छ।

**स्थानीय तहसम्बन्धी संवैधानिक व्यवस्था**

नेपालको संविधान २०७२ को भाग १७ स्थानीय कार्यपालिकाअन्तर्गत धारा २१४-२२० मा स्थानीय कार्यपालिकाका विषयमा चर्चा गरेको छ। जसअनुसार धारा २१४(३) ले "गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिारा गाउँकार्यपालिका र नगर कार्यपालिकाको हुने" कुरा उल्लेख गरिएको छ। संविधानको धारा २१८ ले "गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने" भन्ने कुराको चर्चा गरेर नियमावली बनाउने अधिकार प्रदान गरेको छ।

भाग १८ स्थानीय व्यवस्थापिका शीर्षकअन्तर्गत धारा २२१-२२७ मा स्थानीय व्यवस्थापिकासम्बन्धी व्यवस्था गरिएको छ। धारा २२१ मा स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँसभा र नगरसभामा निहित रहने कुराको चर्चा गरेको छ। धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूची ८ र ९ बमोजिमका सूचीमा उल्लेखित विषयमा आवश्यक कानुन बनाउनसक्ने कुराको चर्चा गरेको छ।

१९ वर्षसम्म स्थानीय निकायको निर्वाचन नभएको र यस्तो निर्वाचन नगरी निरङ्कुश तरिकाले शासन गर्ने केन्द्रीय नेतृत्वको सङ्कीर्ण सोचले गर्दा जनताका आकाङ्क्षाहरू निरासामा परिणत हुन पुगेका छन्। यस्तो परिस्थिति र उत्साह उमङ्ग जोशका साथ निर्वाचित पदाधिकारीहरूले कसरी कार्य गर्न सक्छन् भन्ने विषयमा अध्ययन गर्नु पूर्व यससम्बन्धी संवैधानिक, कानुनी व्यवस्था अध्ययन गर्नु जरुरी हुन्छ। कहीं संविधान र कानुनले नै निर्वाचित जनप्रतिनिधिको हात त बाँधेको छैन ?

---

१. प्राची, पूर्णाङ्क ९१, चैत २०७३, पेज ३५-३६

यसबारे अध्ययन गर्नु आवश्यक भएकाले यहाँ नेपालको संविधान २०७२ का सम्बन्धित व्यवस्थाबारे चर्चा गरिएको छ।

२०६२-६३ को आन्दोलनको पृष्ठभूमिमा घोषित नेपालको अन्तरिम संविधान, २०६३ र जनताको बढ्दो आकांक्षाको पृष्ठभूमिका दोस्रो संविधानसभाद्वारा घोषित नेपालको संविधान २०७२ को प्रस्तावनाले सार्वभौम नेपाली जनताका लागि कार्य गर्नुपर्ने दायित्व स्थानीय सरकारका निर्वाचित पदाधिकारीको काँधमा पनि राखिदिएको छ।

**स्थानीय तहका काम, कर्तव्य र अधिकार**

स्थानीय निर्वाचित पदाधिकारीहरूले भावी दिनमा जनताका लागि कार्य स्थानीय तहले संविधानत: र कानुनी व्यवस्थाअनुसार प्राप्त गरेका काम, कर्तव्य र अधिकार आदिबारे प्रष्ट जानकारी राख्नु आवश्यक हुन जाने हुन्छ र सोहीअनुसार स्थानीय तहमा कार्य गर्नुपर्ने हुन्छ।

नेपालको संविधान २०७२ ले केन्द्रीय प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकारको व्यवस्था गरेको छ र यिनीहरूको अधिकार र क्षेत्राधिकारको बाँडफाँड र विभाजन गरेको छ। वर्तमान संवैधानिक व्यवस्थाअनुसार स्थानीय तह (यस संविधान घोषणा पूर्व स्थानीय निकाय भनिएकोमा वर्तमान संविधानले यसलाई स्थानीय तहमा रूपान्तरित गरेको छ। स्थानीय विकास मन्त्रालयले वडाले प्रयोग गर्ने ३७ अधिकारको सूची प्रकाशित गरेको छ। स्थानीय तह सञ्चालनसम्बन्धी आदेश २०७४ ले यिनीहरूलाई कार्य गर्न सहज बनाइदिएको छ।

**स्थानीय तहको अधिकारको सूची**

नेपालको संविधान २०७२ को अनुसूची- ८ मा उल्लेख भएअनुसार स्थानीय तहले २२ ओटा अधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ जुन निम्नानुसार रहेका छन्- (१) नगर प्रहरी, (२) सहकारी संस्था, (३) एफ. एम.सञ्चालन, (४) स्थानीय कर ( (१) सम्पत्ति कर, (२) घर बहाल कर, (३) घरजग्गा रजिष्ट्रेशन शुल्क, (४) सवारी साधन कर), सेवा शुल्क दस्तु, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिका (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन, (५) स्थानीय सेवाको व्यवस्थापन, (६) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन (७) स्थानीय तहको विकास आयोजना तथा परियोजनाहरू, (८) आधारभूत र माध्यमिक शिक्षा, (९) आधरभूत स्वास्थ्य र सरसफाइ, (१०) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, (११) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ, (१२) गाउँसभा, नगरसभा, जिलासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, (१३) स्थानीय अभिलेख व्यवस्थापन, (१४) घरजग्गा धनी पुर्जा वितरण, (१५) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य, सहकारी, (१६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, (१७) बेरोजगारको तथ्याङ्क सङ्कलन, (१८) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, (१९) खानेपानी, साना (जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा), (२०) विपद व्यवस्थापन, (२१) जलाधर, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, (२२) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास आदि रहेका छन्। यी अधिकार स्थानीय तहले मात्र एकाधिकार गर्न पाउने अधिकार हुन्।

**सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**


२०७२ को संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अनुसूची- ९ मा उल्लेख गरेको छ। जसमा १५ क्षेत्र/विषयमा स्थानीय तहको समेत दावी पुग्न जाने हुन्छ। यस्ता विषयमा (१) सहकारी, (२) शिक्षा, खेलकुद र पत्रपत्रिका, (३) स्वास्थ्य, (४) कृषि, (५) विद्युत, खानेपानी, सिँचाइ जस्ता सेवाहरू, (६) सेवा शुल्क/दस्तुर, दण्ड र जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, (७) वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, (८) खानी तथा खनिज, (९) विपद व्यवस्थापन, (१०) सामाजिक सुरक्षा र गरिबी निवारण, (११) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क, (१२) पुरातत्व, प्राचीन स्मारक र सङ्ग्राहालय, (१३) सुकुम्बासी व्यवस्थापन, (१४) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, (१५) सवारी साधन अनुमति जस विषय रहेका छन्।

निर्वाचित जनप्रतिनिधिहरूले स्थानीय सरकारमा रही कार्य गर्ने क्रममा उनीहरूलाई संविधान, कानुनद्वारा प्रदान गरिएको क्षेत्राधिकारका, कर्तव्य र अधिकारबारे पनि पर्याप्त जानकारी राख्नु पर्ने भएकाले यससम्बन्धी संवैधानिक व्यवस्थाको यहाँ चर्चा गरिएको छ। भाग ३५, २०८ धारा, अनुसूची-९ भएको दोस्रो संविधानसभाद्वारा घोषित नेपालको संविधान २०७२ को भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड शीर्षकमा केन्द्र, प्रदेश र स्थानीय तहबीच प्रष्ट अधिकारको बाँडफाँड गरिएको छ। धारा ५७ राज्य शक्तिको बाँडफाँडको उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहने र यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने कुरा उल्लेख गरिएको छ। धारा ५७(५) मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लेखित विषयमा निहीत रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र सङ्घीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुनेछ भनिएको छ। धारा ५७(६) मा प्रदेशसभा, गाउँसभा वा नगरसभाले कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेशसभा, गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुनेछ भनिएको छ। धारा ५७(७) मा गाउँसभा वा नगरसभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँसभा वा नगरसभाले बनाएको त्यस्तो कानुन प्रदेश कानुन्सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**स्थानीय तहको आर्थिक अधिकार**

स्थानीय तहले आर्थिक अधिकारको प्रयोग गर्ने विषयमा संविधानको धारा ५९ का ७ उपधाराले प्रष्ट व्यवस्था गरेको छ। धारा ५९(१) मा भनिएको छ- "सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन्।" धारा ५७ (३) मा "सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो

## तथ्याङ्कमा स्थानीय तहको निर्वाचन २०७४




| | |
|---|---|
| जिल्ला | १० |
| स्थानीय तह | ७९ |
| वडा सङ्ख्या | ७१८ |
| जनप्रतिनिधि | ३७४८ |
| मतदाता सङ्ख्या | ७८३४२३ |

| | |
|---|---|
| जिल्ला | ११ |
| स्थानीय तह | ८५ |
| वडा सङ्ख्या | ७५९ |
| जनप्रतिनिधि | ३९६५ |
| मतदाता सङ्ख्या | १४१३३२० |

| | |
|---|---|
| जिल्ला | १३ |
| स्थानीय तह | ११९ |
| वडा सङ्ख्या | ११२१ |
| जनप्रतिनिधि | ५८४३ |
| मतदाता सङ्ख्या | २७६०१८२ |

| | |
|---|---|
| जिल्ला | १४ |
| स्थानीय तह | १३७ |
| वडा सङ्ख्या | ११५७ |
| जनप्रतिनिधि | ७८५९ |
| मतदाता सङ्ख्या | २६७४५६३ |

| | |
|---|---|
| जिल्ला | ९ |
| स्थानीय तह | ८८ |
| वडा सङ्ख्या | ७३४ |
| जनप्रतिनिधि | ३६७० |
| मतदाता सङ्ख्या | १३०३७१४ |

| | |
|---|---|
| जिल्ला | १२ |
| स्थानीय तह | १०९ |
| वडा सङ्ख्या | ९८३ |
| जनप्रतिनिधि | ५१३३ |
| मतदाता सङ्ख्या | २४५४४८८ |

| | |
|---|---|
| जिल्ला | ८ |
| स्थानीय तह | १२७ |
| वडा सङ्ख्या | ५६४ |
| निर्वाचित हुने जनप्रतिनिधि | ३०७४ |
| मतदाता सङ्ख्या | २६६४७९२ |

स्रोत : सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र विभिन्न पत्रपत्रिका।

तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानुन बमोजिम हुने" व्यवस्था गरिएको छ। धारा ५९(४) मा "सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने" संवैधानिक व्यवस्था गरिएको छ। धारा ५९(५) मा "सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोगद्वारा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानुन बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनुपर्ने" दायित्व थप गरिएको छ। धारा ५९ (७) मा "सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ" भनिएको छ।

**सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध**

सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धका विषयमा नेपालको संविधान २०७२ को भाग २० को धारा २३१-२३७ मा व्यवस्था गरिएको छ। धारा २३२ का ८ उपधारामा ३ तहबीचको सम्बन्धमा चर्चा गरिएको छ। धारा २३२(१) मा यी तीन तहबीचको सम्बन्ध "सहभागिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने" बताइएको छ। धारा २३५ मा यी तीन तहबीचको समन्वय बारे चर्चा गरिएको छ। यस्तो समन्वय कायम गर्न सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने र प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी यस्तो विवादको समाधान गर्न सक्ने व्यवस्था गरिएको छ।

**स्थानीय आर्थिक कार्यप्रणाली**

नेपालको संविधान २०७२ को भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली शीर्षक अन्तर्गतका तीन धारामा -धारा २२८-२३०) मा कर लगाउन वा ऋण लिन नपाइने (कानुन बमोजिम बाहेक) स्थानीय सञ्चितकोष र गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान आदि विषयमा क्रमश: व्यवस्था गरिएका छन्। धारा २२८ मा कानुन बमोजिम बाहेक कर लगाउन, उठाउन र ऋण लिन नपाइने, स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही कानुन बनाई कर लगाउन पाउने व्यवस्था गरिएको छ। धारा २२९ अनुसार स्थानीय सञ्चित कोषमा गाउँपालिका र नगरपालिकाका सम्पूर्ण स्रोतबाट प्राप्त हुने अनुदान र रकम जम्म हुने र स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्चसम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ। धारा २३० अनुसार गाउँपालिका र नगरपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुनबमोजिम गाउँसभा र नगरसभामा पेश गरी पारित गराउनुपर्ने व्यवस्था रहेको छ। गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा सङ्घीय कानुन र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ।

**केन्द्र, प्रदेश र स्थानीय तहबीच राजस्व स्रोतको बाँडफाँड**

नेपालको संविधान २०७२ को भाग ५, धारा ६० का ८ उपधाराले यी तीन तहबीचको राजस्व स्रोतको बाँडफाँडका विषयमा व्यवस्था गरेका छन्। यसमा भएका व्यवस्थाअनुसार स्थानीय तहले यस क्षेत्रमा निम्न कार्य गर्ने किटान गरिएको छ-

*(क) आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रका विषयमा कर लगाउने र स्रोतबाट राजस्व उठाउने :* धारा ६० (१) ले स्थानीय तहलाई आफ्नो आर्थिक अधिकार क्षेत्रभित्र रहेर क्षेत्राधिकार भित्र पर्ने विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने अधिकार प्रदान गरेको छ।

*(ख) राजस्वको न्यायोचित वितरण:* धारा ६०(२) ले "नेपाल सरकारले सङ्कलन गरेको राजस्व, सङ्घ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने" व्यवस्था गरेको छ। यस अनुसार स्थानीय तहमाथि अन्याय हुने सम्भावना संविधानले न्यून गरेको छ।

*(ग) वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा हुने :* स्थानीय तहलाई आर्थिक अन्याय नहोस् भन्ने प्रयोजनले संविधान (२०७२) को धारा ६०(३) ले प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने" कुरा उल्लेख गरिएको छ। स्थानीय स्वायत्त ऐन २०५५ अनुसार जिल्ला विकास समिति र गाउँ विकास समितिबीच यस्ता विषयमा प्रशस्त विवाद भएका थिए।

*(घ) स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण :* स्थानीय तहले आफ्नो खर्च कसरी जुटठाउँछ भन्ने विषयमा वर्तमान संविधानको धारा ६० (४) ले "नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने" व्यवस्थाको चर्चा गरेको छ।

*(ङ) प्रदेशले अनुदान र राजस्व स्थानीय तहको खर्चको आवश्यकता हेरी तय गर्ने :* प्रदेशले सरकारी अनुदान र राजस्व स्थानीय स्तरको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुन बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने कुरा धारा ६०(५) मा उल्लेख गरिएको छ।

*(च) राजस्वको बाँडफाँड सन्तुलित र पारदर्शी हुनुपर्ने :* सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने व्यवस्था धारा ६० (७) मा गरिएको छ।

*(छ) राजस्व बाँडफाँड सम्बन्धी सङ्घीय ऐन बनाउदा ध्यान दिनुपर्ने कुराहरू :* धारा ६०(८) ले राजस्व बाँडफाँडसम्बन्धी सङ्घीय ऐन बनाउदा ध्यान दिनुपर्ने कुराहरूका विषयमा चर्चा गरेको छ जसमा "राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायतत्ता (Autonomy), प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरिबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्ने विषयहरूमा ध्यान दिनुपर्ने" जस्ता कुरा उल्लेख गरिएको छ।

**स्थानीय निर्वाचित सरकारका विद्यमान चुनौती**

२० वर्षपछि बडो उत्साह, उमङ्ग, जोश जाँगर, हौसला आदि लिएर स्थानीय सरकारमा पुगेका निर्वाचित पदाधिकारीले अनेक समस्या र चुनौतीको सामना गर्नु परेको छ र गर्नुपर्ने हुन्छ। त्यस्ता चुनौतीहरूलाई अध्ययनका सुगमताका दृष्टिले राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक, भाषिक, शैक्षिक, कानुनी, क्षेत्राधिकारसम्बन्धी आदि विभिन्न उपशीर्षकमा विभाजन गर्न सकिन्छ।

*(१) राजनीतिक चुनौती :* आफैं घर छेउ र टोलका जनताद्वारा निर्वाचित भएर आएका हुनाले जनप्रतिनिधिहरूले बिहानदेखि बेलुकासम्म जनताका समस्या, पिरमार्का, गुनासा सुन्नुपर्ने तर त्यसका समाधानका लागि पर्याप्त आर्थिक, भौतिक र कानुनी पूर्वाधार नबनिसकेकाले अनेक समस्या झेल्नु परेको छ र झेल्नुपर्ने स्थिति छ। कुनै दलबाट निर्वाचित भई सिङ्गो सरकारको प्रतिनिधिका रूपमा कार्य गर्नुपर्ने भएकाले सबैको सकारात्मक समर्थन (राम्रो कार्यमा पनि) प्राप्त गर्नु एक अत्यन्तै चुनौतीपूर्ण कार्य हो। आफ्ना कार्यका लागि सबै दलको समर्थन प्राप्त गर्नु त्यति सहज कार्य पनि होइन।

*(२) आर्थिक चुनौती :* केन्द्रीय सरकारले पोल्टोमा हालिदिएको रकमबाट विकास निर्माणका कार्य गर्नुपर्ने, स्थानीय स्तरमा अनगिन्ती समस्याहरू हुने, स्थानीय आम्दानीका स्रोत सीमित भएकाले ती सबैको समाधान गर्न पर्याप्त आर्थिक स्रोत नहुने, जनताका माग गुनासा अत्याधिक हुने र कडा सरकारी निर्देशनमा कार्य गर्नुपर्ने भएकाले जनप्रतिनिधिलाई फलामको च्यूरा चपाउनु सरह हुनेछ।

*(३) सामाजिक-साँस्कृतिक चुनौती:* गाउँपालिका र नगरपालिका भित्र अनेकौं सामाजिक-साँस्कृतिक चुनौती, सामाजिक

समूहहरू हुने, जनप्रतिनिधिहरूले यस्ता विभिन्न धार्मिक, भाषिक, जातीय समूहसँग कार्य गर्नुपर्ने हुनाले सबैलाई सन्तुष्ट पार्नु एक जटिल कार्य हुनेछ।

*(४) संवैधानिक-कानुनी चुनौती :* जनप्रतिनिधिहरूले विद्यमान कानुनी र संवैधानिक व्यवस्थाबाट कुनै चुनौतीको सामना गर्नुपर्ने हुन्छ। विद्यमान संवैधानिक र कानुनी व्यवस्था अपर्याप्त भएको र यसलाई व्यवहारमा कार्यान्वयन गर्नु अति नै जटिल कार्य बनेको छ।

*(५) प्रशासनिक चुनौती :* निर्वाचित जनप्रतिनिधिहरूलाई केन्द्रीय कर्मचारीतन्त्रबाट पूर्ण समर्थन प्राप्त हुने र नहुने कुरा निश्चित छैन। कर्मचारीतन्त्रबाट पूर्ण समर्थन प्राप्त नभएमा यस्ता प्रतिनिधिलाई कार्य गर्न गाह्रो अवश्य हुन्छ।

*(६) केन्द्रले पोल्टामा हालिदिएको विकास बजेटमा भर पर्नुपर्ने :* १९ वर्षसम्म निर्वाचत नहुँदा जनताहरू आफ्ना क्षेत्रमा विकास निर्माणका कार्य हुन नसकेको कारण नेपाली लोकतन्त्रका निरङ्कुश नेतृत्वको सोचदेखि वाक्क भएका छन्। यसै परिप्रेक्ष्यमा १९ वर्षदेखि थन्किएर बसेका जनताका बढ्दा आकाङ्क्षालाई कसरी सम्बोधन गर्ने र मुलुकको विकासलाई अगाडि बढाउने, केन्द्रले आफ्नो पोल्टामा हालिदिएको सीमित विकास बजेटले उनीहरूको आकाङ्क्षा पूरा हुन नहुने, उनीहरूका आकाङ्क्षा बढ्दो निरासामा परिणत हुने कि नहुने यी कुरा भने भविष्यकै गर्भमा रहेको छ।

*(७) स्थानीय तहको केन्द्रसँगको सम्बन्ध:* स्थानीय तहको केन्द्रसँगको सम्बन्धको अध्ययन यस दिसामा महत्त्वपूर्ण बन्ने गर्दछ। केन्द्र स्थानीय तहप्रति सकारात्मक भएमा स्थानीय तहले सफलतासाथ कार्य गर्न सक्छ। तर नकारात्मक दृष्टिकोण राखी अनेक अनावश्यक निर्देशन जारी गरी उनीहरूलाई निरुत्साहित गर्ने गरेमा स्थानीय तहमा निरासा छाउने र स्थानीय लोकतन्त्रसमेत कमजोर बन्ने र निर्वाचित जनप्रतिनिधिमाथि कर्मचारीतन्त्र हावी हुन पुग्छ।

**मन्त्रालयद्वारा जारी निर्देशन**

ठूलो उत्साह, उमङ्ग, जोश र जाँगर लिएर निर्वाचित भई २० वर्षपछि जनप्रतिनिधिका रूपमा स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) मा प्रवेश गर्न पुगेका निर्वाचित पदाधिकारीले प्रारम्भ मै हलुवामा बालुवा पाउन पुगेका छन्। स्थानीय सरकारलाई सशक्त र प्रभावशाली बनाउने क्रममा उनीहरूले गरेका निर्णय प्रारम्भमै सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा गम्भीररूपमा आलोचित हुन पुगेको छ। स्थानीय पदाधिकारीले जनतालाई खुशी पार्ने उद्देश्यले केही लोकप्रिय निर्णय, निर्णय विद्यमान सरकारी प्रक्रिया मिचेर गरेको मन्त्रालयको ठहर छ। यस्ता निर्णयहरूमा वृद्ध नागरिकले पाउने भत्तामा वृद्धि गरेको, माओवादी द्वन्द्वकालमा माओवादी जनसरकारले गरेका कार्यलाई वैधता प्रदान गरेको जस्ता कार्य उल्लेख गरिएको छ। काठमाडौँ महानगरपालिकाले निर्वाचित पदाधिकारीको तलब निर्धारण गरेको र नेपाल भाषा (नेवारी) लाई सरकारी कामकाजको भाषा बनाएकोमा पनि मन्त्रालयले आपत्ति गरेको छ। काठमाडौँ महानगरपालिकाले निर्वाचित पदाधिकारीका लागि मासिक ३२ लाख (३.२ मिलियन) पारिश्रमिक निर्धारण गरेको बताइएको छ। भाषाको मुद्दा तय गर्न भाषा आयोग गठन गरिसकिएकोले यस सम्बन्धमा हतारमा निर्णय गर्नुको कुनै औचित्य नभएको कुरा उल्लेख गरिएको छ।

मन्त्रालयले स्थानीय सरकारलाई अतिरिक्त आर्थिक भार पर्ने गरी कुनै कार्य नगर्न र विद्यमान कानुनी व्यवस्था उल्लङ्घन नगर्नसमेत सचेत गराएको छ। स्थानीय पदाधिकारीले सरकारी रकम निर्वाचित प्रमुख र उपप्रमुखका लागि परिवहन/यातायातका साधन खरिद गर्न प्रयोग गरेको परिप्रेक्ष्यमा समेत नगर्न सचेत गराएको हो। मन्त्रालयका सचिव दिनेश थपलियाले प्रत्येक निर्वाचित सरकारलाई १ करोड सरकारी रकम (१० मिलियन) प्रदान गरिएको र यस्तो रकम सङ्क्रमणकालीन अवस्थाका कार्यका लागि छुट्याइएकोमा त्यसो नगरिएको र प्रचारवाजी जनमुखी निर्णयमार्फत् यस्तो कार्य भएको गुनासो गरिएको छ।

स्थानीय सरकारले अनुत्पादक क्षेत्रमा सरकारी रकम प्रयोग गरेको सन्दर्भमा मन्त्रालयले अर्को निर्देशन जारी गर्दै उक्त रकम विकासका लागि छुट्याइएकोले अनुपात्दक क्षेत्रमा गरिएको खर्च वैध नहुने अवस्थामा रहेको स्थानीय सरकारसम्बन्धी विधेयक पारित नभएसम्म स्थानीय सरकारलाई विद्यमान सरकारी कानुनी व्यवस्था मान्न अपिल गरेको छ। स्थानीय सरकारले मनपरी निर्णय गर्ने गरेका छन्। मन्त्रालयले यस सन्दर्भमा बोल्दा स्थानीय सरकारको क्षेत्राधिकार माथि हस्तक्षेप गरेको आरोप समेत लगाउने गरेको गुनासो समेत मन्त्रालयले गर्ने गरेको छ। मन्त्रालयले यसरी विद्यमान सरकारी कानुनी व्यवस्था विपरीत खर्च गर्ने गरिएमा महालेखा परीक्षकले अन्तिम लेखा परीक्षणमा उक्त खर्चको औचित्य पुष्टि गर्नसमेत गाह्रो हुने कुरा समेत उल्लेख गरेको छ।[३]

स्थानीय सरकारलाई कार्य गर्न सहज बनाउने प्रयोजनले मन्त्रालयले स्थानीय तहमा प्रशासनिक सङ्गठन तथा कर्मचारी व्यवस्थापनसम्बन्धी आदेश २०७४, जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) नियमावली २०७४ र नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७४/२/१७ मा जारी गरिएको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ जारी गरेको छ।

व्यवस्थापिका संसद्को विकास समितिले सङ्घीय मामिला र स्थानीय विकास मन्त्रालयलाई एक निर्देशनमार्फत स्थानीय सरकारका सम्पूर्ण कर्मचारीहरूको खर्च स्थानीय सरकारले नै व्यवस्था गर्न र नागरिक वडापत्र मार्फत् उपलब्ध गराइएका सेवा र सेवाबारे जानकारी गराउन आदेश दिएको छ।

**मन्त्रालयद्वारा जारी गरिएका आदेश र प्रतिक्रिया**

स्थानीय निकायले सरकारी विकास बजेटबाट पदाधिकारीको सवारी साधन खरिद गरेको, विकास बजेट अनुत्पादक क्षेत्रमा प्रयोग गरेको, नेपाल सरकारका विद्यमान

३. *Kathmandupost.ekantipur.com/news/2017-06-22/govt-to-local-units-no-arbitary-decisions.html.published 22-06-2017.*

आर्थिक ऐन नियम कानुन विपरीत खर्च भएको, आफूखुशी निर्वाचित पदाधिकारीको पारिश्रमिक निर्धारण गरिएको, आफूखुशी निर्वाचित पदाधिकारीको स्थानीय भाषाको प्रयोग गरेको जस्ता कार्यको विरोध गर्दै यस्तो कार्य पुनः नगर्न/नदोहोऱ्याउन आदेश जारी गरेको कुरा उल्लेख गरिसकिएको छ। साथै यसरी विरोध गर्दा स्थानीय निकायको अधिकार क्षेत्रमा हस्तक्षेप/अतिक्रमण गरेको समेत भन्ने गरिएकोमा गुनासो मन्त्रालयका पदाधिकारीले गरेको कुरा समेत उल्लेख भइसकेको छ। यस्ता प्रतिक्रिया र निर्देशनले स्थानीय निर्वाचित पदाधिकारीहरूबीच गम्भीर प्रतिक्रिया पैदा गरेको छ।

स्थानीय निर्वाचित पदाधिकारीहरूले यसबारे गम्भीर प्रतिक्रिया जाहेर गर्दै यो परम्परागत सोच राख्ने र स्थानीय निकायलाई अधिकार सही अर्थमा प्रदान गर्न दिन हिच्किचाएको, सङ्कुचित मानसिकता र सोच भएको विचार व्यक्त गरेका छन्। नेपालको संविधान २०७२ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवधारणालाई स्वीकारेको र सर्वशक्तिसम्पन्न र सार्वभौमसत्तासम्पन्न जनताले निर्वाचित गरेका जनप्रतिनिधिको उपहास गरिएको/खिल्ली उडाइएको कुरा समेत बताइएको छ। २०४६ र २०६२ को जनआन्दोलनको मूल मर्मअनुसार सार्वभौम जनता र उनीहरूका प्रतिनिधिहरूलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा परम्परागत शैलीमा कार्य गर्ने कर्मचारीतन्त्र आफ्नो हैकम चलाउन खोजेको गुनासा समेत उनीहरूले गरे। भावी दिनहरूमा संविधानप्रदत्त अधिकारको प्रयोग गर्न निर्वाचित पदाधिकारीले केन्द्रीय प्रशासन संयन्त्रको स्वेच्छाचारी कदम विरुद्ध खबरदारी गर्नुपर्ने कुरा समेत जनाएको छ। निर्वाचित स्थानीय पदाधिकारीसँग डराउने र उनीहरूलाई पन्छाउने र उपहास गर्न नेपाली संयन्त्रको विशेषता नै बनेको गुनासो गर्न पनि उनीहरू पछि परेनन्। उनीहरूलाई खबरदारी गर्ने क्रममा निर्वाचित पदाधिकारीहरू, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, सचेत नागरिक सबै नै सचेत हुनुपर्नेसमेत उनीहरूको धारणा रहेको छ।

**निर्वाचित पदाधिकारीका दायित्व**

*(१) जनताका माग सम्बोधन गर्ने दायित्व :* स्थानीय नेतृत्वले मतदाताका समक्ष गरेका प्रतिवद्धता र आश्वासनलाई इमान्दारी र लगनशीलतासाथ व्यवहारमा उतार्न प्रयोग गर्ने प्रयास गर्नुपर्ने भएको छ। १९ वर्षसम्म सार्वभौम जनतालाई तिरस्कार गर्दै लोकतन्त्रका सैद्धान्तिक नारा दिएर स्थानीय निर्वाचनलाई पछि धकेल्ने केन्द्रीय नेतृत्वको परम्परागत र व्यक्तिवादी सोचका कारण जनताका आकाङ्क्षामा अत्यधिक वृद्धि भएको छ। निर्वाचित जनप्रतिनिधि आएपछि उनीहरूले हाम्रा सबै कार्य गर्नेछन्, हाम्रा समस्या र माग सम्बोधन गर्नेछन् भन्ने उच्च जनआकाङ्क्षालाई सम्बोधन गर्नु जनप्रतिनिधिका लागि सीमित बजेट लगायतका कारणले त्यति सम्भव देखिँदैन।

*(२) संविधान र प्रचलित ऐन नियम कानुन आदेशलाई आदर सम्मान गर्ने दायित्व :* नेपालको संविधान २०७२ को सङ्घीय अवधारणालाई कार्यान्वयन गर्ने क्रममा स्थानीय तहको निर्वाचन सम्पन्न भएकाले (क्षेत्र नम्बर २ बाहेक) नेपालको संविधान २०७२ लाई कार्यान्वयन गर्ने क्रममा निर्वाचित पदाधिकारीहरूको अहम् जिम्मेवारी रहन गएको छ। उनीहरूले संविधानको मर्म र भावनाअनुसार नै कार्य गर्नुपर्ने उनीहरूको दायित्व बन्न पुगेको छ।

(क) २०४६ र २०६२/०६३ को जनआन्दोलनको मर्म, लोकतन्त्रका आधारभूत मूल्य र मान्यतालाई सम्मान नगर्ने।

(ख) सार्वभौम जनतालगायतका नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख गरिएका कुराहरूलाई उनीहरूले सम्मान गर्दै व्यवहारमा उतार्ने प्रयास गर्नु पर्ने देखिन्छ। प्रस्तावनामा निम्न कुरालाई जोड दिइएको छ-

- जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकार आत्मसात गर्ने,
- विगतका सम्पदा (राजनीतिक) आदिलाई सम्मान गर्ने,
- सबैप्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने प्रयास गर्ने,
- विभिन्न विविधताबीच एकता, सामाजिक-साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता, सद्भावलाई संरक्षण र संवर्द्धन/प्रवर्धन गर्ने (स्थानीय कानुन र कार्यमार्फत),
- वर्गीय जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्न पहल गर्ने,
- आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न स्थानीय तहमा पहल गर्ने,
- जनताको बहुदलय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक मानवीय अधिकार, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा समाजवादप्रति कटिबद्ध रही राष्ट्र निर्माण गर्न स्थानीय तहमा -कानुन र व्यवहार मार्फत) पहल गर्ने,
- स्थानीय तहमा शान्ति, सुशासन, विकास र सम्वृद्धिका आकाङ्क्षा पूरा गर्ने (बजेट, कानुन, नियम मार्फत)। यी बाहेक प्रस्तावनामा लेखिएका सबै अधिकार स्थानीय तहका प्रयोग गर्दै प्रस्तावनामा लेखिएका सबै कर्तव्य पालन गर्ने दायित्व पनि निर्वाचित जनप्रतिनिधिमा रहेको छ। स्थानीय तहले स्थानीय स्तरमा कार्य गर्दा नेपालको संविधान २०७२ को भाग ३ धारा १६-४७ मा उल्लेख गरिएका र नेपाली नागरिकलाई प्रदान गरिएका मौलिक हक-सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्यायसम्बन्धी हक, अपराध पीडितहरूको हक, यातनाविरुद्धको हक, निवारक नजरबन्दविरुद्धको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देशनिकाला विरुद्धको हक, संवैधानिक उपचारको हक- मध्ये स्थानीय तहमा प्रयोगमा आउने हकहरूलाई कानुन र व्यवहारमार्फत् आदर सम्मान गर्नु हुन्छ। धारा ४८ मा उल्लेखित कर्तव्यलाई समेत ध्यान दिनु आवश्यक हुन्छ।

नेपालको संविधानको २०७२ को भाग ४ को धारा ५० मा उल्लेखित राज्यका

निर्देशक सिद्धान्तहरू धारा ५१ मा उल्लेखित विविध क्षेत्रका राज्यका नीतिहरू धारा ५२ मा उल्लेखित राज्यका दायित्वलाई स्थनीय सरकारले पनि ध्यान दिनुपर्ने दायित्व रहन गएको छ।

नेपालको संविधान २०७२ को भाग ५ मा उल्लेखित राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अनुरूप अनुसूची-८ मा उल्लेखित स्थानीय तहको अधिकार सूची (स्थानीय तहले मात्र एकाधिकार गर्न पाउने अधिकार), अनुसूची- ९ मा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, भाग २० मा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध भाग १७ को स्थानीय कार्यपालिका, भाग १८ को स्थानीय व्यवस्थापिका र भाग १९ को स्थानीय आर्थिक कार्यप्रणाली जस्तै संवैधानिक विषयवस्तुलाई आदर गर्दै सोही अनुसार आचरण निर्वाचित जनप्रतिनिधिका लागि आवश्यक बनेको छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनद्वारा औपचारिक रूपमा खारेज नभई हाल निस्क्रिय अवस्थामा रहेकोमा नेपाल सरकार मन्त्रिपरिषद्ले स्थानीय तह सञ्चालन गर्ने सन्दर्भमा निर्वाचन पूर्ण जारी गरिएको स्थानीय तह सञ्चालनसम्बन्धी आदेश फागनु२०७४ र निर्वाचन पश्चात असार २०७४ मा जारी गरिएको स्थानीय तह सञ्चालनसम्बन्धी आदेश जस्ता सरकारी आदेश अनुरूप पनि आचरण गर्नुपर्ने दायित्व जनप्रतिनिधिहरूको काँधमा थपिएको छ। यी बाहेक अन्य सरकारी ऐन, नियम, आदेश आदिको पनि पालना गर्नु आवश्यक देखिन्छ।

**स्थानीय तहलाई मजबुत बनाउन सरकारले गर्नुपर्ने कार्य**

स्थानीय तहलाई मजबुत बनाउन सरकारले गर्नुपर्ने केही ठोस कार्य हुने गर्दछ। प्रथमत: मनोवैज्ञानिक दृष्टिकोणले केन्द्रीय सरकारले स्थानीय तहलाई आफ्नो प्रतिस्पर्धी नसम्झी सकारात्मक सोच राखी कार्य गर्नु पर्ने हुन्छ। स्थानीय तहलाई दिने आर्थिक सहयोग पनि सरल प्रक्रियामा पारदर्शी रूपबाट समयमै दिनुपर्ने हुन्छ। साथै स्थानीय तहलाई निरुत्साहित नगर्ने प्रयोजनले आवश्यक ऐन नियम कानुनको समयमै तर्जुमा गरी काम गर्न अनुकूल वातावरण सिर्जना गर्नुपर्ने हुन्छ।

**स्थानीय तह निर्वाचन २०७४ को पहिलो र दोस्रो चरणको परिणाम**

| राजनीतिक दल | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | जम्मा |
|---|---|---|---|---|
| नेकपा (एमाले) | २७६ | ३१२ | २३३० | २९९८ |
| नेपाली काङ्ग्रेस | २२६ | १८६ | १९४३ | २३५५ |
| नेकपा (माओवादी केन्द्र) | ८४ | ८७ | ८७२ | १०४३ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ५ | ५ | ४४ | ५४ |
| सङ्घीय समाजवादी फोरम | ८ | ७ | ७१ | ८६ |
| फोरम लोकतान्त्रिक | ६ | ५ | ४४ | ५५ |
| अन्य | ११ | १४ | १४२ | १६७ |
| जम्मा | ६१६ | ६१६ | ५४४६ | ६६७८ |

**नोट**: भरतपुर महानगरपालिकाको मतगणनाका विषयमा विवाद भएकाले सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ।

*स्रोत : निर्वाचन आयोग*

**निष्कर्ष**

वर्तमान संविधानअन्तर्गत सङ्घीय व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भ दुई चरणमा भएका स्थानीय निर्वाचनले नेपालमा लोकतन्त्रको संस्थागत विकास गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। तेस्रो चरणमा हुने भनिएको प्रदेश नम्बर दुईका आठ जिल्लाहरूमा तत्काल निर्वाचन निष्पक्षताका साथ सम्पन्न गराउन नेपाल सरकार, निर्वाचन आयोग, केन्द्रीय स्तरका राजनीतिक दलहरू, मधेसवादी दलहरू, क्षेत्र नम्बर दुईका मतदाता, नागरिक समाज, सञ्चारमाध्यम, बुद्धिजीवी र सरोकारवाला सबैले सकारात्मक सोच लिइ पहल गर्नुपर्ने हुन्छ। निर्वाचित पदाधिकारीहरूले पनि वर्तमान संवैधानिक मर्म, मूल्य र मान्यता अनुसार यस संविधानको कार्यान्वयन गर्ने दिशातर्फ सकारात्मक पहल गर्नुपर्ने हुन्छ। स्थानीय तहसम्बन्धी संवैधानिक व्यवस्था अनुकूल सरकारका ऐन नियमलाई सम्मान गर्दै जनआकाङ्क्षा र जनचाहनाअनुसार कार्य गर्दै निर्वाचित पदाधिकारीले जनताका सेवामा जुट्नु पर्ने समय आएको छ। यस्ता कार्य गर्दै स्थानीय लोकतन्त्रलाई संस्थागत र मजबुत गर्ने दिशामा उनीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बेला आएको छ। केन्द्रीय सरकारले परम्रागत र व्यक्तिगत सोचबाट माथि उठी स्थानीय तहलाई मजबुत बनाउन ठोस पहल गर्नुपर्ने भएको छ।

**"स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनद्वारा औपचारिक रूपमा खारेज नभई हाल निस्क्रिय अवस्थामा रहेकोमा नेपाल सरकार मन्त्रिपरिषद्ले स्थानीय तह सञ्चालन गर्ने सन्दर्भमा निर्वाचन पूर्ण जारी गरिएको स्थानीय तह सञ्चालनसम्बन्धी आदेश फागनु २०७४ र निर्वाचन पश्चात असार २०७४ मा जारी गरिएको स्थानीय तह सञ्चालनसम्बन्धी आदेश जस्ता सरकारी आदेश अनुरूप पनि आचरण गर्नुपर्ने दायित्व जनप्रतिनिधिहरूको काँधमा थपिएको छ। यी बाहेक अन्य सरकारी ऐन, नियम, आदेश आदिको पनि पालना गर्नु आवश्यक देखिन्छ।"**

अनुभूति



कृष्णराज सर्वहारी

# स्थानीय तह पर्यवेक्षणका अनुभूतिहरू




**विषय प्रवेश**

स्थानीय निर्वाचनको निकै ठूलो तामझाम यसपाली दोस्रो चरणका १४ असारको निर्वाचनमा देख्न पाइयो। म आफ्नो गृह जिल्ला दाङ, देउखुरीमा निर्वाचन अवधिको करिब दुई साता बसेँ। पहिलो चरणको ३१ वैशाखको निर्वाचनमा म राजधानीमै थिएँ। मोफसलको निर्वाचनले राजधानीको प्रचारप्रसारलाई पनि फिका बनाएको देखियो। यस आलेखमा चुनाव अनुगमनको पोको फुकाउन चाहन्छु।

**वडाअध्यक्षकै खर्च १० लाख**

मेरो घर दाङदेउखुरी नगरपालिका वडा नं ४ स्थित छुटकी घुमना गाउँ हो। २०५४ सालको स्थानीय चुनावमा यसै गाउँका चेतराज चौधरी एमालेबाट गाउँ विकास समिति उपाध्यक्ष चुनिएका थिए। चैलाही, सोनपुर, सतबरिया गरी ३ गाविस गाभेर बनाइएको छ, हालको लमही नगरपालिका। उपाध्यक्ष भइसकेका तिनै चेतराज चौधरी यपसपालीको स्थानीय चुनावमा ४ नं वडाका अध्यक्ष उम्मेदवार थिए। तिनैले जित्ने आँकलन गरिएको थियो तर नतिजा आउँदा विजयी भए नेपाली काँग्रेसका सुवास न्यौपाने। मेरो गाउँमा प्राय: सबै पार्टीका तह तप्काका उम्मेदवार प्रचारका लागि आए। तर, न्यौपानेको अनुहार मैले देखिनँ। यिनले गाउँमा रसरङको लागि रकम पठाएको, आज फलाना गाउँमा खसी ढालेको तिनकै नजिकका कार्यकर्ताबाट सुन्नमा आयो। १० लाख भन्दा बढी खर्च गरिसकेकाले म चुनाव जित्नेमा ढुक्क छु। उनले निरन्तर भन्ने गरेको वाक्य त्यही थियो।

नभन्दै चुनाव न्यौपानेले नै जिते। यसरी वडाध्यक्षकै चुनावी खर्च १० लाख भएपछि उनले त्यसलाई कसरी परिपूर्ति गर्ने होलान्। आफ्नो वडामा आफ्नै नजिककोलाई ठेक्कापट्टा दिएर हप्ता दिनमा पिच उप्किने तरिकाको विकास त गर्लान् भन्ने चिन्ताले सतायो। निर्वाचन आयोगले खर्चको समय सीमा तोके पनि त्यसको रत्तीभर पालना गरेको देखिएन।

**गीत सङ्गीतले तान्ने कोसिस**

यसपालिको चुनावी रौनकको अर्को पारो थियो गीत सङ्गीत। ठूलादेखि साना सबै दलले मतदातालाई आकर्षित गर्न आफ्ना चुनाव चिन्हमा भोट हाल्न सन्देश प्रयोग गरिएको गीत घन्काइएको सुनियो। स्थानीय थारू मतदातालाई आकर्षित गर्न थारू भाषामै गीत निकै घन्किए। कुनै कुनै दलका चुनावी गाडी त गाउँका कुनै घरमा पनि नपसी गीत घन्काउँदै, धूलो उडाउँदै अर्को गाउँको बाटो तताएको पनि देखियो।

मेरै टोलबाट चार जना वडाध्यक्षका प्रत्याशी थिए। एमालेबाट चेतराज चौधरी, सङ्घीय समाजवादीबाट तिलकराम चौधरी, राप्रपाबाट सञ्जय चौधरी तथा सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) बाट केवल चौधरी। गाउँमा यो पंक्तिकारको बसाइ आाक्कल झुक्कल मात्रै भएर हो कि भोट त कुनै उम्मेदवारले पो मागेनन्। उनीहरूको दलले गाउँमा आएर गीत सुनाएको आधारमा भोट हाल्नुपर्ने अवस्था थियो। एउटै गाउँबाट वडाध्यक्षका चार जना थारू उम्मेदवार खडा भएपछि निश्चित थियो, बाजी अर्कै गाउँकोले उछिट्याउला, भयो त्यही पनि।

**टिसर्टको राजनीति**

यसपालि दलहरूले टिसर्ट फालाफाल बाँडे। एउटा सामान्य टिसर्टको छपाइ खर्चसहित अढाइ सय रुपियाँ पर्ने प्रेसमा टिसर्ट छाप्न अर्डर दिन आएका एक कार्यकर्ताले बताए। एउटा वडामा २ हजारदेखि २५ सय मतदाता हुन्छन्। यो दलको लगाउँ कि त्यो दलको लगाऊँ, मतदाताहरूलाई टिर्सटको कुनै कमी देखिएन। एमाले समर्थित मेरा गाउँका एक

काका उनको दलले टिसर्ट दिन ढिलाइ गरेपछि एमाओवादीले दिएको टिसर्ट शानका साथ लगाएछन्। अर्को दिन उनका साथीहरूले आएर एउटा पार्टीले समर्थक भएर अर्को पार्टीका टिसर्ट लगाउने ? भनेर हपारेछन्। उनले जिउमा लुगा अर्को पार्टीको भए पनि भित्र मनमा त उही छ, तपाईंहरूले टिसर्ट नल्याइदिए म के गरूँ भनेर सफाइ दिएछन्। तर उनको कुरा नमानेर टिसर्ट फुकाल्न लगाएछन्। आफ्नो बेइज्जत भएको ठानी तिनी अर्को दिन काँग्रेसले दिएको टिसर्ट लगाएर झुल्किए, तिनी काँग्रेसमा प्रवेश गरेको फेसबुके समाचार पनि आयो। त्यसले गाउँलाई निकै तरंगित बनायो।

मेरा गाउँका मधारे भनिने बाजे टिसर्ट सङ्कलनमा भने निकै चलाख देखिए। उनले भने 'टिसर्ट त सबैले दिएको लिनुपर्छ। चुनावपछि खेतमा काम गर्दा लगाउनुपर्छ। अहिले चुनावको बीचमै लगायो भने अर्को दलले उल्लीविल्ली पारि हाल्छन् नि।' टिसर्ट पुरुषले लगाउने पोसाक भयो, हामी महिलालाई लगाउने पोशाक खै त ? तपाईंहरूको मतदाता पुरुष मात्रै हो त ? यसरी गढवा गाउँपालिका अन्तर्गत एउटा वडामा मेरा मामा पर्ने वडाध्यक्षसँग आउटर माग गरियो। तिनले गाउँमा महिलाहरूलाई आउटर बाँडे पनि तर चुनाव जितेनन्।

**गाडीको प्रयोग**

यसपाली गाडी धनीहरूलाई भ्याइ न भ्याइ थियो। एउटा उम्मेदवारले गाडी प्रयोग गर्ने सीमा तोकिएको थियो। तर, त्यसको पालना कुनै दलले गरेनन्। अझ ऱ्यालीको बेला त गाडीको ताँती कति हो कति। मेरै घरको आँगमनमा एक गरिएको चुनावी सभामा सत्तारुढ दलका एक सांसद् सरकारी गाडी चढेरै सम्बोधन गर्न आइपुगेका थिए। गाडी धनीहरूलाई गाडी मिलाउन हम्मे हम्मे थियो। यही बेला हो कमाउने भनेर तिनीहरूले कसिकसाउ गर्ने गर्ने गरेका थिए। नाताले दाइ पर्ने हिरालाल चौधरी शिक्षकबाट राजीनामा दिइ फोरम लोकतान्त्रिकबाट गढवा गाउँपालिकामा अध्यक्ष पदको उम्मेदवार थिए। एकदिन एकाबिहानै मलाई भेट्न आइपुगेका तिनको मोबाइल यति व्यस्त रह्यो कि भेटमा खासै कुरा हुन पाएन, तिनको मोबाइलको सन्देशले तिनको चुनावी खर्चको पारो बढेर आँखीभौ खुम्च्याएको देखिन्थ्यो। ऱ्यालीको लागि १० वटा गाडी तयार थियो तर मात्र २० किलोमिटर दुरी ओहोर दोहोरको लागि एउटा बसले १० हजार माग्दै थियो। तिनले गुनासो पोख्दै थिए, 'हेर्नुस् भाइ, एकैदिन गाडीको मात्रै लाखौं खर्च हुन्छ। ऱ्यालीमा आउने सबैलाई खाजा नास्ताको रकम अलग छ। शिक्षक पेशा छाडेर बेकारमा राजनीतिमा आइएछ कि क्या हो ?' चुनावी परिणाममा तिनी चौथो नम्बरमा आए।

**मनोयनको तामझाम**

मनोनयनको दिन ४ असारमा देखिएको भीड हाम्रा दलका कार्यकर्ता बढी छन्, चुनाव हामीले नै जित्छौं भन्ने भान पार्ने आशयको देखियो। काम विशेषले त्यो दिन म लमही बजारमा थिएँ। निश्चित समयमा फलाना दलको मनोनयन भनेर ग्याप गरी समय सीमा निर्धारण गरिएकाले व्यवस्थित थियो। लमही नगरपालिकामा काँग्रेसका मेयर उमेदवार जोगराज चौधरीको दलबल त्यो दिन सबैभन्दा ठूलो थियो। लमही चौराहाबाट मनोनयनको दाखिला दिने नगरपालिकासम्मै तिनका कार्यकर्ता ऱ्यालीमा छरिएका थिए। एउटा परम्परागत बाजा टोलीले प्राय: सबै दलमा मिसिएर मनग्गे पैसा कमाएको सुनियो। अरू दिनभन्दा त्यो दिन लमही बजारमा प्राय: सबै होटल खाजा नास्ताका लागि भरिभराउ थिए। कार्यकर्ताहरू झण्डै बोकेर होटलमा ओहोर दोहोर गरिरहेका भेटिन्थे।

११ असारमा चुनावी प्रचारको अन्तिम दिन थियो। यहीबीचमा मेरो पिता टिकाराम चौधरीको दु:खद निधन भएकोले उहाँको अस्तु सेलाउन एकजना दाइसँग देवघाट गइरहेको थिएँ। तर अन्तिम दिनको ऱ्यालीले सामान्य गाडी ओहोरदोहोर गर्न निकै समय लाग्यो। खासगरी चन्द्रौटाबाट परासीको सिमानासम्म गाडीको दोहोरो लाइन, चर्को चुनावी गीत, संगीतले कानै खायो। सुनवलभन्दा केही पूर्व नेपाली काँग्रेस र एमालेको विपरीत दिशाबाट आएको ऱ्यालीले झडप होला कि भन्ने देखियो। तर प्रहरी पनि सँगसँगै निकै ठूलो सङ्ख्यामा तैनाथ थिए।

**चुनावको दिन**

चुनावको अघिल्लो दिन मौन अवधिमा समेत प्रचारप्रसार गरेको देखियो। चुनावको दिन एकाबिहानै मुसलधारे पानी पऱ्यो। यसले चुनावलाई बिथोल्ने भो भने भनेर लख काटिए पनि एक घण्टापछि छ्याङग उज्यालो भयो। म ८ बजे आफ्नो मतदान केन्द्र श्री राष्ट्रिय आवासीय प्रावि घुम्नामा जाँदा लाइन निकै लामो भइसकेको थियो। विद्यालय प्राङ्गणको पर्खालले घेरेर बग्ने पानीमा समेत उभिएर मतदाता भोट हाल्न आतुर थिए। तर भोट हाल्ने ठाउँ साँघुरो थियो। कुन मतदाताले केमा भोट हाल्दैछ, सुरक्षाकर्मीले छर्लङ्गै देख्ने अवस्था थियो।

म इन्सेकमार्फत् पर्यवेक्षक थिएँ। आफूले भोट हालेको केन्द्रबाहेकको पर्यवेक्षण गर्नुपर्ने भएकाले श्री बालजनता उच्च मावि केन्द्रमा लम्किएँ। विद्यालय परिसरमा रुख भएकाले यहाँ मतदातालाई छाहारीमुनि उभिएर भोट हाल्न पालो पर्खिन निकै सुविस्ता थियो। लमही नगरपालिकामा मेयरका स्वतन्त्र उम्मेदवार डिल्लीबहादुर खड्का भन्दै थिए, 'धेरै बुथमा घुमेर आएँ। मतदातालाई यहाँजस्तो सहज कहीं देखिनँ'।

यहाँ सुरक्षाकर्मीको व्यवस्थापनमा पनि पर्याप्त मात्रामा थियो तर, भोट हालिसकेका कतिपय त मतदाता पनि निर्धक्करूपमा विद्यालय परिसरभित्रै थिए। ५ बज्न १५ मिनेट अगावै भने सबैलाई बाहिर पठाइएको थियो। विद्यालय परिसरमै छँदा काँग्रेसका एक कार्यकर्ता हाम्रो पार्टीले चुनाव जितिसकेकाले अग्रीम भोजको व्यवस्था फलाना गाउँको फलानाको घरमा गरिएको छ भनेर निम्ता दिँदै अप्रत्यक्षरूपले प्रचारप्रसार गर्दै थिए।

५ बज्न ५ मिनेट बाँकी छँदा एक महिला दौडिएर आइन्। तिनले मतदाता परिचयपत्र पनि लगेकी थिइनन्। हतारमा आफ्नो नभई बुहारीको नागरिकता बोकेर आएकी थिइन्। सहजकर्ताहरूले तिनको नाम खोज्दा खोज्दै ५ बज्यो। सुरक्षाकर्मीले सिटी बजाए। मतदान अधिकृतद्वय चन्देश्वर यादव र सीता यादवले उम्मेदवार प्रतिनिधिहरूलाई देखाएर मटपेटिकामा सिल लगाए।

मतदानको दिन साढे ९ बजेतिर तुलसीपुर नगरपालिका ३ अम्वासास्थित प्रतापकोट निमावि मतदान केन्द्रमा प्रहरी हवल्दार दुर्गा बहादुर रानाले सुतली बम हातले फालेका थिए। त्यस्तो असुरक्षाको वातावरण देउखुरी क्षेत्रको मतदान केन्द्रमा भने देखिएन। त्यो दिन मोटरसाइकल चढ्न प्रतिबन्ध थियो। साइकलको पाइडल घुमाउँदै म घरतिर लागेँ। समग्रमा यसपालीको चुनाव निकै शान्तिपूर्ण लाग्यो।



निर्वाचन पर्यवेक्षक अभिमुखी कार्यक्रममा पर्यवेक्षकहरूलाई निर्देशन दिनु हुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल



स्थानीय निकाय निर्वाचनको पहिलो चरणको अनुगमन प्रतिवेदन निर्वाचन आयोगमा बुझाउनु हुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल



स्थानीय निकाय निर्वाचनको दोस्रो चरणको अनुगमन प्रतिवेदन निर्वाचन आयोगमा बुझाउनु हुँदै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम



फोटो : मनोहर कुमार पोखरेल

निर्वाचको विरोधमा मधेसी मोर्चाद्वारा राजविराजमा निकालिएको मसाल जुलुस




ललितपुरको एक मतदान केन्द्रमा मतदानका लागि लामबद्ध महिला मतदाताहरू

# मताधिकार: मानव अधिकार

२० वर्षपछि भएको स्थानीय तहको निर्वाचन दुई चरणमा सम्पन्न भएको छ। दुई नम्बर प्रदेश बाहेक ६ वटै प्रदेशहरूमा छिटपुट घटना बाहेक शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भयो। राजपा नेपालको असहमतिका कारण दुई नम्बर प्रदेशमा स्थानीय निकायको निर्वाचन आगामी असोज २ गतेलाई सारिएको छ। निर्वाचनलाई मानव अधिकारको जगकोरूपमा हेरिन्छ । आफ्नो मताधिकारको प्रयोगमा मतदाताहरू निक्कै जागरुक र उत्साहित देखियो । स्थानीय तहको निर्वाचनमा इन्सेकले अन्य सङ्घ संस्थाको सहकार्यमा **'स्वच्छ निर्वाचनका लागि नागरिक अभियान'** मार्फत निर्वाचनसम्बन्धी देशैभरि विविध कार्यक्रम सहित पर्यवेक्षण पनि गरेको थियो।

निर्वाचन सम्पन्न भएकै दिन नागरिक अभियानले निर्वाचन आयोगलाई प्रारम्भिक प्रतिवेदन बुझाएको थियो।

– **विमलचन्द्र शर्मा**



मतदान गर्नु अघि मतपत्र नियाल्दै एक मतदाता



मतदान गर्दै



मतदाताको औँलामा निलो मसीको रेखा लगाउँदै निर्वाचन कर्मचारी



मतदान गर्न गएका एक ज्येष्ठ नागरिक




फोटो : अजयकुमार साह


महोत्तरीमा आयोजित कार्यक्रममा निर्वाचनको महत्त्वका बारेमा धारणा राख्दै मधेस मामिलाका विज्ञ डा. राजेश अहिराज



मतदान अधिकृतसँग निर्वाचन बारे जानकारी लिँदै इन्सेकका पर्यवेक्षकहरू



मतदानका लागि आइपुगेका मतदाताको परिचय पत्र रुजु गर्दै



मतपत्रमा हस्ताक्षर गर्दै मतदान अधिकृत

विश्लेषण



अधिवक्ता, टिकाध्वज खड्का

# गरिबी र मानव अधिकार

**विषय प्रवेश**

गरिबीको परिभाषा देशै-पिच्छे र समाजै पिच्छे फरक-फरक हुन सक्दछ। विकसित र विकाशोन्मुख मुलुकका नागरिकहरूको आधारभूत आवश्यकतामा भएको फरकका कारण पनि यस्तो भएको हो। समृद्ध मुलुकका नागरिकको आधारभूत आवश्यकता कार तथा इन्टरनेटमा पहुँच हुनसक्ला सो कुरामा पहुँच नहुदा त्यहाँका नागरिक गरिब कहलाउलान् तर गरिब देशका नागरिकको आधारभूत आवश्यकता गाँस, बास, कपास तथा स्वास्थ्य र शिक्षा हुनसक्ला सोमा पहुँच नभए त्यस देशका नागरिक गरिब कहलाउलान्। नेपालको सन्दर्भमा जीवन धान्ने आधारभूत आवश्यकता गाँस, बास, कपास शिक्षा, स्वास्थ्य र रोजगारमा पहुँचको आधारमा गरिबीको मापन गर्नुपर्ने हुन्छ। गरिबी के हो भन्ने बुझ्नका लागि केही परिभाषाहरूको विश्लेषण गर्न समेत आवश्यक हुने हुँदा निम्न परिभाषाहरूको उल्लेख गरिएको छ :

**परिभाषा**

धन सम्पत्ति नभएको मानिस, निर्धन व्यक्ति, दरिद्र गरीब हो भने गरिबको अवस्थालाई बुझाउने विशेषण अर्थात गरीबको अवस्था, निर्धनता गरिबी हो।[१]

प्रसिद्ध अर्थशास्त्री माइकल पी. टोडारोले बहुचर्चित पुस्तक Economics for a Developing World मा पूर्ण गरिबीको परिभाषा दिएका छन्।

> **“ मानव अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको विभिन्न सन्धि सम्झौतामा उल्लेखित गरिबको हितलाई सम्बोधन गर्न प्रत्याभूत गरिएका प्रावधानहरूलाई गरिबीको चपेटा परेकाहरूको अधिकारको रुपमा लिन सकिन्छ। मानव अधिकारका प्रावधानहरू पृथ्वीभरका मानिसलाई समानरूपले लागु हुने, सबै मान्छेको अधिकार भएता पनि आवास, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा गरिबीको चपेटमा परेकाहरूको पहुँच स्थापित गर्ने कुरा चुनौतीपूर्ण रहेको छ। मानव अधिकार र गरिबीबाट मुक्ति एक सिक्काको दुई पाटोको रुपमा रहेको छ। जबसम्म गरिबहरूको आधारभूत अधिकारहरूमा पहुँच स्थापित हुँदैन तबसम्म मानव अधिकारसँग सम्बन्धित प्रावधानहरूको कार्यान्वयन सम्भव हुँदैन त्यसैले गरिबीलाई मानव अधिकारको उल्लङ्घनको अवस्थाको रुपमा समेत लिइन्छ। ”**

उनकाअनुसार पूर्ण गरिबी त्यो अवस्था हो जसमा जनसङ्ख्याको कुनै भाग वा समूह केबल बाँच्नका लागि आवश्यक खाना, लुगा र बास त्यो पनि जीवन गुजाराको न्यूनतम तहमा मात्र प्राप्त गर्न सक्षम हुन्छ।[२]

यसैगरी, नेपाल सरकारले निश्चित मापदण्डअन्तर्गत समय-समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनी रहेको, शिक्षा, स्वास्थ्य जस्ता मानव विकासका सूचकहरूका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियामा समावेश हुन नसकेको व्यक्ति वा समूहलाई सम्झनु पर्दछ[३] भनी गरिबी निवारण कोष ऐनले परिभाषा गरेका छ।

उल्लिखित परिभाषाहरूको आधारमा भन्नु पर्दा गरिबी भनेको व्यक्ति वा समुदायसँग आर्थिक अभावका कारण गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यमा पहुँच नभएको र उक्त कारणबाट सामाजिक पहिचान र आत्मसम्मानबाट समेत वन्चित भएको अवस्था हो।

नेपालमा उल्लेखित अवस्थामा रहेका गरिब २३.८ प्रतिशत छन्।[४] गरिबीसम्बन्धी नेपाल सरकारले प्रकाशन गरेको यो तथ्याङ्कमा दैनिक १ डलर भन्दा कम आय भएका नेपालीलाई मात्र गरिबको रूपमा उल्लेख गरेको छ भने विश्व बैंककाअनुसार दैनिक १ डलर भन्दा कम आय हुने स्थितिलाई अति गरिब र २ डलर भन्दा कम आय हुने स्थितिलाई गरिबी भनिएको छ। तर

---

१ अधिकारी हेमाङ्गराज समेत, प्रयोगात्मक नेपाली शब्दकोश, विद्यार्थी प्रकाशन प्रा.ली. २०६१, पृ.२४१

२ कुँबर कृष्णबहादुर, नेपालमा गरिबी र ग्रामीण विकास, मीना कुँबर,२०५९,पृ.१५

३ दफा २ (ग) गरिबी निवारण कोष ऐन,२०६३

४ आर्थिक सर्वेक्षण, आर्थिक वर्ष, २०७०/७१, नेपाल सरकार,अर्थ मन्त्रालय,सिंह दरबार,काठमाडौं,पृ.१२८

नेपालको बजार भाउलाई आधार मान्दा १ लिटर मट्टितेल वा १ के.जी. प्याजलाई १ डलर भन्दा बढी पर्छ। अत: दैनिक १ डलर कमाइले सिङ्गो परिवारको लागि आवश्यक खाना, लुगा र बास तथा शिक्षा, स्वास्थ्यमा पहुँच स्थापनाको कल्पना समेत गर्न नसकिने हुँदा नेपालमा गरिबीसम्बन्धी सरकारी तवरबाट प्रकाशित उक्त तथ्याङ्कप्रतिको विश्वासनीयतामा पनि प्रश्न उठ्ने गरेको छ। यद्यपि अर्को वैज्ञानिक अनुसन्धानले यस तथ्यलाई विस्थापित नगरुन्जेलसम्म यो तथ्याङ्कलाई स्वीकार्नुको विकल्प छैन।

**गरिबी र मानव अधिकारबीचको अन्तर सम्बन्ध**

मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएको तथा नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनु पर्छ[५] भनी मानव अधिकारको परिभाषा गरेको पाइन्छ। यस परिभाषालाई आधार मान्ने हो भने मानव अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको विभिन्न सन्धि सम्झौतामा उल्लेखित गरिबीको हितलाई सम्बोधन गर्न प्रत्याभूत गरिएका प्रावधानहरूलाई गरिबीको चपेटा परेकाहरूको अधिकारको रूपमा लिन सकिन्छ। मानव अधिकारका प्रावधानहरू पृथ्वीभरका मानिसलाई समान रूपले लागु हुने, सबै मान्छेको अधिकार भएता पनि आवास, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा गरिबीको चपेटमा परेकाहरूको पहुँच स्थापित गर्ने कुरा चुनौतीपूर्ण भएकोले त्यस्ता अधिकारसम्बन्धी व्यवस्थाहरूलाई गरिबको मानव अधिकारको रूपमा यस लेखमा उल्लेख गर्न खोजिएको छ। मानव अधिकार र गरिबीबाट मुक्ति एक सिक्काको दुई पाटोको रूपमा रहेको छ। जबसम्म गरिबहरूको आधारभूत अधिकारहरूमा पहुँच स्थापित हुँदैन तबसम्म मानव अधिकारसँग सम्बन्धित प्रावधानहरूको कार्यान्वयन सम्भव हुँदैन। त्यसैले गरिबीलाई मानव अधिकारको उल्लङ्घनको अवस्थाको रूपमा समेत लिइन्छ। अत: मानव अधिकार र गरिबीबीच अलग गर्नै नसकिने सम्बन्ध छ।

मानव अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको विभिन्न सन्धि सम्झौतामा उल्लेखित निम्न व्यवस्थाहरू गरिबीको अवस्थाबाट गुज्रिरहेका मानिसहरूको मानव अधिकारको रूपमा रहेका छन्:

**अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू**

**संयुक्त राष्ट्र सङ्घको बडापत्र,१९४५**

जनताहरूको समान अधिकारको र आत्मनिर्णयको सिद्धान्तको सम्मानमा आधारित राष्ट्रहरूबीच शान्त एवम् मैत्रीपूर्ण सम्बन्धका निमित्त कल्याणको स्थिति सृजना गर्ने उद्देश्यले संयुक्त राष्ट्रले जीविकाको उच्चस्तर, पूरा रोजगारी एवं आर्थिक तथा सामाजिक प्रगति र विकासको अवस्था ,अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, स्वास्थ्य र सम्बन्धित समस्याहरूको समाधान तथा अन्तर्राष्ट्रिय साँस्कृतिक र शैक्षिक सहयोग र जाति, लिङ्ग, भाषा वा धर्ममा भेदभाव नगरी सबैका निमित्त मानव अधिकार र मौलिक स्वतन्त्रताका लागि विश्वव्यापी सम्मान तथा तिनको पालनाका कुरालाई अगाडि बढाउने।[६]

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८**

प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसिएतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोगमार्फत र प्रत्येक राष्ट्रको सङ्गठन र स्रोतहरू अनुरुप निजको प्रतिष्ठाको लागि अपरिहार्य आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको प्राप्तिको अधिकार हुनेछ।[७]

प्रत्येक व्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनौटको, कामका उपयुक्त र अनुकूल अवस्थाहरूको र बेरोजगारी विरुद्ध संरक्षणको अधिकार छ। प्रत्येक व्यक्तिलाई भेदभाव बिना समान कामको लागि समान पारिश्रमिकको अधिकार छ। काम गर्ने प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको लागि मानविय प्रतिष्ठा अनुकूलको स्थितिको विद्यमानता सुनिश्चित गर्ने कामका उपयुक्त र अनुकूल अवस्थाहरूको अधिकार छ। र यस्तो अधिकारलाई आवश्यक भएमा सामाजिक संरक्षणका अन्य साधनबाट परिपूरण गरिने छ।[८]

प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ।[९]

आमा र शिशुहरूलाई विशेष स्याहार र सहायता पाउने अधिकार छ। विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान संरक्षण पाउनेछन्।[१०]

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९६६**

यस सन्धिका पक्ष राष्ट्रहरूले आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कुनै कामबाट आफ्नो जीवन धान्नसक्ने मौकाको अधिकारसमेत प्रत्येक व्यक्तिको काम गर्ने अधिकार स्वीकार गर्दछन् र यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन्।[११]

---

५ दफा २ (च) मानव अधिकार आयोग ऐन,२०५३

६ धारा ५५, सयुक्त राष्ट्र सङ्घको बडापत्र, १९४५

७ धारा २२, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८

८ धारा २३, उही

९ धारा २५(१), उही

१० धारा २५(२), उही

११ धारा ६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९६६

सबै कामदारहरूलाई भेदभाव बिना उचित ज्याला र पारिश्रमिकको र निजका परिवारहरूलाई राम्रो जीवन स्तरको प्रत्याभूति गरिने छ।[१२]

यस महासन्धीका पक्ष राष्ट्रहरू सामाजिक सुरक्षाका लागि सामाजिक बिमा लगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन्। आर्थिक तथा सामाजिक शोषणबाट बालबालिका र तरुणहरूलाई संरक्षण प्रदान गर्ने। प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू र परिवार समेतको पर्याप्त जीवनस्तरको तथा जीवन अवस्थाको सुधारका लागि पहल कदमी गर्ने। भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्ने। प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम स्तर प्राप्तिका लागि बाल मृत्युदर घटाउने तथा बालकको स्वास्थ्य विकास, वातावरणीय सरसफाइमा सुधार, प्रकोप र महामारीको रोकथाम र उपचार र बिरामीहरूलाई चिकित्सा सेवा र हेरचाहको सुनिश्चितता गर्ने।[१३]

**राष्ट्रिय कानुनी व्यवस्थाहरू**

प्रचलित राष्ट्रिय कानुनहरूमा भएका गरिबीसँग सम्बन्धित निम्न व्यवस्थाहरू रहेका छन्:

**नेपालको संविधान**

**नेपालको संविधानमा गरिबका सम्बन्धमा निम्न व्यवस्थाहरू रहेका छन्:**

वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै [१४]भन्ने वाक्याङ्श उल्लेख भएको।

> **“ समाजका गरिब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा गरिबी निवारणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गराउन र गरिबी निवारण कार्यमा संलग्न संस्थाहरूलाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराई मुलुकबाट गरिबी निवारण गर्न गरिबी निवारणसम्बन्धी कोषको स्थापना गर्ने उद्देश्यले गठन भएको कोषको[६८] सामाजिक परिचालनका माध्यमबाट गरिब व्यक्ति, परिवार वा समुदायको आर्थिक तथा सामाजिकस्तर उठाउन उनीहरूलाई आवश्यक सेवा सुविधामा पहुँच सुनिश्चित गरी उपयोग गर्न सक्ने तुल्याउने र निजहरूलाई स्थानीय विकास कोषको निर्णय प्रक्रियामा सक्रिय गराई उनीहरूले आफ्नो हक हित र अधिकार प्रयोग गर्न सक्ने गरी सक्षम बनाउन क्षमता अभिवृद्धि गराउनेलगायतका उद्देश्य रहेको छ। ”**

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ।[१५] सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन। सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। राज्यले नागरिकहरूकाबीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।[१६]

तर, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।[१७]

प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुनेछ। प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ।[१८] प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ। प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।[१९]

---

१२ धारा ७, उही
१६ धारा ९, १०, ११, १२, उही
१३ प्रस्तावना, नेपालको संविधान
१४ धारा १६(१), उही
१५ धारा १८, उही
१६ उही
१७ धारा ३३, उही
१८ धारा ३५, उही
१९ धारा ३६, उही

प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक र कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ।[३०] प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ र कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन।[३१]

राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।[३२]

आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास,रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ। अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ। प्रत्येक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागतरूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।[३३]

**मुलुकी ऐन, गरीब कङ्गालको महलमा भएको व्यवस्था**

आफन्त वा संरक्षकले हेर विचार नगरेका वा त्यस्ता कोही नभएका नाबालकको जायजात रहेनछ वा भए पनि त्यसको आयस्ताबाट निजको पालन पोषण हुन नसक्ने रहेछ भने सो ठाउँको गाउँ विकास समिति वा नगरपालिकाले त्यस्तो नाबालकलाई नाबालक पाल्ने ठाउँको छुट्टै व्यवस्था भएकोमा सोही ठाउँमा र सो नभए त्यस इलाकाको प्रमुख जिल्ला अधिकारी समक्ष पठाइ दिनुपर्छ। प्रमुख जिल्ला अधिकारी कहाँ सो बमोजिम आएका नाबालकलाई उसको आयस्ताले नपुगे जति राजगुठीको आम्दानीबाट खर्च गरी सोह्र वर्षको उमेर नपुगेसम्म स्याहार सम्भार गरी गर्न लगाई पाली राख्नु पर्छ।[३४]

जायजात र आफ्नो कोही नभएका रोजगार गरी खाननसक्ने असमर्थ व्यक्तिलाई सो ठाउँको गाउँ विकास समिति वा नगरपालिकाको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले सदावर्तबाट हण्डी र वर्षको दुई जोर कपडा दिलाइ नेपाल सरकार बाट तोकिएको ठाउँमा पाली राख्न लगाउनुपर्छ।[३५]

**गरिबी निवारण कोष ऐन, २०६३**

समाजका गरीब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा गरिबी निवारणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गराउन र गरिबी निवारण कार्यमा संलग्न संस्थाहरूलाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराई मुलुकबाट गरिबी निवारण गर्न गरिबी निवारणसम्बन्धी कोषको स्थापना गर्ने उद्देश्यले गठन भएको कोषको[३६] सामाजिक परिचालनका माध्यमबाट गरीब व्यक्ति, परिवार वा समुदायको आर्थिक तथा सामाजिकस्तर उठाउन उनीहरूलाई आवश्यक सेवा सुविधामा पहुँच सुनिश्चित गरी उपयोग गर्न सक्ने तुल्याउने र निजहरूलाई स्थानीय विकास कोषको निर्णय प्रक्रियामा सक्रिय गराई उनीहरूले आफ्नो हक हित र अधिकार प्रयोग गर्न सक्ने गरी सक्षम बनाउन क्षमता अभिवृद्धि गराउनेलगायतका उद्देश्य रहेको छ।

**सहकारी ऐन, २०४८**

यस ऐनमा गरिबीसम्बन्धी विशेष व्यवस्था नभएता पनि सहकारीको माध्ययमबाट गरिबी निवारण गर्ने उद्देश्य ऐनले राखेकोले सान्दर्भिक ठानी उल्लेख गरिएको छ। ऐनमा देशका कृषक, कालीगढ, कम पूँजीवाल र निम्न आयवर्ग, श्रमिक, भूमिहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा सङ्घहरूको गठन र सञ्चालनसम्बन्धी व्यवस्था गर्न

> **“तथ्याङ्कले गरिबी घटेको देखाएता पनि गरिबी घट्नुको मुख्य कारणहरूमध्ये तीव्र शहरीकरण, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, कृषि ज्यालामा भएको वृद्धि, गैर कृषि क्षेत्रको रोजगारी तथा ज्यालामा भएको वृद्धि र आर्थिकरूपमा सक्रिय उमेरका जनसङ्ख्याको हिस्सामा भएको वृद्धि मुख्य रहेका छन्। प्रतिव्यक्ति गरिबीको दरमा कमी आउनु सुखद पक्ष भएता पनि २०७२ वैशाख महिनाको विनासकारी भूकम्पका कारण झण्डै ७ लाख परिवार गरिबीको रेखामुनी धकेलिन पुगेको अनुमान गरिएको छ र भारतले गरेको नाकाबन्दीको कारण सोही अनुपातमा गरिबी बढेको विज्ञहरू बताउँछन्।”**

---

३० धारा ३७, उही

३१ उही

३२ उही

३३ ४ नं. मुलुकी ऐन, गरीब कंगालको महल

३४ ५ नं. पुर्ववत

३५ प्रस्तावना, गरीबी निवारण कोष ऐन, २०६३

३६ प्रस्तावना, सहकारी ऐन, २०४८

वाञ्छनीय भएकोले ऐनको निर्माण गरिएको उल्लेख गरेको छ।[१७]

### नेपालमा गरिबीको अवस्था र असर

नेपालमा दिन प्रतिदिन आत्महत्या गर्नेको सङ्ख्या बढिरहेको छ। यसरी आत्महत्या गर्नेहरूमध्ये अधिकांश गरिबीको चपेटामा परेकाहरू छन्। खासगरी गरिब बस्तीमा आत्महत्या गर्नेको सङ्ख्या बढी छ। केही वर्ष अघि दाङमा एक महिलाले आफ्ना छोराछोरीसहित आत्महत्या गरेपछि उक्त कुराको पुष्टि भएको हो। छिमेकी मुलुक भारतमा गरिबीकै कारण दशौं हजार किसानले आत्महत्या गरेको समाचार प्रकाशमा आउने गरेको छ।

मानब बेचबिखनसँग सम्बन्धित घटनाको ठूलो हिस्सा गरिबीकै कारण अपराधीको अनुचित प्रभावमा पीडित परेकोले हुने गरेको तथ्याङ्क प्रकाशमा आउने गरेका छन्। त्यतिमात्र होइन, बोक्साबोक्सीको आरोपमा प्रताडितहरू पनि गरीब परिवारकै हुने गरेका छन्। हृष्ट पुष्ट,सुकिला र सम्पन्न परिवारका व्यक्तिलाई कसैले बोक्सा बोक्सीको आरोप लगाउँदैन। तर गरिब, खान नपुग्ने, दुब्लो ज्यान भएको, गाला चाउरी परेको, संरक्षणविहीन बृद्धबृद्धालाई बोक्सा बोक्सीको आरोपमा प्रताडित गरिन्छ।

गरिबीको रेखामुनि रहेकामध्ये २४.४ प्रतिशतको मात्र प्राथमिक शिक्षामा पहुँच रहेको छ। त्यस्तै, २०.८ प्रतिशतको माध्यमिक स्तरको शिक्षामा र १७.९ प्रतिशतको उच्च शिक्षामा पहुँच रहेको छ। त्यसैगरी गरिबीको रेखामुनिका १५.६ प्रतिशत जनताले मात्र सरकारी अस्पतालको सेवामा पहुँच राख्दछन् भने १५.३ प्रतिशतको कृषि केन्द्रहरूमा पहुँच रहेको अवस्था छ।[१८]

नेपाली समाजको साझा समस्याको रूपमा गरिबी देखापरेको छ। गरिबी सबै जाति एवम् जनजातिमा छ। यिनै गरिब मानिसहरू सबै किसिमको अवसरबाट बञ्चित छन्। राज्यको तहमा पनि उनीहरूको प्रतिनिधित्व छैन। नीति निर्माणमा पनि उनीहरूको पहुँच छैन्। अधिकारको प्रयोग गर्न पनि उनीहरू नै सक्दैनन्।

### ओझेल परेको गरिबीको सवाल र समावेशीकरण

विविधता नै विविधताले भरिपूर्ण नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा क्षेत्रीय विविधतायुक्त भएता पनि राज्यका निकायहरूमा उक्त विविधता झल्कन नसकेकोले समाजसमावेशी राज्यको निर्माण विगत २०६२-६३ को जनआन्दोलनको एक प्रमुख सवाल थियो। तर वास्तविकता भने राज्यका निकायमा प्रतिनिधित्व कम हुनुमा जाति भित्र रहेको गरिबीले महत्त्वपूर्ण भूमिका खेलेको कुरामा सरोकारवाला निकायहरू तथा राजनीतिक दलहरूको समेत पर्याप्त ध्यान पुग्न सकेको देखिएन।

गरिबी सबै जातमा छ केवल मात्रामा मात्र फरक छ। जुन-जुन जातमा गरिबी बढी थियो त्यो-त्यो जातको राज्यका अङ्गहरूमा प्रतिनिधित्व कम थियो। अझ दलितमा सबैभन्दा बढी गरिबी भएको कारण राज्यका निकायहरूमा दलितको प्रतिनिधित्व सुन्य प्राय थियो।

स्रोत साधनमा पहुँच बढी र कम गरिबी भएका जातिहरूको शिक्षा, स्वास्थ्य, राजनीतिक, प्रशासनिक क्षेत्रमा पहुँच बढी देखिनुले प्रष्टरूपमा के सङ्केत गर्दछ भने राज्यको हरेक निकायमा सहभागिता र समावेशिकरणलाई आर्थिक हैसियतले (जातिको वा व्यक्तिको) प्रत्यक्ष प्रभाव पारेको हुन्छ।

तथ्याङ्कले गरिबी घटेको देखाएता पनि गरिबी घट्नुको मुख्य कारणहरूमध्ये तीव्र शहरीकरण, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, कृषि ज्यालामा भएको वृद्धि, गैर कृषि क्षेत्रको रोजगारी तथा ज्यालामा भएको वृद्धि र आर्थिकरूपमा सक्रिय उमेरका जनसङ्ख्याको हिस्सामा भएको वृद्धि मुख्य रहेका छन्। प्रतिव्यक्ति गरिबीको दरमा कमी आउनु सुखद पक्ष भएता पनि २०७२ वैशाख महिनाको विनासकारी भूकम्पका कारण झण्डै ७ लाख परिवार गरिबीको रेखामुनी धकेलिन पुगेको अनुमान गरिएको छ[१९] र भारतले गरेको नाकाबन्दीको कारण सोही अनुपातमा गरिबी बढेको विज्ञहरू बताउँछन्।

### निष्कर्ष

मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा नेपालले गरेको प्रतिबद्धता सोअनुरुप राष्ट्रिय कानुनहरूमा गरेको व्यवस्था अझ संविधान सभाले बनाएको नेपालको संविधान, २०७२ मा आवास तथा रोजगारीको हकसमेतलाई मौलिकहकको रूपमा संविधानमा समावेश गरिनुले राज्य गरिबप्रति संवेदनशील प्रतित भएता पनि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी तथा सामाजिक सुरक्षा जस्ता मानव अधिकारको अधिकारको उपभोग गर्नबाट गरिबहरू अझै वञ्चित छन्। मानव अधिकारका कानुनी प्रावधान कमै भएता पनि समृद्ध मुलुकका सम्पन्न नागरिकले स्वत शिक्षा, स्वास्थ्य, आवास, रोजगारी तथा सामाजिक सुरक्षा जस्ता मानव अधिकारको उपभोग गरिरहेका हुन्छन्। विगतमा जे जसो भएता पनि गरिबका पक्षमा भएका कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि धेरै सवालहरूमा काम गर्न बाँकी नै छ।

### सन्दर्भ सामग्री सूची


- नेपालको संविधान २०७२
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन,२०३९
- गरिबी निवारण कोष  ऐन, २०६३
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- मुलुकी ऐन, २०२०
- समाज कल्याण ऐन, २०४९
- सहकारी ऐन, २०४८
- अधिकारी हेमाङ्गराज समेत,प्रयोगात्मक नेपाली शब्दकोष, विद्यार्थी प्रकाशन प्रा.लि. २०६१
- कुँवर कृष्णबहादुर, नेपालमा गरिबी र ग्रामीण विकास, मीना कुँवर,२०५९


---

१७ तेह्रौं योजना,आर्थिक वर्ष (२०७०/०७१ - २०७२/०७३) पृ. २०२

१८ आर्थिक सर्वेक्षण,आर्थिक वर्ष २०७२, ०७३, पृ. २८७

विश्लेषण



सुमित्रा भट्टराई

# कथित बोक्सा/बोक्सी प्रथा र कानुनी व्यवस्था

**विषय प्रवेश**

कसैको कुभलो चिताउने व्यक्ति वा कसैको विनास गर्ने भनेर आरोप लगाइएका व्यक्ति जसलाई हाम्रो समुदायमा पुलिङ्गमा बोक्सो तथा स्त्रीलिङ्गमा सम्बोधनका भाषामा बोक्सी भन्ने गरिन्छ। हामीले कथित बोक्सीले कसैको अशुभ चिताउने अथवा कामना गर्ने गर्दछन्। अन्धविश्वास अनुसार कथित बोक्सा वा बोक्सीका कारण कुनै व्यक्ति वा उसको परिवारका सदस्यको अझ कहीं कतै घर पालुवा जनावरकोसमेत विनाश हुन्छ।

हाम्रो समाजमा कथित बोक्सीको यातना पाउने महिलामा अपवाद बाहेक एकल, दलित, जनजाति, पछाडि परेको अथवा पारिएको समुदायको र कमजोर आर्थिक पृष्ठभूमिका रहेका हुन्छन्। जसको पक्षमा बोल्ने कोही हुँदैनन् भने विपक्षमा पूरै समुदाय नै भेटिन्छ। बलियो पृष्ठभूमि अथवा पति तथा घर परिवारको बलियो आड भरोसा पाएका महिलालाई कथित बोक्सीको आरोपमा यातना दिएको अथवा दुर्व्यवहार भएको घटना कमै भेटिन्छ। प्रश्न यसैमा छ कि त्यति शक्तिशाली मानिने कथित बोक्सीहरू आफु चाहिँ किन शक्तिशाली बन्दैनन् ? किन उनीहरू आर्थिक रूपमा सम्पन्न हुँदैनन् ? किन जिन्दगी नै गरिबीमा बिताउन बाध्य हुन्छन्। यदि समाजले कथित बोक्साबोक्सी आरोप लगाएका र तिरस्कार गरिएका व्यक्ति साँच्चै शक्तिशाली हुन्थे त उनीहरू आफैं आर्थिक सम्पन्न किन हुँदैनन् समाजमा अरू भन्दा धनी किन बन्दैनन् ?

विश्वका अन्य देशमा विकासका कुरा, अत्याधुनिक मेसिनका कुरा, अन्तरिक्षमा जाने आदिबारे बहस चल्दा हामीले हाम्रा पत्रिका, रेडियो, टिभी अनि अनलाइनमा फलानो ठाउँमा कथित बोक्सी वा बोक्साको आरोपमा हत्या भन्ने शीर्षकका समाचार पढ्नु परिरहेको छ। शरीरमा रक्तचाप घटबढ भएर अथवा अन्य कुनै कारणबस जिउ काँप्दा होस वा लामो समय सम्म ज्वरो आउँदा अथवा नवजात शिशुको मृत्यु हुँदा कारण पहिचान नगरी धामी/धमिनी वा 'झाँक्रीलाई जोखाना हेराउने' समाजमा हुर्केका छौं हामी। घरमा गाई भैंसीले दुध नदिँदा खुसार्नी पोलेर अज्ञात बोक्सा वा बोक्सी मन्साउने प्रचलन गाउँतिर अझै कायमै छ। पूर्वी नेपालका धामीझाँक्री हुन् या तराइका ओझा तथा पश्चिमी थारु समुदायका गुरुवाहरूको अझै ठूलो महत्त्व छ समाजमा। सोही समाजको कुनै निर्धो

**कथित बोक्सीका विषयमा कवि सञ्जय खड्काले लेख्नुभएको ए हजुर यसो गरे कसो होला शीर्षकको कविताले धेरै अर्थ बोल्छ।**

*बोक्सी त शक्तिशाली हुन्छ रे !*
*आफूले चाहेको जे पनि गर्न सक्छे रे !*
*त्यसो भए विश्वविद्यालय खोले हुन्छ*
*बोक्सी विद्या सिकाए हुन्छ*
*किन चाहियो बन्दुक अनि गोली र गट्टा ?*
*किन चाहियो प्रहरी र आर्मी ?*
*बोक्सीहरूको ब्यारेक बनाए हुन्छ,*
*राष्ट्रिय प्रतिरक्षाका लागि प्रयोग गरे हुन्छ,*
*अनि त, के को भारत के को चीन?*
*सबैभन्दा माथि नेपाल हुन्छ।*
*धामी त झन् शक्तिशाली हुन्छ रे !*
*आहा ! यस्तो गर्न सके त...*
*युनडीपीको रिपोर्टमा शतप्रतिशत नेपाली स्वस्थ्य हुन्थे होला*
*नेपालीहरू भूकम्प वा दैवी प्रकोपबाट सधैं सुरक्षित रहन्थे होला*
*नेपालीहरू वैदेशिक हस्तक्षेपबाट स्वतन्त्र हुन्थे होला*
*दिल्ली र वाशिङटनका शक्तिहरू काठमाडौंमा केन्द्रीकृत हुन्थे होला*
*जाबो एटम बमले के लछाई ?*
*बोक्सीले चाह्यो भने एकै वाणले बसी बसी धेरैलाई पछार्छ,*
*अनि त पोप फ्रान्सिस् हाम्रो स्वास्थ्यमन्त्री अगाडि झुक्थे होलान्*
*वर्ल्ड फस्ट लेडी हाम्रो रक्षामन्त्रीको अगाडि झुक्थी होलिन्।*
*यूएनले एकमात्र भिटो पावर नेपाललाई दिन्थ्यो होला,*
*स्थायी समिति सदस्य बन्नका लागि*
*यूएस यूके अनि रुस, चिन र फ्रान्स*
*नेपाललाई गुहार्थे होलान्।*
*ए हजुर यसो गरे कसो होला ?*

*साभार : koselinews.com/2p=472*

व्यक्तिलाई दोषी ठहऱ्याएकै भरमा या यातनाको भागिदार बनाएकै आडमा ठूलो मान सम्मानमा बाँचिरहेका भेटिन्छन्। उनीहरूले कथित बोक्सा वा बोक्सीको पहिचान गर्छन् र कुनै व्यक्तिमाथि हिंसा र दुर्व्यवहारको सुरूवात हुन्छ।

**सन् २००६ देखि सन् २०१६ सम्म बोक्साबोक्सीको आरोपमा पीडित सङ्ख्या**

| वर्ष | महिला | पुरुष |
|---|---|---|
| २००७ | ४४ | ३ |
| २००८ | ४३ | ४ |
| २००९ | ५९ | २ |
| २०१० | ४९ | २ |
| २०११ | ५१ | ६ |
| २०१२ | ५२ | १३ |
| २०१३ | ६९ | ८ |
| २०१४ | ८९ | ५ |
| २०१५ | ५१ | ३ |
| २०१६ | ३४ | १ |
| **जम्मा** | **५४१ जना** | **४७ जना** |

इन्सेकले पछिल्लो दश वर्षमा गरेको अभिलेख हेर्ने हेर्ने हो भने कथित बोक्सी तथा बोक्सोबाट महिला र पुरुष दुवै पीडित भएका छन्। उल्लेखित तथ्याङ्कमा हत्या बाहेक कथित बोक्सी वा बोक्साको आरोपमा पछिल्लो दशवर्षमा भएका घटनामा परी पीडित हुनेको सङ्ख्या राखिएको छ। जसअनुसार हरेक वर्ष देशका विभिन्न स्थानमा केही महिला र पुरुष कथित बोक्सी वा बोक्साका नाममा गरिने अमानवीय व्यवहार अथवा हिंसाको शिकार हुन्छन्। सङ्ख्यात्मक रूपमा हेर्दा पछिल्लो दशवर्षमा पुरुषको तुलनामा महिला बढी पीडित भएको पाइन्छ। एक दशकमा ५ सय ४१ जना महिला र ४७ जना पुरुष गरी ५ सय ८८ जना व्यक्ति कथित बोक्सा वा बोक्सीको आरोपमा पीडित बन्न पुगेको इन्सेकले अभिलेख गरेको छ।

कथित बोक्सा वा बोक्सीका आरोपित सबै कानुनी उपचारका लागि सम्बन्धित निकायसम्म पुग्दैनन्। प्राय: न्यून आर्थिक श्रोत भएका, अशिक्षित, न्यायमा पहुँच नभएका तथा डरत्रासका कारण र कतिपयले लोकलाजका कारण र घटना ठूलो हुने तथा सबैले थाहा पाउने भयका कारण अन्याय र दुर्व्यवहार सहेर बस्ने गरेको पाइन्छ।

रसुवा जिल्लाको साविकको यार्सा गाविस-०९ बस्ने ५६ वर्षीय तुलु सार्की थिङलाई ०७३ वैशाख ४ गते कथित बोक्सोको आरोपमा मोसो दलेर कुटपिट गरी जिउँदै आगो लगाई हत्या गरेको भन्दै पीडित पक्षले वैशाख ५ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी गरेको थियो। उजुरी पश्चात् २०७३ वैशाख ५ गते शवको उत्खनन् गरी काठमाडौं स्थित त्रिवि शिक्षण अस्पतालमा पोष्टमार्टम गरियो। घटनामा संलग्नताको आरोपमा प्रहरीले सोही ठाउँ बस्ने मृतकका भतिजा २७ वर्षीय कान्छा शेर्पा, साविकको भोर्ले गाविस-२ का ३८ वर्षीय साहिला थिङ, साविकको यार्सा गाविस-०९ बस्ने ४० वर्षीया ल्वाङवुटी तामाङलाई प्रहरीले वैशाख १६ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०७३ जेठ १३ गतेको फैसलाले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। आरोपितहरूले सो घटना हुनुपुर्व थिङलाई ०७२ चैत ४ गते कथित बोक्सोको आरोप लगाई अभक्ष वस्तु खुवाई मोसो दलेर दुर्व्यवहार गरेका थिए। सो घटनापछि पीडित गाउँ छाडेर मजदुरीका लागि चिनको केरूङ गएका थिए। डरका कारण कतै उजुरी नदिएका पीडितको गाउँ फर्केपछि हत्या भएको थियो।

**ऐनले बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने, बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने, बोक्सीको आरोपमा अङ्गभङ्ग गर्ने, बोक्सीको आरोपमा कुटपिट गरि खोप्ने, डाम्ने, पोल्ने वा रसायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर अमानवीय वा अपमानजनक व्यवहार लगायत कसुर गर्ने व्यक्तिहरूलाई सजायको व्यवस्था गरेको छ।**

**महिलाको हकमा गरिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था**

नेपालको संविधान २०७२ को धारा ३८ मा मौलिक हककै रूपमा महिला अधिकारको सुनिश्चितता गरेको छ। सो साधा ३८ को उपधारा ३ मा महिला विरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिँसा जन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने बारेमा प्रष्टसँग उल्लेख छ।

मानव अधिकारको विश्वव्यापी घोषणपत्रका १९४८ साथै नेपालद्वारा १९९१ मा अनुमोदन भएको महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धिले पनि महिला विरूद्ध हुने सबै किसिमका भेदभाव अन्त्य गर्ने भन्ने विषयको

विशेष व्यवस्था गरेको छ। ३० ओटा धारा रहेको यस महासन्धिका सुरूका ६ ओटा धाराहरूले महिला विरूद्धको भेदभावलाई परिभाषित गरेका छन् भने पछिल्ला धाराहरूले राजनीतिक र सार्वजनिक अधिकारहरूको संरक्षणका साथै शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रहरूबाट महिला विरुद्धको विभेद अन्त्य गर्ने भन्ने कुरा उल्लेख गरेको छ। यस महासन्धिमा उल्लेख गरिएका अधिकार तथा विभेदको अन्त्यका लागि संयन्त्रको निर्माण समेत व्यवस्था गरिएको छ अर्थात् महासन्धिको कार्यन्वयन र महिला विरूद्ध हुने भेदभावको विषयमा पर्यवेक्षण तथा मूल्याङ्कनको लागि समितिको व्यवस्था समेत गरेको छ।

**बोक्सीको आरोपसम्बन्धी कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

कसैलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपितलाई क्रुर तथा अमानवीय व्यवहार गर्ने वा बोक्सीका नाममा कुनै किसिमको यातना दिने जस्ता अमानवीय तथा कुरीतिजन्य क्रियाकलापलाई दण्डित गरी स्वच्छ र स्वस्थ समाजको निर्माणका निम्ति तयार विधेयक २०७१ असार १३ गते महिला, बालबालिका तथा समाज कल्याण मन्त्री नीलम केसीले व्यवस्थापिका-संसद सचिवालयमा पेश गर्नुभएको थियो। कसैलाई कथित बोक्साबोक्सीको आरोप लगाउँदै शारीरिक प्रताडना र बेइज्जती गर्नेलाई कारबाही गर्न सरकारले संसद्मा प्रस्तुत गरेको विधेयकको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०७१ भदौ ४ गते स्वागत गरेको थियो।

सो विधेयक पारित भई हाल बोक्सीको आरोप (कसुर र सजाय ऐन) २०७२ लागु भइसकेको छ। सो ऐनले बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने, बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने, बोक्सीको आरोपमा अङ्गभङ्ग गर्ने, बोक्सीको आरोपमा कुटपिट गरि खोप्ने, डाम्ने, पोल्ने वा रसायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर अमानवीय वा अपमानजनक व्यवहार लगायत कसुर गर्ने व्यक्तिहरूलाई सजायको व्यवस्था गरेको छ।

सो ऐन बमोजिम कसुर गर्ने व्यक्तिलाई अवस्था र घटनाको प्रकृति हेरी ६ महिनादेखि आठ वर्षसम्म कैद सजाय र पाँच हजार रुपियाँदेखि १ लाख रुपियाँसम्म जरिवानाको व्यवस्था गरेको छ। यसैगरी कसुरमा सजाय पाइसकेको व्यक्तिले पुन: सोही कसुर गरेमा पटकै पिच्छे दोब्बर सजायको व्यवस्था गरेको छ।

**निष्कर्ष**

ऐन कानुनमा पीडकलाई दण्ड सजायको प्रष्ट व्यवस्था गरिएको भएता पनि सो व्यवस्थाको कार्यान्वयन पक्ष फितलो रहेको देखिन्छ। कथित बोक्सी वा बोक्साको आरोप लगाई अमानवीय वा अपमानजनक व्यवहार गर्ने, यातना दिने तथा हत्या गर्ने व्यक्ति आर्थिक रूपमा मजबुत हुने, राजनीतिक संरक्षणमा रहने तथा कानुनको पहुँचमा भएको कारणले गर्दा यो ऐन कार्यान्वयनमा चुनौती देखिन्छ। यसर्थ कथित बोक्सा वा बोक्सी प्रथाको अन्त्य गर्नाका लागि संविधान र कानुनमा व्यवस्था गरिएका विषयलाई अक्षरस: पालना गर्ने, पीडकले कुनै पनि बहानामा उन्मुक्ति नपाउने हो भने बोक्सा तथा बोक्सीका आरोपमा गरिने विभेद घट्दै जाने र हामीले कल्पना गरेभैंं मानव अधिकार मैत्री समाजको निर्माण हुन सम्भव छ।

*(प्रलेख अधिकृत, इन्सेक पोखरा)*


## मुलुकको मानव अधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानव अधिकार वर्ष पुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानव अधिकार सँगालो
- मानव अधिकारको ऐतिहासिक अवधारणा
- मानव अधिकार-प्रहरी-कानुन
- मानव अधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानव अधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- इन्सेक अनलाईन (www.inseconline.org)
- मानव अधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा
- मध्यमाञ्चल : जनआन्दोलन र मानव अधिकार
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

समीक्षा

# कानुनी शासनको सवलिकरणका लागि रोम विधानको अनुमोदन



अधिवक्ता, वसन्त गौतम

चितवनको माडीमा यात्रुवाहक बसमा नेकपा माओवादी कार्यकर्ताले विद्युतीय धराप विष्फोटन गराउँदा ठूलो सङ्ख्यामा निर्दोष सर्वसाधारणले ज्यान गुमाए। बाँदरमुडे घटनाले परिचित त्यो जघन्य अपराधको बारे एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले सार्वजनिक रूपमा गल्ती स्वीकार गरेको भए पनि न उनको पार्टीले सार्वजनिक रूपमा घोषणा गरेबमोजिम पीडितलाई दिने भनेको राहतको प्याकेज दियो नत यस्तो गम्भीर अपराधमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन सघाउ नै पुऱ्यायो। बरु भुलवस भएको घटना भन्दै पूरै पार्टी पङ्क्ति अपराधिक दायित्वबाट पन्छिने प्रयास गरिरहेको छ।

युद्धविरामका बेला रामेछापको दोरम्बामा १९ जना माओवादी कार्यकर्तालाई तत्कालीन शाही नेपाली सेनाले सामूहिक हत्या गऱ्यो। दोरम्बा घटनाले परिचित यो अपराधका पीडितहरू न्यायको खोजीमा भौँतारिइ रहे पनि यति ठूलो जघन्य अपराधमा संलग्नहरूलाई अझै कानुनले छुन सकेको छैन।

ती दुई त प्रतिनिधिमूलक घटना मात्र हुन्। बाँकेको चिसापानी, कालीकोटको कोटवारा, रुकुमको खारालगायत द्वन्द्वकालमा सयौँको सङ्ख्यामा यस्ता जघन्य प्रकारका घटनाहरू भए पनि घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउन नसक्दा उनीहरू दण्डहीनतामा रमाइरहेका छन्। सरकारले फौजदारी अदालतको रोम विधान अनुमोदन नगर्दा यस्ता गम्भीर प्रकृतिका फौजदारी अपराधका पीडितहरूले देश भित्र न्याय पाउन नसकेको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको ढोका ढकढक्याउन पाउने अधिकार समेतबाट बन्चित गरी दण्डहीनतालाई प्रश्रय दिने काम गरिरहेको छ।

सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका पीडितहरूले लामो न्यायको लडाईको बाबजुद पीडकहरू कानुनी दायरामा आउन सकेका छैनन्। मौलाउँदो दण्डहीनताको संस्कृति, अपराधमा राजनीतिकरणका कारण पीडकहरू खुलेआम हिँड्न सफल भएका छन्। गम्भीर फौजदारी अपराधमा मुछिएकाहरूलाई न त अदालतको आदेशले छुन सकेको छ न त प्रहरीले नै पक्राउ गर्न सकेका छन्। बरु उनीहरू राजनीतिक संरक्षणमा कारबाही होइन पार्टीमा महत्त्वपूर्ण पद ओगट्न सफल भएका छन् भने सरकारी जागिर खानेहरू उच्च पदमा बढुवा हुन सफल भएका छन्।

गत साउन २ गते नेपाललगायत संसारका अन्य मुलुकमा विभिन्न कार्यक्रमको आयोजना गरी अन्तर्राष्ट्रिय न्याय दिवस मनाइयो। दण्डहीनताको अन्त्य र कानुनी शासनको सवलीकरणका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नुपर्ने माग राख्दै नेपालमा यो दिवस मनाइएको थियो। सन् १९९८ जुलाई १७ मा रोम विधान पारित भएपछि प्रत्येक वर्ष १७ जुलाइका दिन यो दिवस मनाउन थालिएको हो। पीडितको न्यायका लागि अति नै महत्त्वपूर्ण मानिने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपाल अझै अनुमोदन गरेको छैन। दिवसका सन्दर्भमा आयोजित कार्यक्रममा मानव अधिकारकर्मीहरूले रोम विधान अनुमोदनका लागि अनुरोध गरेको भए पनि सरकार अझै यस विषयमा गम्भीर भएको पाइँदैन।

मानव अधिकारको गम्भीर उल्लङ्घन, मानवता विरोधी अपराधमा संलग्नहरूलाई अन्तर्राष्ट्रिय क्षेत्राधिकारका माध्यमबाट कानुनको दायरामा ल्याउन मद्दत पुऱ्याउने भएकाले न्यायको क्षेत्रमा काम गर्नेहरूको लागि अन्तर्राष्ट्रिय न्याय दिवसले हौसलाको प्रदान गर्दछ। सय बढी देशहरूले हस्ताक्षर गरिसकेको यो रोमविधान नेपाल सरकारले भने अनुमोदन गरेको छैन। ०६२/०६३ को जनआन्दोलनपछि पुनस्थापित संसद्ले ०६३ साउन ९ गते सर्वसम्मत ढङ्गबाट सरकारलाई रोम विधानमा तत्काल सम्मिलन हुन निर्देशन दिएको थियो। यो आदेश जारी भएको १० वर्ष व्यतित भइसक्दा समेत सरकारले त्यसको पालना गरेको छैन। तथापि, सरकारले यसलाई अनुमोदन नगर्दैमा राजनीतिक आवरणमा हुने अपराधीले उन्मुक्ति पाउँछन् भन्ने होइन। रोम विधान ३ अवस्थामा लागु हुन्छ। (१) आरोपित रोम विधान अनुमोदन गरेको मुलुकको नागरिक भएमा। (२) अपराध सम्बन्धित पक्ष राष्ट्रको क्षेत्रमा भएमा। (३) संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्ले फौजदारी अदालतलाई तत् अपराधको अनुसन्धान गर्न निर्देशन दिएमा।

संयुक्त राष्ट्रसङ्घबाट सन् १९४८ मा नरसंहार अपराधको रोकथाम र सजाय विषयक महासन्धि पारित गरेदेखि नै नरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध र हमलासम्बन्धी अन्तर्राष्ट्रिय अपराधका दोषी व्यक्तिहरू माथि मुद्दा चलाउने र सजाय दिने उद्देश्यले स्थायी अन्तर्राष्ट्रिय फौजदारी न्यायालयको स्थापनाको पक्षमा बहस सुरु भएको थियो। यो बहस प्रारम्भ भएको ५० वर्ष पछि संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सन् १९९८ को १७ जुलाईका दिन रोममा आयोजना गरिएको अन्तर्राष्ट्रिय सम्मेलनले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ लाई जारी गरेको थियो। जसको आधारमा सन् २००२ मा आएर स्थायी अन्तर्राष्ट्रिय फौजदारी

अदालत विधिवत रूपमा स्थापना भएको थियो।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना अन्तर्राष्ट्रिय न्यायको सन्दर्भमा सबैका लागि एक उत्साहजनक पाइला हो। यसले राष्ट्रिय तहमा पनि विधानमा समेटिएका अपराधको अनुसन्धान, अभियोजन, पुर्पक्ष र सजायको कार्यान्वयनका कुरालाई प्रेरित गर्ने उत्प्रेरक तत्वका रूपमा लिन सक्छौं। अन्तर्राष्ट्रिय फौजदारी न्यायको क्षेत्र सबै मुलुकका फौजदारी न्याय प्रणालीका लागि मार्ग दर्शक हुन सक्दछ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार अन्तरगत नरसंहार, मानवता विरुद्धका अपराधहरू, युद्धसम्बन्धी अपराधहरू र हमलासम्बन्धी अपराधहरूको अनुसन्धान, अभियोजन पुर्पक्ष, सजाय निदान र कार्यान्वयनका प्रक्रिया समेटिएका छन्। यो अदालतको विधानले राष्ट्रिय संयन्त्र र अदालतबाटै यस्तो अपराधको अनुसन्धान, अभियोजन, पुर्पक्ष र सजाय निदान तथा सजाय कार्यान्वयन गर्ने कुरालाई कुनै बाधा गर्दैन। तर विधानको राज्य पक्ष त्यसो गर्न असमर्थ वा अनिच्छुक भएमा यसको क्षेत्राधिकार त्रियाशील हुन्छ। यस हिसाबले हेर्दा नया अन्तर्राष्ट्रिय न्याय प्रणालीको महत्त्वपूर्ण लक्ष्य प्रकारान्तरले राष्ट्रिय न्याय प्रणालीलाई बलियो बनाउनु नै रहेको छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालत दण्डहीनताको अन्त्यका लागि उपयुक्त र प्रभावकारी उपचार हुने कुरामा शंका छैन। त्यसैले अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई सशक्त बनाउनु जरुरी देखिन्छ। अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीर अपराधहरूमा संलग्न दोषीहरू न्यायको कठघरमा उभ्याइने कुराबाट उम्कन नसकुन् भन्ने चाहना मानव अधिकारलाई सम्मान गर्ने सबैले राख्नै पर्दछ। यसको सुनिश्चितताको लागि नेपाललगायत सबै राष्ट्रले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ को अनुमोदन/सम्मिलन वा समर्थन गर्न जरुरी छ। अन्तर्राष्ट्रिय समुदायको सदस्य नेपालका हामी सचेत नागरिक भएका नाताले मानव अधिकारको संरक्षण सम्बर्द्धनका गर्न दण्डहीनताको अन्त्यका लागि यस विषयमा गहन सरोकार राखी यसको अनुमोदनका लागि सरकारलाई दवाव सृजना गरी मानवता बिरुद्धको अपराध गर्ने पीडकहरू उपर अन्तर्राष्ट्रिय अभियोजनको अभ्यासका लागि यस विधानको पक्ष बन्न अन्तर्राष्ट्रिय न्याय दिवसको सन्दर्भमा सरकारलाई दवाव दिन जरुरी छ।

दण्डहीनता भनेको कानुन हातमा लिएर जनता माथि जथाभावी बलको प्रयोग गर्ने, शक्तिको दुरुपयोग गर्ने, उचित कानुनी प्रक्रियाको अवलम्बन नगर्ने र कानुन भन्दा माथिको शक्तिको रूपमा आफूलाई उभ्याउने, आरोपितमाथि कानुनी कारबाही चलाउन राज्यले इच्छा नगरेको वा उत्तरदायी नभएको अवस्था हो। दण्डहीनताको अवस्था जारी राख्नाले देशको समग्र शासन प्रणालीप्रति नै जनताको बितृष्णा बढ्छ र समाजमा कानुनको मूल्य न्यून हुन्छ। वास्तवमा भन्ने हो भने अराजकता, हिंसा, अन्योल र त्रासको श्रोत नै दण्डहीनता हो। अपराधमा संलग्नलाई जवाफदेही बनाई दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्नको लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदन गर्न जरुरी छ।

पीडितको न्याय पाउने अधिकारलाई सुनिश्चित गर्नका लागि पनि अन्तर्राष्ट्रिय क्षेत्राधिकारको प्रयोग गर्न सक्ने वातावरण सृजना गर्नका लागि सरकारले यथाशीघ्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नु पर्दछ। दण्डहीनतालाई अन्त्य गर्न कानुन कार्यान्वयन गर्ने निकायहरूको निस्पक्षता एवम् स्वतन्त्रतालाई सुनिश्चित गरिनु पर्दछ। प्रहरी, सरकारी वकिल लगायतका अपराध अनुसन्धान र अभियोजन गर्ने निकायहरूको क्षमता अभिबृद्धि गरिनु पर्दछ। युद्ध अपराध, मानवता विरोधी अपराध र एवं नरसंहार जस्ता गम्भीर प्रकृतिका अपराधमा संलग्न व्यक्तिहरूलाई दण्डित गर्न संविधानमै शक्ति सम्पन्न न्यायिक संयन्त्रको निमार्ण गर्ने संयन्त्रको व्यवस्था गरिनु पर्दछ। युद्ध अपराध, मानवता विरोधी अपराध, एवम् जघन्य जनसंहार जस्ता अपराधको माफी दिने व्यवस्था राखिनु हुँदैन। यस्ता अपराधहरूको सम्बन्धमा विश्वव्यापी क्षेत्राधिकारको अवधारणालाई नेपालले स्वीकार गर्नु पर्दछ। यस्ता गम्भीर प्रकृतिका अपराधमा हद म्याद नलाग्ने व्यवस्था मिलाइनु पर्दछ।

नेपालको सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न नेपालमा गठित दुई आयोगहरू सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएको व्यक्तिको छानविनसम्बन्धी आयोगलाई सयुक्त राष्ट्र सङ्घले सहयोग गर्न नसक्ने जनाएको छ। बेपत्ता पारिएको व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलापसम्बन्धी ऐनमा रहेका कतिपय प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्डअनुसार नभएको र यस सम्बन्धमा नेपालको सर्वोच्च अदालतले दिएको आदेशको पालना नभएकोमा संयुक्त राष्ट्रसङ्घको मुख्य सरोकार रहेको जनाएको छ। हालको विद्यमान ऐनले मानव अधिकारको उल्लङ्घनको गम्भीर अपराधलाई समेत कारबाहीको सुनिश्चितता गरेको छैन। अझै पनि बेपत्ता र यातनालाई अपराधिकरण गर्ने कानुन बनेको छैन भने बलात्कार कसुरमा रहेको सीमित हदम्यादले द्वन्द्वकालीन पीडितले न्याय पाउन सक्ने अवस्था देखिँदैन।

नेपालको नियमित न्यायिक प्रक्रियाबाट पीडितले न्याय नपाइरहेको र न्याय दिलाउन सरकार र राजनीतिक दल अनिच्छुक देखिएको परिप्रेक्ष्यमा भविष्यमा गम्भीर प्रकृतीका मानव अधिकार र मानवता विरोधी अपराधमा संलग्नलाई कानुनको दायरामा ल्याउनका लागि महत्त्वपूर्ण अन्तराष्ट्रिय औजारको रूपमा फौजदारी अदालतको रोम विधानले काम गर्न सक्ने भएकाले पीडितको न्यायका लागि यसको महत्त्व उच्च छ।

अत: अन्तर्राष्ट्रिय न्याय दिवस मनाइरहँदा कम्तीमा पनि भविष्यमा नेपाललाई कानुनी राज्यको रूपमा परिचित गराउन र दण्डहीनताको संस्कृतिको अन्त्यको लागि सरकारले ठोस योजनाका साथ तत्काल अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न जरुरी छ। रोम विधान अनुमोदनको महत्त्व यस कारण पनि छ कि यसको पक्ष राष्ट्र भएपछि नागरिकको न्यायका आधारभूत अधिकारको प्रत्याभूति हुन्छ। मुलुकमा दण्डहीनताको अन्त्य गर्ने कार्यमा यसले मद्धत पुऱ्याउँछ। सत्ता, शक्ति र राजनीतिको आडमा आपराधिक क्रियाकलापले कुनै पनि बहानामा छुट पाउनु हुँदैन भन्ने मान्यताको विकाश गराउँछ। हाम्रो जस्तो मुलुक जहाँ अपराधलाई राजनीतिकरण गरिन्छ त्यसलाई रोक्न यसले ठूलो मद्दत पुग्न सक्दछ। रोम विधानको अनुमोदनबाट भविष्यमा मुलुक भित्र पुन: विगतको जस्तो सशस्त्र द्वन्द्व वा कुनै पनि आन्दोलनका नाममा गम्भीर प्रकृति अपराध नदोहोरिने सम्भावना बढ्छ। राज्यको सुशासन व्यवस्थापनको जग बलियो बनाउन यसले मद्दत गर्छ।

फिचर

# कि न्याय देऊ, कि मृत्यू !

**"अस्पतालको मुलद्वारबाट बाहिर निकाल्ने बित्तिकै एकहुल मान्छेले देशको विधिविधान, नियम र कानुनलाई गिज्याउँदै खै त न्याय लेखिएका कागज छातिमा टाँसेर र हातमा बोकेर देखाउँछन्। घाम अस्ताउने बेला हुन झण्डै एक घण्टा जति बाँकी छ। तर, उनीहरूले जोर लालटिन बालेर दिउँसै अँध्यारो भएको सङ्केत समेत गर्छन्।"**

गोरो अनुहार। मोटो शरीर। सेता कपडाको पहिरन। नकोरेको कपाल लुकाउन टाउकोमा हरियो नातो। आँखामा पावरवाला चस्मा। चस्माभित्रका आँखाभरी आँसु। घाँटीमा रूद्राक्षको माला। घरका भित्तामा राखे झैँ घाँटीमा आफ्नोसहित परिवारका सदस्यहरूको तस्वीर। वीर अस्पतालको मुलद्वारबाट कोही सहयोगीका साथमा ह्वील चेयरमा मुर्ति झैँ बसेकी एकजना महिला आउँदा उनको पर्खाइमा बसेकाहरू एकाएक मलिन हुन्छन्। ती महिलाको दीनचर्या यसैगरी बितेको वर्षौं भइसकेको छ। उनलाई अस्पतालको मुलद्वारबाट बाहिर निकाल्ने बित्तिकै एकहुल मान्छेले देशको विधिविधान, नियम र कानुनलाई गिज्याउँदै खै त न्याय लेखिएका कागज छातिमा टाँसेर र हातमा बोकेर देखाउँछन्। घाम अस्ताउने बेला हुन झण्डै एक घण्टा जति बाँकी छ। तर, उनीहरूले जोर लालटिन बालेर दिउँसै अँध्यारो भएको सङ्केत समेत गर्छन्। ती महिलाको पेटमा अन्न नपरेकै समयपनि वर्षौं भइसकेको छ (एकीन छैन)। एक मन ज्यान बचाउन खाना खाउँ हुन्छ उनलाई अर्को मन यतिञ्जेल नखाएको खाना कसरी खाने ? भन्ने भइरहेको छ। ०६९ माघ २२ गतेबाट फलफूलमा मात्रै निर्भर ती महिला केही समययता झोलिलो खानेकुरामा निर्भर हुँदै आएकी छन्। न्याय नपाए गोर्खा जानु भन्ने लोक उक्तिको विपरीत गोरखा फूजेल-७ की गङ्गामाया अधिकारीको न्यायमाग्ने निरन्तरको अभियान अन्तर्गत २०७४ जेठ २४ गतेको दृष्य हो यो।

०६१ साल जेठ २४ गते गोरखा फूजेलका १७ वर्षीय कृष्णप्रसाद अधिकारीलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले चितवनको बकुल्लहरचोकमा निर्ममतापूर्वक हत्या गरे। त्यसपछि उनका बाबु ५६ वर्षीय नन्दप्रसाद अधिकारी र आमा ५५ वर्षीया गङगामाया अधिकारी छोराको हत्याराको कारबाहीका लागि आफ्नो बर्गतले भ्याएसम्म कठोर सङ्घर्ष गर्दै न्याय खोज्दै हिँडेका हुन्। कृष्णका दाजु नुरप्रसाद अधिकारी पनि न्यायको लडाईमा उत्तिकै क्रियाशील थिए। २०७१ साल असोज ६ गते ३ सय ३३ दिन लामो अनसनकै क्रममा उनका बाबु नन्दप्रसादको मृत्यु भएयता उनी सम्पर्कविहीन छन्। बेपत्ता सरह। नेपालको कानुन दैवले जानुन् भने झैं हत्याका अभियोगी पहिचान गर्न समेत नेपाली प्रहरी र प्रशासनले असहयोग गरेको नुरप्रसाद अधिकारी बताउँथे। उनी एकाएक बेपत्ता हुनु अघि यो पंक्तिकारसँग बारबार भन्थे- 'अब त अन्तिम विकल्प हत्याको बदला हत्या नै हो भन्ने निश्कर्षमा पुग्दै छु।' न्यायको लडाई लामो र कठिन भएपनि यो भन्दा बढी कठिनाई खेप्न र पर्खन नसक्ने भनको भनाइ थियो।






बावु आमाको जस्तै नुरप्रसाद अधिकारीको दिनचर्या पनि सिनेमाको कथा जस्तै छ। चितवनमा मारिएका भाइ कृष्णको हत्याको खबर पाउँदा नपाउँदै माओवादीले दाइलाई मार्ने भनेको भाइ पो परेछ भन्दै हल्ला फैलाएपछि उनको मनमा सन्त्रास सँगै प्रतिशोधको आगो दन्किन्छ। त्यतिबेला देशैभर 'लाल सेना'को बिगबिगी भएका बेला उनको रिसको आगो जति ठूलै दन्किए पनि गर्न सक्ने अवस्था केही थिएन। प्रहरी प्रशासनमा उजुरी गरेर कानुनी बाटो अपनाउनुको विकल्प नदेखेपछि उनी भाइको हत्या भएकै जिल्ला चितवनमा उजुरी दिन पुग्छन्। उजुरीलाई प्रहरीले अगाडि नै नबढाएपछि अधिकारी परिवार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिन पुग्छन्। कहिले प्रधानमन्त्रीसँग भेट गर्ने प्रयास स्वरूप वालुवाटार पुग्छन् त कहिले गृहमन्त्री भेट गर्न सिहदरबार। सिंहदरबार र वालुवाटार धाउँदाधाउँदै उनका वर्ष दिन पत्तै नपाई सकिन्छन्।

माओवादी द्वन्द्वकालमा राज्य र गैरराज्यपक्षबाट हजारौं नेपालीले अनाहकमा ज्यान गुमाउनु पऱ्यो। जेनेभा महासन्धिको साझा धारा ३ मान्छौं भन्ने सरकार र विद्रोही पक्षबाट सोही धाराको पटकपटक उल्लङ्घन भएको वरिष्ठमानव अधिकारकर्मी प्रा. कपिल श्रेष्ठ बताउँछन्। तर, सरकारी अधिकारीहरू 'यो त सत्य निरूपण तथा मेलमिलाप आयोगको विषय हो भन्दै आफूबाट झञ्झट पन्छाउँछन्।' - नुरप्रसाद अधिकारी भन्थे। समयमा न्याय नपाउनु अन्याय खेप्नु हो भन्ने मान्यताको नियति बनेको छ गोरखाको यो परिवार। अन्तिम पटक गृहमन्त्रीसँग न्यायको भिख माग्ने बताउँथे नुरप्रसाद अधिकारी। 'अब पनि चित्तबुझ्दो काम सुरू नभए हिंसाले प्रतिहिंसा जन्माउन सक्छ।' भन्ने अधिकारी एकाएक सम्पर्कविहीन भएपछि 'शङ्का' समेत बढेको अधिकारीहरू बताउँछन्।

१९ औं अन्तर्राष्ट्रिय न्याय दिवस जुलाई १७ मा विश्वभर मनाइयो। २०७४ जेठ २४ गते कृष्णप्रसाद अधिकारीको तेह्रौं स्मृति दिवस पनि मनाइयो। २०७४ असोज ६ गते स्वर्गीय नन्दप्रसाद अधिकारीको तेस्रो स्मृति दिवस मनाइन्छ। तर, यस्ता स्मरण र स्मृति दिवस मनाएर जति दबाव दिएपनि शासकवर्ग कानमा तेल हालेर बसेको पीडित परिवारको भनाइ छ। अन्तर्राष्ट्रिय लज्जाको विषय बन्दासमेत अधिकारी परिवारलाई सरकारले न्यायको कुरा त परै जाओस् सहानुभूतिसमेत दिन सकेको छैन। पूर्व प्रधानमन्त्रीहरू उल्टै खबरदार 'फुजेल काण्ड नउचालियोस्' भन्दै चेतावनी दिइरहेका छन्। संयुक्त राष्ट्रसङ्घले सन् १९९८ जुलाई १७ का दिन रोम विधान पारित गरेको थियो। यसै विधानअनुसार सन् २००२ जुलाई १ मा अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना भएको हो। अहिलेसम्म १ सय २४ देश रोम विधानको पक्ष राष्ट्र र १ सय ५० को हाराहारीमा हस्ताक्षर गर्ने राष्ट्र छन्। दक्षिण एशियामा तीन ओटा मुलुकले यो विधान अनुमोदन गरिसकेका छन्। त्यसमा बङ्गलादेश, अफगानिस्थान र माल्दीभ्स हुन्। नेपालले न त यो विधानमा हस्ताक्षर नै गरेको छ न त अन्यायमा परेका नागरिकहरूलाई न्याय नै दिन सकेको छ। आगामी अन्तर्राष्ट्रिय न्याय दिवससम्ममा यो विषय निश्कर्षमा पुऱ्याउन नागरिक दबाव बढाउनु जरुरी छ। छोराको तेह्रौं स्मृति दिवसका दिनदेखि पानीसमेत नखाई अस्पतालको आइसियू कक्षमै अनसन बसेकी अधिकारीको नेपाल सरकारसँग एउटै माग छ कि न्याय देऊ, कि मृत्यू !

*– रमेशप्रसाद तिमल्सिना*

कथा

# उमङ्ग रहित उत्सव



आत्माराम शर्मा पुडासैनी

फोनको पुरै घण्टी बज्यो।

मैले फोन उठाइन। रातको १० बज्नै लागेको थियो। टोल पूरै सुनसान र शान्त थियो। म भर्खरै मात्र सुतेको थिएँ। माघको चिसो चकमन्न रातलाई चिर्दै आएको त्यो फोनको घण्टी छिमेकका केही घरमा पनि सुनियो होला। अन्धकाररातलाई बिउँझाउँदै बजेको घण्टीले पक्कै शुभ समाचार ल्याएको छैन भन्ने लागेरनै मैले उठाइन।

पुन: लगातार अर्को पटक घण्टी बज्यो।

मान्छेको मन न हो, बग्न थालिहाल्यो। मनको अथाह गहिराईमा डुब्दै के के सोच्न थाल्यो थाल्यो। मनमा राम्रा नराम्रा अनेकौ आशङ्का र तरंग उब्जाउदै दोस्रो पटक आएको त्यो फोन मैले उठाएँ।

हेलो ! आराम सुति सक्यौ ?

अँ ......भनन् सुत्नै लागेको ! मैले तुरुन्तै जवाफ फर्काएँ। फोन विक्रमले गरेको रहेछ।

आज मलाई नरमाइलो लागि रहेछ, किन होला आराम ? विक्रमले मलिनो स्वरमा सोध्यो।

मैले आश्चर्यपूर्वक सोधे - किन ? के भयो विक्रम ? "१५ वर्ष अगाडिको आजकै दिन सम्झिएँ" - बोली अलि लकपकाउदै उसले भन्यो।

विक्रम भोलीको दिन तिम्रो लागि उमंगको दिन हो। भोली देखि तिम्रो नयाँ जीवनको सुरूवात हुँदै छ। आज त तिमी खुसीले फुर पर्दै भोलीको प्रतिक्षामा बस्नु पर्छ। रात धेरै छिप्पी सक्यो, खुरूक्क सुत ! आज यसरी दिक्कीनु हुँदैन - मैले उसलाई कडा स्वरमा उपदेश दिएँ। मेरो कुरा सुनेर केहीसमय उ अक्मकियो र फोन राख्यो।

उसको फोनले गर्दा मेरो निद्रा कचमचियो। मनमा अनेकौ तर्कना आए र गए। दिमाग अतितमा गएर रंगमगनि थाल्यो। निदाउँन प्रयास गर्दै चार पाँच पटक ओल्टो/कोल्टो गरे। पटक्कै निद्रा परेन। उठेर पुन: बत्ति बाले श्रीमती भाते निद्रामा मस्तसँग निदाएकी थिइन्।

बाथरूम गएर हल्का हात गोडा धोएँ र बिछ्यौनामा पल्टिएँ। फोनले मेरो निद्रा मात्र भगाएन, मनै विथोलि दियो। के गरौं ? कसो गरौ ? छट्पट भयो। पुन: उठेर सुर्ती मोलेर ओठ भित्र लुकाएँ। अघिपछि सुत्ने समयमा म कहिल्यै सूर्ती च्याप्दिन थिएँ।

धेरै भयो कविता नलेखेको। कविता लेख्न मन लाग्यो र लेख्न थाले। विक्रमको उमङ्ग रहित विवाह उसलाई छोडेर हिँडेकी सरिताको स्निग्ध मुहार र मेरो बिथोलिएको मनस्थिति समेट्दै कविता लेखे। लेखिसकेर पढे, चित्त बुझेन र च्यातिदिएँ।

थोरै पानी पिएर फेरी बिछ्यौनाम घुप्लुक्क पल्टिएँ। निद्र पटक्कै परेन। मनमा अनेक कुरा खेल्न थाल्यो।

विक्रम र म बाल्यकाल देखिका हितैषी साथी। हामीले आपसमा सुख दु:ख साटेका छौ। केटाकेटीमा गुच्चा खेल्दा हाम्रो झगडा पऱ्यो र केही वर्ष बोलचाल बन्द भयो। दुई तीन वर्ष पछि पुन: बोलचाल खुल्यो र हामी एकै ज्यानका भयौ। त्यसपछि आजका दिन सम्म हाम्रो मित्रता अटल छ।

विक्रमको स्वभाव अलि खरो र एकोहोरो छ। उसलाई चित्त नबुझेको कुरामा कडा प्रतिवाद गरिहाल्छ। रुची र क्षमता अनुसारको काम पायो र मन लाग्यो भने ऊ आकाश पाताल पुगेर पनि त्यो काम सम्पन्न गरिछोड्छ। विद्यार्थीकालमा स्कूल, कलेजको जाँच आएपछि ऊ कोठा थुनेर पढेको पढै गर्दथ्यो। र हप्तौ सम्म घरबाट निस्कदैन थियो। उसको यही मेहनती, लगनशिल संगतको कारण मैले पनि सरासर पढाइ पुरा गरें। घरको प्रतिकूल अवस्था हुँदा हुँदै पनि विक्रमले फस्ट डिभिजनमा माष्टर गऱ्यो। मैले सेकेण्ड डिभिजनमा पास गरें।

बाहिर कतै बम पड्के जस्तै गरी ठूलो आवाज आयो। अचानक आएको आवाजले गर्दा टोलका भुस्याहा कुकुरहरू एकै स्वरमा घुक्न थाले। सुनसान रातको त्यो ठूलो आवाज र कुकुरहरूको घुकाइले श्रीमती बिउँझिन् र अर्ध निद्रामा उनले मलाई सोधिन्।

के भयो हँ ? बम पड्केको हो ?

त्यस्तो केही होइन, मेन रोडमा गाडीको चक्का पन्चट भए जस्तो छ - मैले भने।

उनी फेरी घुप्लुक्क सुतिन् र घुर्न थालिन्। म भने उही अतितमा रुमलिदै ओल्टो/कोल्टो गर्न थाले।

घरको दु:ख र समस्याले गर्दा एसएलसी पास गरे देखिनै विक्रम सानोतिनो जागरिको खोजीमा थियो। आएल निगमको ड्राइभर पेशामा रहेको उसको बाबु दूर्घटनामा परेर ट्रक सहीत त्रिशुलीमा बेपत्ता भएपछि घरको सम्पूर्ण व्यवहार उसैको थाप्लोमा खनियो। सामान्य साक्षर आमाले स्कूलमा पिउनको जागिर खाँदै घर धानीरहेकी थिइन्। विक्रमका भाई र दुई बहिनी सानै थिए। यसैले गर्दा उसले एसएलसी पास गरे देखि नै जागिर खायो। आज म जुन स्थान र हैसितयमा छु यसमा विक्रमको ठूलो योगदान छ। उसैको संगत र प्रेरणाले जागिरको लागि मैले धेरै ठाउमा जाँच दिएँ। पछिल्लो पटक दुवैले कमाइण्ड स्टडी गरेर लोकसेवाको जाँच दियौ र हामी पास भयौ। त्यो दिन हाम्रा लागि सबै भन्दा उमंग र उन्मादको दिन थियो।

विगत जीवनका अनेकौं घटना सम्झिँदा सम्झिँदै म भुसुक्कै निदाएछु। कतिखेर निद्रा पऱ्यो केही थाहा पत्तै पाइनँ। छिमेकीको घरमा बिहान रेडियोमा बजिरहेको धार्मिक कार्यक्रम सुनेर म बिऊझिएँ। घडि हेर्दा थाहा भयो- पाँच बजिसकेछ। अघिपछिको भन्दा आधा घण्टा ढिलो मर्निङवाकको लागि निस्किएँ। गोकर्ण मन्दिर नजिक पुगेको मात्र थिएँ मोबाइलको धून बज्यो। छ्याङ्ग उज्यालो नभएकोले मोबाइलमा आएको नाम र नम्बर मैले ठम्याउन सकिनँ।

हेलो ! भन्नासाथ विक्रम बोल्यो।

मर्निङवाक सकियो ?उसले मलाई सोध्यो।

अँ .....सकिँदै छ - भन्न के छ खबर ? मैले भनें।

"तिमी ठीक १० बजे आइपुग है ! तिमी चाडै आएनौ भने मलाई बोर हुन्छ आज अफिस नगई सिधै गुजेश्वरीमा आऊँ है" उसले मलाई अनुरोध गर्दै भन्यो। मैले

हुन्छ ! भन्दै मोवाइल राखें।

गोकर्णेश्वर महादेवको मन्दिर परिक्रमा गर्दै घरतर्फ फर्किएँ। अघिपछि जगडोलको पूरै जङ्गल घुम्ने गथैं तर आज किन किन मलाई त्यता जान मन लागेन। करिब २० मिनेटको बाटो छोट्याएर फर्किएँ। बाटोमा हिँड्दा हिँड्दै चिया पिउन तलतल लाग्यो र होटल भित्र पसेर चिया पिएँ। चुरोट छोडेको तीन चार महिना भइसकेको थियो। चिया पिउँदै गर्दा चुरोटको तलतल लाग्यो र चुरोट सल्काएँ। त्यस क्षण आफूले आफैलाई प्रश्न गरे- होइन मलाई के भयो हँ? किन मन आज यसरी अशान्त भइरहेको छ ? मनमा कुरा खेलाउँदै घर भित्र पसेँ।

नियमित आउने पत्रिकाको हेड न्यूज हेरें। पत्रिकाको कुनै पनि समाचारले मेरो ध्यान तानेन। म चुप चाप झोक्राएर बसे। श्रीमतीले चिया दिँदै भनिन् - होइन के चाल हो आज तपाईंको ?

मैले कुनै पनि प्रतिकृया जनाइनँ। उनले फेरि भनिन् - नुवाइ/धुवाइ केही गरेको छैन, कपडामा क्रिज पनि गरेको देखिँदैन। अहिलेसम्म दाह्री पनि काटेको छैन, आठ बजिसक्यो जन्त जानुपर्ने मान्छे किन कुनै तयारी नगरेको ? के भयो ? जन्त नजाने हो की कसो ? उनले मलाई आदेशको भाषामा प्रश्न गरिन्।

श्रीमतीले टाउको भरी मेहन्दी दलेको देखेर मैले पनि भने - तिम्रो चाहीं तयारी पूरा भयो त ? अहिलेसम्म मेहन्दी त पखालेकी छैनौ, ढिलो जाने विचार छ की के हो ? मैले उनको अनुहार नियाल्दै सोधें।

"ए हजुर ! आज मलाई जन्त जान जाँगरै छैन। हजुरको अनुहारमा पनि कुनै उत्साह देख्दिन। आज बिहानदेखि नै नरमाइलो लागिरहेछ। नगए पनि हुन्न र ? जानैपर्ने भए हजुर मात्र गए हुन्छ, म जान्न"- उनले अध्यारो अनुहार पार्दै भनिन्।

किन र ? के भयो ? पुनः पत्रिका पल्टाउँदै मैले सोधे।

मुहार अध्यारो पार्दै र दिक्किदै उनले भनिन्- "खोई किन किन ? विक्रम बाबुको दोस्रो विवाह भएर हो की ? किन हो ? १५ वर्ष अगाडि उनको विवाहमा जन्ती गएको, दुलही लिएर रमाइलो गर्दै फर्किएको सम्झेर मलाई यो विवाहमा जन्ती जान जाँगर नै चलेन।"

त्यसो नभनँ। जाँगर त मलाई पनि कहाँ छ र ? फेरी वीक्रम रिसाउँछ। अफिस नै नगई चाँडै आउ भनेर दुईपटक फोन गरिसक्यो। बरू चाँडो खाँना तयार गर - भन्दै म दाह्री काट्न बाथरूम पसेँ।

मेरो पीडा र श्रीमतीको व्यथा उस्तै भएर होला बाथरूमभित्र पसेपछि मन कताकता रुमलिन थाल्यो। १५ वर्ष अगाडि यही माघ महिनामा उसको विवाह भएको थियो। बार मिल्यो गते मिलने। उतिखेर विक्रमको विवाहमा हामीं जोइपोइलाई फूर्सदै थिएन। त्यतिखेरको हतारो र चटारो सम्झिँदा सम्झिँदै मेरो आँखा रसाए। म कस्तो भुलक्कड भए छु। दाह्री नकाटी नुहाएर मात्र निस्किए छु।

नौ बज्दै थियो। म हतारिँदै भान्छामा गएँ र श्रीमतीलाई सोधे - खाना पाकेन?

मेरो अस्तव्यस्त स्वभाव र हतारो देखेर उनी मलाई आँखा तर्न थालिन्। मैले उनलाई ढाँट्दै भने - हेर अफिसमा आज मेरो अलि जरुरी काम छ। एघार बजेसम्म म गुजेश्वरी पुग्छु। तिमी त्यही गइराख।

मेरो मलिन अनुहार हेर्दै र थालमा भात पस्किदै उनले भनिन्- "कस्तो ल्याङफ्याङे स्वभाव ? दाह्री पनि नकाटी जन्त जान लाग्नु भयो ?" उनले आँखा तर्दै व्यक्त गरेको आक्रोशप्रति मैले कुनै ध्यान दिइन। चुपचाप खाना खाएर जुरूक्क उठें। मेरो मौनता देखेर उनी गनगन् गर्दै थिइन्। उनको कुरा मैले सुनेको नसुन्यै गरें। अघिपछि अफिस जाँदा लगाउने कपडा नै लगाएर निस्कें। श्रीमती भुतभुताउँदै थिइन्। म हतार हतार हिडें।

कार्यालय पुग्दा दश बजेर दश मिनेट गएको थियो। धेरैजसो सहकर्मीहरू आइसकेका थिए र आउने क्रम पनि जारी थियो। सरासर प्रशासन शाखामा पुगेर मैले हाजिर गरें। करिव पाँच/सात मिनेट साथीहरूसँग सामान्य कुरा गरे। र हाकिमको अनुमति लिएर म कार्यालयबाट निस्किएँ। मेरो चिट्चिटाहट अनुहार र हड्बड देखेर केही साथीभाइ मलाई नियालेर हेर्दै थिए। उनीहरूको दृष्टिलाई कुनै वास्तै नगरी मेन सडकमा पुगेर म बस स्टपमा उभिएँ। काठमाडौँको अस्तव्यस्त ट्राफिक जाम र विवाहको अन्तिम लगनले गर्दा बढाएको भीडभाडले म बानेश्वरदेखि नै पैदल हिँड्नमा परे।

लखर लखर एक्लै हिँड्नुपर्दा मेरो मन फेरि बग्न थाल्यो। उतिखेर हामी दुवैले अधिकृतमा पास गरेपछि हामीलाई विवाह गर्न चौतर्फी दवाव पऱ्यो। हाम्रा नाता र आफन्तहरूले मलाई उम्कनै नसक्ने गरी अठ्याए। र टाढाको नाता भित्रको नातामा मेरो विवाह भयो।

विक्रमले घर नबनाइ विवाह गर्दिन भनेर अड्डी लियो। हुन पनि उसको पुरानो र कच्ची घर भएकोले कोठाको अभाव थियो। उनीहरू त्यस घरमा मात्रै गुजार गर्दै आइरहेका थिए। जागिर खाएको तीनवर्ष पछि संचय कोषको सापटीले उसले घरको जग हाल्यो। हामी साथी भाइको सहयोगमा घरको ढलान गऱ्यो। कार्यालयका विविध सापटी लिएर पाँच कोठा पलास्टर गऱ्यो र नयाँ घरमा सऱ्यो।

स्कूल पढ्दा देखिनै विक्रमलाई हृदयको ढोका खोलिदिएकी र उसले पनि मन पराएको शिला गुरुङ नाम गरेकी उसकी केटी थिई। विक्रमको मेहिनेती र भद्र स्वभाव देखेर उसँग विवाह गर्न मरिहत्ते गर्थी। पढाइमा उति ध्यान नदिने र उरन्ठेउलो प्रेमको चक्करले पनि हुनुपर्छ उसले एसएलसी पनि पास गर्न सकिन। तीन चारपटक जाँच दिई तर पास गर्नै सकिन। उसका गाजलु आँखा र लामो केशको विक्रम असाध्यै प्रशंसा गर्दथ्यो। उनीहरू आपसमा भेट हुँदा दुवै मस्की मस्की हाँसखेल गर्थें। विक्रमले घर बनाई सकेपछि उनीहरूको भेटघाटको क्रम अझै बाक्लिएको थियो। एककान दुईकान हुँदै अन्ततः विक्रमकी आमाले यो कुरा थाहा पाएपछि घरमा ठूलो रडाँको नै मच्चियो।

कडा मिजास र धार्मिक स्वभावकी विक्रमकी आमाले एक दिन मेरै अगाडि कठोर भाषामा भनिन्-"हेर विक्रम ! क्षेत्रीको छोरो भएर त्यो गुरुङ केटीलाई घरमा भित्र्याइस भने म यही घरमा झुण्डिएर आत्महत्या गर्छु।"


विक्रमकी आमाले त्यसदिन व्यक्त गरेको कठोर धम्की सुनेर हामी दुवै लल्याएक लुलुक गलेका थियौं। यसको पछिल्लो वर्ष उसको अरू नै केटीसँग मागी विवाह भयो। विवाह भएको दुई महिना नबित्दै उनीहरूको बीचमा खट्पट् सुरु भयो। मैले मध्यस्तता गर्न खोज्दा सरिता भाउजुले विक्रमले अगाडि भनिन्- "मलाई माया गर्न नसक्नेले किन विवाह गरेको ? स्कूल पढ्दादेखि मन पराएकी केटीलाई धोका दिएर मलाई किन ल्याएको ? सपना विपनामा पनि उसैलाई खोज्ने भए पछि म यो घरमा किन बस्नु ?"

त्यस दिन विक्रमले सरिता भाउजुको कुनै पनि प्रश्नको उत्तर दिन सकेन। दुवैलाई सम्झाइ बुझाइ म घर फर्किएँ। *क्रमशः......*

## पुस्तक समीक्षा

अक्षर काकाद्वारा लिखित देउती उपन्यासले एक शताब्दी अघिको नेपाली समाजको कथा बोलेको छ। पत्रकारिता पेशा भएका अक्षर काकाले तत्कालीन नेपाली समाजमा महिलाको अवस्थाको कलात्मक ढङ्गले चित्रण गरेका छन्। सिन्धुपाल्चोकको दुर्गम ठाउँको एक शताब्दी अघिको समाज। समाजमा व्याप्त बालविवाहको भयानक रोग। रोगले निम्त्याउने अनेकौं समस्या र पीडा। धर्मका नाममा नारीमाथि हुने अन्याय। संस्कारका नाममा थोपरिने दुःखको भारी। महिला र पुरुषबीच रहेको पुर्नै नसकिने असमानताको खाडल। मृत्युपछिको संस्कारको नामले ल्याएको पारिवारिक बिछोड। लोग्ने-स्वास्नीबीच भर्खरै अंकुराउँदै गरेको मायाका मुना निमोठेर फाल्दाको पीडा। कसले कल्पना गर्न सक्छ ? सुन्न त निकै कठिन हुने कुरा भोग्दा झन् कस्तो होला ! यी र यस्तै कथा उपन्यासले बोलेको छ।

उपन्यासमा देउतीलाई प्रमुख पात्रको रूपमा चित्रण गरेका छन्। देउतीको विवाह बाल्यकालमै हुन्छ। जन्मघरबाट कर्मघर गएपछि उनको जीवनमा आइपरेका दुःखका पहाडलाई उपन्यासमा मिहिन ढङ्ले उठाइएको छ।




देउतीको सानै उमेरमा हुने विवाह, उनले परिवार, समाजबाट भोग्नुपरेका दुःख, असहयोग, लाञ्छना, बनारस गएको पति २० वर्षसम्म पनि नफर्कंदा कुशको शव बनाई अन्त्येष्टी गर्नु परेको पीडाको हृदयविदारक वर्णन उपन्यासमा गरिएको छ। पतिको मृत्युपश्चात् अभिभावकको रूपमा सुरक्षा र संरक्षकत्व प्रदान गर्नुपर्ने जेठानी र जेठाजुले घरमासमेत बस्न नदिई गोठमा बस्न बाध्य बनाएको, घरखेतसमेत हडपेको प्रसङ्गलाई मार्मिक ढङ्गले पस्कन लेखक सफल छन्।

देउतीको गोठको आँगनमा गुहू फ्याँकिएको, काला, राता र पहेँला अक्षताले पूजा गरी कुखुरालाई बलि दिई टाउको चढाएको, आफू माइत गएको बेला गोठमा आगो लगाई गोठको साथसाथै वस्तुभाउ पनि जलाएर नष्ट पारिएको कथा पढ्दा तत्कालीन समाजमा महिलामाथि हुने विभेद बुझ्न काफी छ। अबला महिलालाई सहयोग गर्ने मानिसलाई समाजमा कसरी लाञ्छित गरिन्थ्यो भन्ने उदाहरण साइँला काकामाथि समाजले गरेको व्यवहारबाट थाहा हुन्छ।

पत्रकार तथा लेखक अक्षर काकाको उपन्यास 'देउती' उपन्यास पठनीय छ। आख्यान तथा गैरआख्यान दुवै विधामा कलम चलाउने काकाको 'देउती' पहिलो उपन्यास हो। सामाजिक यथार्थवादी धारामा लेखिएको उपन्यासमा विशेष गरेर सिन्धु-इन्द्रावतीको कथा समेटिएको छ। सामाजिक परिवेश, एकल महिलाको सामाजिक जीवन र मनोदशा चित्रण गरिएको उपन्यास आजको सन्दर्भमा पनि उत्तिकै जीवन्त रहेको पुस्तक उपन्यास अध्ययन गर्दा थाहा हुन्छ। २ सय ४३ पृष्ठ रहेको उपन्यास 'देउती'लाई साङ्ग्रीला बुक्सले बजारमा ल्याएको हो।

*प्रस्तुति- गीता माली*


# २३ औं प्रकाश मानव अधिकार पुरस्कार डा. गौरीशंकरलाल दासलाई



सिराहा जिल्लाको इनर्वामा विक्रम सम्वत् १९८२ साल असोज १६ गते जन्मनु भएका गौरीशंकर लाल दास एक कुशल चिकित्सक, ज्येष्ठ नागरिक अधिकार अभियन्ता, मानव अधिकारकर्मी र कुशल प्रशासकककारूपमा सुपरिचित हुनुहुन्छ। मानव अधिकारको जगेर्ना होस् वा कम महत्वमा परेका ज्येष्ठ नागरिकका अधिकारका सवाल हुन् यस्ता विषयमा उहाँको सकृयताले सकारात्मक परिवर्तनहरू भएका छन् । २०६८ सालको जनगणनाअनुसार नेपालमा ज्येष्ठ नागरिकको जनसङ्ख्या २१ लाखको हाराहारीमा रहेको छ र तिनै नागरिकको अधिकारका लागि सक्रिय ९३ वर्षीय डा. दासलाई अथक मानव अधिकार योद्धा स्व. प्रकाश काफ्लेको २५ औं स्मृति दिवसका अवसरमा २३ औं प्रकाश मानव अधिकार पुरस्कार प्रदान गरिने छ।

# स्थानीय निकायले पाएको वित्तीय अधिकार पनि स्थानीय तहलाई नदिने प्रपञ्च रचिदैछ

**स्थानीय तहको निर्वाचन दुई चरणमा गरी प्रदेश नम्बर १,३,४,५,६ र ७ मा सम्पन्न भइसकेको छ। दुई चरणमा गरी ६ सय १६ ओटा स्थानीय तहमा निर्वाचन सम्पन्न भइसकेको छ। प्रदेश नम्बर ३ मा पर्ने चितवनको भरतपुरमा भने मतपत्र च्यातिएको घटनापछि अदालतमा मुद्दा पुगेको छ। प्रदेश नम्बर २ का १ सय २७ ओटा स्थानीय तहमा असोज २ गते निर्वाचन गर्ने सरकारले निर्णय गरेको छ। स्थानीय तहमा सिंहदरबारका अधिकार पुऱ्याइएको चर्चा परिचर्चा गरे पनि काममा बाधा व्यवधान रहेको नवनिर्वाचित जनप्रतिनिधिको गुनासो छ। प्रस्तुत छ यसै सन्दर्भमा प्राचीका लागि रमेशप्रसाद तिमल्सिनाले वित्तिय सङ्घीयता विज्ञ डा. खिमलाल देवकोटासँग गर्नुभएको कुराकानीको सम्पादित अंश।**



**काम र जिम्मेवारी तल, अधिकारमाथि राख्न खोजिँदैछ तल्लो तहका नागरिकले अब चाहिँ साँच्चै लाकतन्त्रको अनुभूति गर्न पाउलान् ?**

अहिले आएर बल्ल स्थानीय तहको निर्वाचन भयो (एउटा प्रदेशमा अझै बाँकी छ)। हामी स्थानीय निकाय/तहको निर्वाचन गर्नुपर्छ भनेर निरन्तर बोलिरहेको/लेखिरहेको मानिस लोकतन्त्र तल्लो तहमा पनि स्थापित हुन लागेको अनुभूति गरिरहेका छौँ। जनताद्वारा शासन भएकोलाई लोकतन्त्र भन्ने न हो। यसको सिद्धान्तले पनि त्यही भन्छ भने अब व्यवहारमा नै लागु हुन लागेपछि लोकतन्त्र गाउँगाउँ, टोलटोलसम्म पुग्न लागेको छ। यति लामो अवधि जनप्रतिनिधिविहीन बनाउनै नहुने। हामी त साविककै स्थानीय निकायको भए पनि निर्वाचन गर्नुपर्छ भनेर कराइरहेका थियौँ। रिक्तताले जाम भएको छ। त्यो जाम भनेको लोकतन्त्रको मात्रै जाम थिएन भ्रष्टाचार बढाउने जाम पनि थियो। नवनिर्वाचित जनप्रतिनिधिमा धेरै ठूलो उर्जा, उमङ्ग र उत्साह छ। नागरिकले पनि एकदमै भरोसा गरेका छन्। संविधानले सिंहदरबारको अधिकार नागरिकको घरदैलोमा पुऱ्याएको छ। त्यो अधिकार कागजीरूपमा पुगेको छ। व्यवहारमा पुऱ्याउन त तिनै जनप्रतिनिधिले काम गर्नुपर्छ। सीमित साधन स्रोतका बावजुद आफूहरूले गरेका वाचा पूरा गर्दै संवैधानिक अधिकारलाई स्थापित गर्न स्थानीय तहको नेतृत्व पङ्क्तिलाई ठूलो चुनौती पनि छ। तर पनि उत्साह, उमङ्ग र उर्जा जनस्तरमा मात्रै हैन कि यो क्षेत्रमा काम गर्ने अभियन्ता, विषय विज्ञलगायत सबैमा आएको छ। त्यस अर्थ अब लोकतन्त्रको अभ्यास तल्लै तहमा हुन लागेको छ।

**स्वायत्त संस्थाका रुपमा संविधानमा नै उल्लेख गरिएका स्थानीय तहलाई एउटा मन्त्रालयले आदेश दिएर अधिकारमा सङ्कुचन गर्न मिल्छ ?**

पहिलो चरणमा निर्वाचन सम्पन्न भएपछि जनप्रतिनिधिहरूसँग मैले सामूहिक रूपमा पनि व्यक्तिगत भेटघाटमा पनि अन्तरक्रिया गरेँ। तपाइँले जुन प्रश्न गर्नुभयो उहाँहरूको गुनासो त्यही छ। उहाँहरूले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले हामीलाई निरन्तर निर्देशन दिइरहेको छ भन्नुभएको छ। गुनासो सर्वत्र छ। अब त्यसका पनि दुई ओटा पाटा छन् भनेर हेर्नुपर्ने हुन्छ। स्थानीय तहको नीति,कानुनलगायतका आवश्यक 'डकुमेण्ट' बनाइएको छैन। पहिला नै प्रदेश सरकार वा केन्द्रीय सरकारको निर्वाचन भएको भए यो समस्या नआउन पनि सक्थ्यो। हुन त हामी सुल्टोबाटो बाटै निर्वाचन गरिरहेका छौँ। त्यसै भएर सहजिकरणका लागि पनि उहाँहरूले त्यस्ता डकुमेण्ट बनाएर पठाउनु भएको पनि हुन सक्छ। तर, अलि हतार गर्नु हुँदैनथ्यो। संविधानले त सङ्घलाई, प्रदेशलाई र स्थानीय तहलाई बराबरको अधिकार दिएको छ नि ! संविधानको धारा ५६ ले 'यो संविधान र कानुन बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्नेछ' भनेको छ। यसको अर्थ हिजो नेपाल सरकारले मात्रै प्रयोग गरेको राज्य शक्ति हो। जुन संविधानको अनुसूचीमा पनि उल्लेख छ। राज्यशक्ति भन्नाले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय अधिकार हो। अब ती अधिकारहरू तीन ठाउँमा बाँडिएको

छ। तीन ओटा तहको सम्बन्ध भनेको पनि संविधानमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तअनुसार हुने भनिएको छ। सहअस्तित्व भनेको बराबरको भन्ने अर्थमा मात्रै प्रयोग गरिन्छ। त्यसकारण नेपाल सरकारले के बुझ्नुपर्‍यो भने स्थानीय तहलाई पनि हामीसँग जेजति अधिकार छ त्यति नै अधिकार छ। अहिलेको सरकार (सङ्घीय सरकार सरह ) ले त्यो कुरा बुझ्न नसकेको हो कि जस्तो भान भइरहेको छ। स्थानीय प्रतिनिधिको भावनामा नै चोट पुग्ने डकुमेण्ट गएको मैले पनि हेरेको छु। भेटेको छु। कतिपय त संविधानसँग बाझिने खालका पनि छन्।

**उसो भए स्थानीय तहले के आधारमा काम गर्ने त ?**

हाम्रो संविधानले २०७४ माघ ७ गतेसम्म तीनै तहको निर्वाचन गरिसक्नुपर्ने कुरा बोलेको छ। अब स्थानीय तहको निर्वाचन २ नम्बर प्रदेश बाहेक सबै ठाउँमा सकिएको छ। अब प्रदेश र सङ्घको निर्वाचन गर्न बाँकी छ। भोलि सङ्घको निर्वाचन भइसकेपछि संसद बसेको एक वर्षभित्रमा जेजति ऐन, कानुन छन् जस्तो सञ्चारसँग सम्बन्धित भएका, कृषि, पशुसँग सम्बन्धित भएका चाहे खानेपानी, चाहे सडक, चाहे स्थानीय तहसम्बन्धी जे जति कानुन छन् तिनलाई नयाँ बनाउने हो। त्यसले गर्दा साविककै स्थानीय शासन सञ्चालन ऐनअनुसार नै स्थानीय तहको कामकाज अघि बढाउन सकिन्छ। यसको अर्थ यो होइन कि संविधानले प्रदत्त गरेका हक अधिकार प्रयोग गर्नलाई कानुन चाहिन्छ। कतिपय कानुन उहाँहरू आफैं बनाउन पनि सक्नुहुन्छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारसँग सम्बन्धित विषय उल्लेख छ। त्यसमा २२ ओटा अधिकार छन्। अनुसूची ९ मा १५ ओटा अधिकार सहितको साझा अधिकारसँग सम्बन्धित छ। साझा अधिकारसँग सम्बन्धित कानुन स्थानीयले बनाउँदा प्रदेश तथा सङ्घसँग नबाझिने गरी बनाउनुपर्छ। स्थानीयको एकल अधिकारको कानुन उहाँहरू आफैं बनाउन सक्नुहुन्छ। कानुन बनाउने प्रक्रिया संविधानको धारा २७६ मा उल्लेख गरिएकै छ। त्यसैले कानुन बनाउने माहोल बनाइदिने हो। यसो गर, उसो गर भनेर भन्ने होइन। त्यस्ता परिपत्र संविधान विपरीत त छँदैछ। स्थानीय सरकारको आधारभूत सिद्धान्त विपरीत पनि छ।

**मन्त्रालयका अधिकारीहरूले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक अधिकारसहितको स्थानीय सरकार स्वायत्त हो भनेर पनि बुझ्न नसकेका हुन् त ?**

मैले त स्वायत्तताको मात्रै कुरा गरेको होइन। यो त सरकार नै हो। स्थानीय सरकार। अहिले एउटा सरकार भएजस्तो तल स्थानीय तहमा ७ सय ४४ ओटा सरकार हुने हो। संसद् जस्तै गाउँसभा र नगरसभा बस्छ। यो व्यवस्थापकीय अधिकार अन्तर्गतको काम हो। नेपाल सरकार (क्याविनेट) जस्तै गाउँ कार्यपालिका र नगर कार्यपालिकाको व्यवस्था गरिएको छ। त्यो भनेको दैनन्दिन कामकाज गर्ने स्थानीय तहको मन्त्रिपरिषद् नै हो। नगरपालिकाको उपमेयर तथा गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समिति हुन्छ। त्यो न्यायपालिका जस्तै हो। वास्तवमा भन्ने हो भने तल धेरै ठूलो अधिकार छ। अझै पनि हामीले संविधान बुझेनौ वा बुझ पचायौं भने तल्लो तहका नागरिकले कहिले लोकतन्त्रको अनुभूति गर्ने ?

**स्थानीय तहको वित्तीय अधिकारका बारेमा थप बताइदिनुस् न ?**

वित्तीय अधिकारमा पनि अङ्कुश लगाउने काम भइरहेको छ। संविधानकै कुरा गर्दा खासगरी स्थानीय तहलाई, प्रदेशलाई वित्तीय अधिकार दिएको छैन। अन्य कामको कुरा गर्नु हुन्छ भने लगभग ५३ प्रतिशत जति अधिकार प्रदेश र स्थानीय सरकारलाई छ। स्वास्थ्य र शिक्षाका काममा ५५ प्रतिशत जति काम स्थानीय तहले गर्नुपर्नेछ। शिक्षाको अधिकारमा १० जोड २ सम्म स्थानीय तहले हेर्ने कुरा छ। यी जिम्मेवारी पूरा गर्न स्रोत साधन त चाहियो नि ! स्रोत साधन भन्नाले कर, सेवा शुल्क, दण्ड, विक्री, जरिबानालगायत हो। यो राजश्वको अधिकार स्थानीय तहलाई एकदमै थोरै दिएको छ। हिजोको स्थानीय स्वायत्त शासन ऐनभन्दा पनि कम अधिकारहरू दिइएको छ। त्यो राजश्व कम भइसकेपछि नेपाल सरकारले अथवा सङ्घले कानुन बनाइदिएर त्यसलाई अन्तरसरकारी वित्तिय हस्तान्तरण, राजश्व बाँडफाँड, अनुदान वा जे भन्नुस् त्यसैबाट गर्ने हो। अहिले स्थानीय तहको शासन सञ्चालनसम्बन्धी विधेयक, राष्ट्रिय प्राकृतिक स्रोत र वित्त आयोगसम्बन्धी विधेयक, अन्तरसरकारी वित्त व्यवस्थापनसम्बन्धी विधेयकहरू संसद्मा विचाराधीन छन्। यी विधेयकहरू स्थानीय तहलाई वित्तीय अधिकार दिने मामलामा सङ्कीर्ण मानसिकताबाट ल्याइएको छ। यी तीन ओटै विधेयक स्थानीय तहको वित्तीय अधिकारलाई सङ्कुचित बनाउने खालका छन्। यी विधेयक साविकमा स्थानीय निकायले पाएको वित्तीय अधिकार पनि खोस्ने गरी दर्ता गरिएको छ। उदाहरणकै लागि साविकको स्थानीय निकायले ५० प्रतिशतसम्म प्राकृतिक स्रोत साधनको 'रोयल्टी' पाउँथ्यो। विद्युतको ५० प्रतिशत, पर्वतारोहणको ३० प्रतिशत, खनिजको ५० प्रतिशत, वनको १० प्रतिशतसम्म रोयल्टी स्थानीय निकायले पाउँथे। अहिले संसद्मा दर्ता भएको अन्तरसरकारी वित्त व्यवस्थापनसम्बन्धी विधेयकमा विद्युतमा जम्मा पाँच प्रतिशतसम्म मात्रै रोयल्टी पाउने उल्लेख गरिएको छ। यो भन्दा ठूलो दुर्भाग्य अरु के हुन सक्छ ? यो हेर्दा अझै पनि हामी एकात्मक सोचमा छौं जस्तो देखिन्छ। तल वित्तीय अधिकार नदिने काम र जिम्मेवारी तल पुर्‍याउने। यो हेर्दा केन्द्रीकृत मानसिकता अझै हावी छ।

**उसो भए स्थानीय तहलाई बलियो बनाउन फेरि पनि सङ्गठित आवाजको खाँचो रहेछ ?**

त्यति मात्रै होइन। अहिले त स्थानीय तहमा योजना र बजेट तर्जुमाको काम भइरहेको छ। हामीले राम्रोसँग 'टेमप्लेट' पनि दिन सकिरहेका छैनौं। उहाँहरूको बैठक, सभा सञ्चालन गर्नेसम्बन्धमा पनि हामीले 'गाइडलाइन' दिन सक्या छैनौं। क्याबिनेट जसैगरी कार्यपालिका कसरी सञ्चालन हुन्छ ? सिकाउनु पर्‍यो नि ! पेश्की विधेयक पनि ल्याउनु पर्‍यो। बजेट पेश गर्नेवित्तिकै तुरुन्त स्वीकृत त हुँदैन। दैनिक काम पनि गर्नुपर्‍यो। यी कुराहरूमा हामी गम्भीर हुन आवश्यक छ। त्यसका लागि सबैले आआफ्नो ठाउँबाट आवाज उठाउनुपर्‍यो। अन्तत्वगत्वा सङ्गठित आवाजले मात्रै सकारात्मक परिवर्तन गराउन सकिन्छ।

# इन्सेकका केही प्रकाशनहरू



# www.inseconline.org

## नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




### नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal